जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २७ | •अंक ३४५ | • २०८३ साल बैशाख ३१ गते विहीबार (14 May, Thursday, 2026) | •पृष्ठ ८ | •मूल्य रु. ५|-

## निजीभन्दा सामुदायिक विद्यालयको नतिजा सकारात्मक

**टुडे समाचारदाता**

जनकपुरधाम। एसईई नतिजा २०८२ मा धनुषाका २५ जना विद्यार्थीले फोर जिपिए ल्याएको शिक्षा विकास तथा समन्वय इकाइ धनुषाले जनाएको छ।

शिक्षा विकास तथा समन्वय इकाइ धनुषाले एसईई नतिजामा फोर जिपिए ल्याउने विद्यालय र विद्यार्थीको नामसमेत सार्वजनिक गरेको छ। धनुषाको १२ वटा सामुदायिक विद्यालय र सात वटा संस्थागत विद्यालयका विद्यार्थीले फोर जिपिए ल्याएका छन्।

शिक्षा क्षेत्रमा सामुदायिक विद्यायलको स्तर खस्किरहेको बेलामा १२ वटा सामुदायिक विद्यालयका १३ जना विद्यार्थीले सर्वोत्कृष्ट नतिजा ल्याउन सफल भएको छ।

सामुदायिक विद्यालयको शैक्षिक अवस्था दयनीय रहेको विभिन्न खाले टिकाटिप्पणी भइरहेको बेलामा सार्वजनिक भएको नतिजाबाट महँगो र गुणस्तरीय शैक्षिक संस्थाको नाममा विभिन्न शीर्षकमा शुल्क असुल्दै आएको संस्थागत विद्यालयमाथि गम्भीर प्रश्न खडा भएको टिकाटिप्पणी हुन थालेको छ। धनुषाको गोगल प्रसाद मावि बसहियाका हिमानी यादव, संकटमोचन मावि जनकपुरधामका आशाकुमारी साह, प्रथम कौशिक, राजेश्वरी निधि उमावि नगराईनका भास्कर झा, फ.च.गामी मावि बर्कुवाका श्रेया मिश्र, सरस्वती मावि ठिल्ला सबैलाका आयुष राय, तप्सी बाबा मावि टिल्हीका आयुश

> **धनुषाको १२ वटा सामुदायिक विद्यालय र सात वटा संस्थागत विद्यालयका विद्यार्थीले फोर जिपिए ल्याएका छन् ।**

शंकर यादव, जनता सेकेन्ड्री स्कुल हरिहरपुरका सान्भी सिंह, रामजानकी मावि झिटकोहियाका प्रीन्स कुमार साह, राष्ट्रिय मावि लक्ष्मीपुरका ऋषिका यादव, जनशक्ति मावि बटेश्वरका ध्रुबराज सिंह र यज्ञब्ल्क्य संस्कृति मावि ज्ञानकुप जनकपुरधामका आयान कोइरालाले फोर जिपिए ल्याएका छन्।

विगतमा मधेश प्रदेशमै मोनास्टिक विद्यालयका सबैभन्दा बढी विद्यार्थीले फोर जिपिए ल्याइ सर्वोत्कृष्ट संस्थागत विद्यालय बनेको थियो। तर यसपटक भने सो विद्यालयका दुई जना विद्यार्थीले मात्रै फोर जिपिए ल्याएका छन्।

यसपटक धनुषाका सबैभन्दा बढी विद्यार्थी मिट इंग्लिश बोर्डिंग स्कुलका चारजना विद्यार्थीले फोर जिपिए ल्याएका छन्। मिटका अंकित साह, सबन शर्मा, संजना कुमारी भण्डारी र सृष्टि मण्डलले फोर जिपिए ल्याएका छन्।

स्तै मोनास्टिक ईंग्लिश बोर्डिंग स्कुल जनकपुरधामका अकाशी महासेठ, प्रतीक झा, दर्शनिया रामेश्वर सिंह एकेडमी महेन्द्रनगरका अलिशा राय, कृषा यादव, जनक इंग्लिश बोर्डिंग स्कुलका सुशान्त कुमार झा, न्यू होरिजन सेकेन्ड्री स्कुल बेंगाडाबरका समिप दाहाल, बिनायक इंग्लिश बोर्डिंग स्कुल ढल्केवरका आरुश नेपाल र एंजेल्स इंग्लिश बोर्डिंग स्कुल जनकपुरका सुमित पाण्डेयले फोर जिपिए ल्याएको शिक्षा विकास तथा समन्वय इकाइ धनुषाले जनाएको छ।

### जसपा-लोसपा नेपाल एकता

## जसपा नेपालले पायो निर्वाचन आयोगमा मान्यता

**टुडे समाचारदाता**

जनकपुरधाम । एकता-फूटको श्रृंखला बोकेको मधेश केन्द्रित दल मध्येका मुख्य दुई दल बीचको एकताले लामो समयको अन्तरालपछि मूर्तरुप लिएको छ।

कुनै बेला राजनीतिक शत्रुका रुपमा चिनिने जनता समाजवादी पार्टी नेपालका उपेन्द्र यादव र लोकतान्त्रिक समाजवादी पार्टी नेपालका महन्थ ठाकुरबीच पुनः एकीकरण भएको छ।

पार्टी एकता र पार्टी फूटको लामो अनुभवसंगै बाध्यात्मक अवस्थामा आएर पुनः गरिएको एकताको बीचमा पनि प्रतिनिधिसभा निर्वाचनका सकारात्मक परिणाम नआएपछि यसपटक निर्वाचन अघि गरिएको जसपा नेपाल र लोसपा नेपाल बीचको एकताले निर्वाचन भएको बैशाख अन्तिम महिनामा मूर्तरुप पाएको छ।

काठमाण्डुस्थित निर्वाचन आयोगले बुधबार जसपा नेपाल र लोसपा नेपालबीच भएको पार्टी एकतालाई निर्वाचन आयोगले औपचारिक रुपमा मान्यता दिएको छ।



उपेन्द्र यादव नेतृत्वको जसपा नेपाल र महन्थ ठाकुर नेतृत्वको लोसपा नेपालले गत पुस २७ गते औपचारिक रूपमा एकता घोषणा गरेका थिए। त्यसपछि फागुन २१ गते सम्पन्न प्रतिनिधिसभा सदस्यको निर्वाचनमा पनि दुबै पार्टी संयुक्त रूपमा सहभागी भएका थिए।

एकता सम्बन्धी कागजात निर्वाचन आयोगमा बुझाउँदा केही नेताको नाम दुबै पार्टीमा देखिएको भन्दै आयोगले स्पष्टीकरण र थप कागजात माग गरेको थियो। आवश्यक सम्पूर्ण प्रक्रिया पूरा गरी कागजात बुझाएपछि निर्वाचन आयोगबाट आधिकारिक मान्यताको पत्र प्राप्त भएको जसपा नेपालका नेता शैलेन्द्र साहले जानकारी दिए ।यसअघि भएको एकता प्रक्रियामा जनता प्रगतिशील पार्टी र तराई मधेश लोकतान्त्रिक पार्टी पनि सहभागी भएका थिए। तर निर्वाचन आयोगले दिएको अन्तिम मान्यतामा ती दुई दल समावेश भएनन्।

पार्टीका नेता सुरेन्द्र कुमार झाले जनाए अनुसार तराई मधेश लोकतान्त्रिक पार्टी(तमलोपा) का अध्यक्ष वृषेशचन्द्र लालले यसअघि नै पार्टी एकताबाट अलग भएको घोषणा गरिसकेका थिए।

त्यस्तै हृदयेश त्रिपाठी नेतृत्वको जनता प्रगतिशील पार्टी निर्वाचन आयोगमा अझैसम्म पनि कायम रहेकाले तत्काल एकता प्रक्रियामा समावेश गर्न नसकिएको जसपा नेपालका एक नेताले जनाएको छ।

एउटै व्यक्ति दुईवटा दलमा रहन नसक्ने कानुनी व्यवस्थाका कारण जनता प्रगतिशील पार्टीलाई हालको एकतामा समावेश नगराइएको नेता झाले बताए। नेता त्रिपाठीले आफ्नो पुरानो पार्टी खारेज गरेपछि उनलाई जसपा नेपालमा समावेश गराइने तयारी भइरहेको बताए।

नेता साहले दिएको जानकारी अनुसार निर्वाचन आयोगले जसपा नेपाल र लोसपा नेपालबीच एकता भएको जानकारी संघीय संसद् सचिवालय तथा प्रदेश सभा सचिवालयहरूलाई समेत पठाइसकेको छ। यससँगै प्रदेश तहमा पनि पार्टी एकीकरण प्रक्रियाले पूर्णता पाउने अपेक्षा गरिएको छ।

प्रतिनिधिसभा सदस्यको निर्वाचनको क्रममा जसपा नेपालमा लोसपासँगै एकता भइ आएका तमलोपाका नेतालाई बेवास्ता गरिएको भन्दै नेता वृषेशचन्द्र लालले आपत्ति जनाउँदै अलग रहने निर्णय गरेकम थिए।

निर्वाचनको क्रममा दुबै पार्टीबीचको एकता तल्लोस्तरमा नपुगेको कारणले गर्दा मधेश प्रदेशमै र समानुपातिकमा पनि शून्य हुनु परेको छ।

विगतमा उपेन्द्र यादव र महन्थ ठाकुर मिलेर ठूला दल बने लगत्तै अलग हुने गरेकाले यसपटकको निर्वाचन अघि नै दुबै दल एक भए पनि आममतदाताले विश्वास नगर्दा मधेश प्रदेशमा पनि शून्यताको अवस्थाबाट गुज्रिनु परेको छ।

एकता प्रक्रिया टुंगिएसंगै जसपा नेपालको कार्यान्वयन समिति ५४ सदस्यीय बनेको छ। सो समितिमा महन्थ ठाकुर संरक्षक र उपेन्द्र यादव अध्यक्ष रहेका छन् भने अन्य सदस्यहरू कार्यसमितिमा समावेश छन्।

### मधेश साक्षर घोषणा अन्योल

## गैससमाथि मन्त्री तिवारीको आरोप, ड्रपआउट लक्षित काम गर्न आग्रह



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा पूर्व तयारी अध्ययन श्रृंखला मन्त्रीद्वय समक्ष उच्चस्तरीय विज्ञ कार्यदलको प्रतिवेदन हस्तान्तरण गरिएको छ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा आयोजना गरिएको कार्यक्रममा उक्त प्रतिवेदन हस्तान्तरणसंगै अभियान कार्यान्वयन प्रारम्भ भएको घोषणा गरिएको छ।

मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्नु पूर्व तयार पारिएको प्रतिवेदन संघ सरकार र मधेश प्रदेश सरकारलाई बुझाइए पनि मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा हुने अग्रसरता अझैसम्म पनि देखिदैन।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले पाँच वर्ष भित्रमा मधेश प्रदेशलाई साक्षर घोषणा गरिने बताए।

शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री सस्मित पोखरेलले शिक्षामा सबै वर्ग र क्षेत्रको पहुँच अभिवृद्धि गर्न सरकार प्रतिबद्ध रहेको बताए । उनले पाँच वर्षे कार्यकालको दुई वर्षभित्रमा साक्षर घोषणा गर्न सकिने दाबी गरे । तर कसरी गर्ने भन्ने ठोस कार्ययोजना नहुँदा भनिए जस्तो सहज पनि छैन।

तथापि उनले स्पष्ट नीति अवलम्बन गरी शिक्षामा सबैका पहुँच पुऱ्याइने प्रतिबद्धता व्यक्त गरे।

उनले गुणस्तरीय एवं सर्वसुलभ शिक्षा उपलब्ध गराउने अठोटसहित अघि बढेको वर्तमान सरकारलाई सहयोग गर्न सम्बद्ध सबैसँग अनुरोध गरे।

नेपाल सरकारका प्रवक्तासमेत रहेका मन्त्री पोखरेलले मधेश प्रदेशमा अझै पनि विद्यालय बाहिर रहेका बालबालिका, निरक्षर वयस्क तथा आर्थिक अभावका कारण शिक्षा प्राप्त गर्न नसकेका समुदायलाई लक्षित गरी प्रदेश सरकारसमेतको सहयोगमा विशेष अभियान सञ्चालन गरिने बताए।

उनले भने, "साक्षरता अभियान सफल बनाउन सरकार मात्र होइन, समुदाय, शिक्षक, अभिभावक, स्थानीय तह र सामाजिक सङ्घसंस्थाकोसमेत साझा प्रयास हुन आवश्यक छ। सरोकारवालापक्षलाईसमेटेरएकीकृत कार्यक्रमका साथ सबैका लागि शिक्षामा पहुँच पुऱ्याउन वर्तमान सरकार प्रतिबद्ध छ।"

त्यस्तै शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले मधेश प्रदेश सरकारले निरक्षर नागरिकको तथ्यांक अद्यावधिक गर्दै लक्षित समुदायका लागि विशेष कार्यक्रम सञ्चालन गरिरहेको जानकारी दिइन्।

उनले विद्यालय शिक्षासँगै वयस्क शिक्षा, जीवनोपयोगी र व्यावहारिक शिक्षा, सीपमूलक तालिम तथा समुदायमा आधारित शिक्षण सिकाइ कार्यक्रमलाई पनि प्राथमिकता दिँदै आएको बताइन्।

उनले मधेश प्रदेशका केही विद्यालयहरुमा अझै पनि पढ् दापद्दै 'ड्रपआउट'को परम्परा यथावतै रहेकाले मधेशको प्रत्येक पालिकामा सक्रियतापूर्वक शिक्षा क्षेत्रमा काम गर्दै आएका गैरसरकारी संस्था/अन्तर्राष्ट्रिय गैरसकारी संस्थासंग अपील गरिन्। उनले शिक्षा क्षेत्रमा काम गर्ने नाममा सीमित पालिकाको केही वडामा आफ्नो स्वार्थका लागि गैसस/अन्तर्राष्ट्रिय गैससले काम गरेको आरोपसमेत लगाइन्।

मधेश प्रदेशकी शिक्षा तथा संस्कृति मन्त्री रानी कुमारी तिवारीले प्रदेश सरकारले 'साक्षर मधेश अभियान'लाई विशेष प्राथमिकताका साथ अघि बढाइएको बताइन्।

मधेश प्रदेशमा आर्थिक, सामाजिक तथा लैंगिक कारणले अझै शिक्षाको पहुँचबाट टाढा रहेका समुदायलाई लक्षित गरी विशेष कार्यक्रम सञ्चालन गरिने उनको भनाइ छ।

मुलुकको ७७ जिल्लामध्ये ६८ वटा जिल्ला साक्षर घोषणा भइसकेको जनाउँदै संयोजक रामस्वरुप सिन्हाले अहिलेसम्म पनि राष्ट्रलाई निरक्षर उन्मूलन गर्न नसक्नु कमजोरी रहेको बताए।

त्यस्तै मधेश प्रदेशका महिला, बालबालिका तथा सामाजिक न्यायिक समितिका सभापति रूपाकुमारी यादवले यातायातका दृष्टिले सुगम भए पनि शिक्षामा मधेश प्रदेश अझै पछि परेकाले तीनै तहको सरकारसहित शिक्षा क्षेत्रसँग सम्बद्ध सबै क्षेत्र र पक्षबीच समन्वय एवम् सहकार्य हुनुपर्नेमा जोड दिइन्।

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय मधेश प्रदेशका प्रमुख सचिव कमलप्रसाद भट्टराईले साक्षरता अभियानलाई प्रभावकारी बनाउन प्रशासनिक संयन्त्र पूर्ण रूपमा सक्रिय रहने प्रतिबद्धता व्यक्त गरे।

उनले उच्चस्तरीय विज्ञ कार्यदलले तयार पारेको प्रतिवेदन कार्यान्वयनमा आएपछि प्रदेशको शिक्षा क्षेत्रमा गुणात्मक सुधार आउने विश्वास व्यक्त गरे।

आयोजकका अनुसार विज्ञ कार्यदलको प्रतिवेदनमा समेटिएका सुझावहरू कार्यान्वयन गर्दै मधेश प्रदेशलाई चरणबद्ध रूपमा साक्षर प्रदेश घोषणा गर्ने लक्ष्य राखिएको जनाएको छ।

मधेश प्रदेशलाई साक्षर प्रदेश घोषणा गर्ने उद्देश्यसहित सञ्चालन गरिएको 'साक्षर मधेश प्रदेश घोषणा पूर्वतयारी अध्ययन श्रृंखला'अन्तर्गत शिक्षा तथा संस्कृति मन्त्रालयको आयोजनामा भएको कार्यक्रममा संघीय तथा प्रदेश सरकारका मन्त्री, सांसद, प्रशासनिक अधिकारी, शिक्षा क्षेत्रका विज्ञ, स्थानीय तहका प्रतिनिधि तथा विभिन्न सङ्घसंस्थाका प्रतिनिधिको सहभागिता थियो।



# जलस्रोतसम्बन्धी नयाँ छाता कानुन ल्याउने सरकारको तयारी




काठमाण्डु । जलस्रोतको व्यवस्थापनलाई सङ्घीय संरचना अनुरुप व्यवस्थित गर्न सरकारले जलस्रोतसम्बन्धी नयाँ छाता कानुन ल्याउने तयारी तीव्र बनाएको छ ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयले 'जलस्रोत विधेयक २०८३' को मस्यौदा परिमार्जन पूरा गर्दै त्यसलाई स्वीकृतिका लागि अघि बढाउने तयारी गरेको हो ।

हाल कार्यान्वयनमा रहेको जलस्रोत ऐन, २०४९ लाई प्रतिस्थापन गर्ने उद्देश्यसहित तयार गरिएको विधेयकले संविधानले व्यवस्था गरेको सङ्घ, प्रदेश र स्थानीय तहबीचको अधिकार बाँडफाँटलाई कानुनी आधार दिनेछ । नयाँ ऐन जारी भएपछि प्रदेश तथा स्थानीय तहहरूले आफ्नो अधिकार क्षेत्रअनुसार छुट्टै कानुन निर्माण गर्न सक्ने छन् ।

मन्त्रालयका अनुसार विधेयकको मुख्य उद्देश्य जलस्रोतको संरक्षण, बहुआयामिक उपयोग र समुचित विकास सुनिश्चित गर्नु हो । यससँगै जल उत्पन्न विपद् न्यूनीकरण, जलस्रोतको दिगो उपयोग तथा एकीकृत व्यवस्थापनलाई विधेयकले प्राथमिकतामा राखेको छ ।

विधेयकमार्फत जल तथा ऊर्जा आयोगको सचिवालयलाई थप अधिकार सम्पन्न बनाउने प्रस्ताव गरिएको छ । सचिवालयलाई जलस्रोतको नियमन, नीति समन्वय र दीर्घकालीन योजना निर्माण गर्ने प्रमुख निकायका रूपमा विकास गर्ने तयारी गरिएको मन्त्रालयले जनाएको छ । आयोगको विद्यमान कार्यक्षेत्रलाई विस्तार गर्दै थप जिम्मेवारी दिइएको छ ।

मन्त्रालयले ऐनसँगै आवश्यक नियमावली तर्जुमाको काम समानान्तर रूपमा अघि बढाएको छ, ताकि कानुन पारित भएसँगै कार्यान्वयनमा लैजान सहज होस् ।

सरकारले संसद्को चालु अधिवेशनबाटै विधेयक पारित गर्ने लक्ष्य राखेको छ । त्यसका लागि मस्यौदालाई जेठ पहिलो साताभित्र कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालय र मन्त्रिपरिषद्मा स्वीकृतिका लागि पेस गर्ने तयारी भइरहेको छ ।

सङ्घीय संरचनाअनुसार जलस्रोतव्यवस्थापनकोस्पष्टकानुनी आधारको अभाव हुँदा विभिन्न तहका सरकारबीच अधिकार क्षेत्र, आयोजना स्वीकृति तथा स्रोत उपयोगमा अन्योल देखिँदै आएको थियो । नयाँ विधेयकले त्यस्ता अस्पष्टता हटाउँदै जलस्रोतको विकासलाई संस्थागत र व्यवस्थित बनाउने अपेक्षा गरिएको छ । रासस

# नीलगाई र बँदेलको आतङ्कले महोत्तरीका किसान चिन्तित



महोत्तरी । यहाँका बस्तीबस्तीमा नीलगाई र बँदेलको सङ्ख्या बढेको छ । जिल्लाका मध्य र सुदूरदक्षिणी भेगका बस्तीबस्तीमा बँदेल र नीलगाई निकै बढेका हुन् ।

आहाराको खोजीमा पूर्वपश्चिम राजमार्गका दायाँबायाँ वन क्षेत्रबाट तीनचार वर्ष पहिले मध्य र दक्षिणी भेग झरेका बँदेल र नीलगाईले अब तलतिरकै बस्ती आसपासका झाडी र घारीमा बच्चा जन्माउने र हुर्काउन थालेपछि जिल्लाका मध्य र सुदूरदक्षिणी भेगका बस्तीसम्म यिनको सङ्ख्या निकै बढेको स्थानीय बासिन्दाको भनाइ छ । अहिले जिल्लाको भारतीय सीमावर्ती बस्तीसम्मै नीलगाईका बथान र बँदेलका हुल देखिन थालेका भारतीय सीमावर्ती भेगका जिल्लावासी बताउँछन् ।

"हाम्रो बस्ती वरपर नीलगाई र बँदेल निकै बढेका छन्", नेपाल-भारत सीमा क्षेत्रसँगै जोडिएको जलेश्वर-५ चौरियाका ७५ वर्षीय रहिमन मण्डल भन्नुहुन्छ, "केही वर्ष पहिले यता झरेका नीलगाई र बँदेलले अब यतै बच्चा जन्माउने र हुर्काउने गरेपछि यिनको सङ्ख्या निकै बढेको हो ।" वैशाख मध्यपछि हलक्क बढेको उखुघारी र नदीकिनारका काँसघारी यिनको बासस्थान हुने गरेको मण्डलको कथन छ ।

जिल्लाको सुदूर दक्षिणपूर्वी जलेश्वर र मटिहानी नगरपालिका क्षेत्रमात्र नभई दक्षिणको मध्यवर्ती एकडारा, मनराशिश्वा एवं सुदूरदक्षिणपश्चिमवर्ती सम्सी र सोनमासहितका स्थानीय तहका बस्ती नजिक नीलगाईको बथान र बँदेलका झुण्ड देखिन्छन् । दिनभरि उखु र काँसघारीमा लुकेर रातभरि बालीनाली सखाप पार्ने बँदेल र नीलगाईको उपद्रवले आफूहरू हैरान भएको सम्सी-६ का ४० वर्षीय इम्तियाज अहमद बताउनुहुन्छ ।

पछिल्ला चारपाँच वर्षदेखि वन क्षेत्रबाट निकै तल झरेका बँदेल र नीलगाई विस्तारै यतै रतिदै गएर मान्छेसँग डराउन छाडेका सर्वसाधारण बताउँछन् । "देखेर हाहो गर्दा हुलमा रहेका नीलगाई भाग्नसट्टा ठिङ्ग उभिएर मान्छेतिरै हेर्छन्, दुईचार जना जम्मा भएर लघार्दा बल्ल भाग्छन्", रामगोपालपुर-२ महनपुरका ६० वर्षीय किसान कादिर हुसैन भन्नुहुन्छ, "यी जन्तुको डरले महिलाहरू बस्तीबाट अलि टाढाको खेतबारी हिँड्न पनि छाडेका छन् ।" नीलगाईले आक्रमण नै हम्मेसी नगरे पनि बँदेल लघार्न भने निकै डरमर्दो भएको यस भेगका किसानको भनाइ छ । यी सबै बस्ती पूर्वपश्चिम राजमार्ग दायाँबायाँको वन क्षेत्रबाट ३० देखि ४५ किलोमिटरको दूरीमा छन् ।

मध्य वैशाखदेखि फागुनसम्म यिनको बास धेरैजसो उखुघारी रहने गरेको छ । मङ्सिरदेखि फागुन मसान्तसम्म उखु काट्ने बेला हुँदा यी जन्तु उखु नकाटिएको ठाउँ सर्दै बास बस्ने र चैतदेखि मध्य वैशाखसम्म नदीकिनारका काँसघारी, बुट्यानका झाडी र सघन वृक्षरोपण गरिएका ठाउँमा सर्दै बस्ने गरेका पाइएको भङ्गाहा-४ रामनगरका ८० वर्षीय दीपबहादुर फुँयाल बताउनुहुन्छ ।

"अब यी जङ्गली जन्तु नै रहेनन्झैँ लाग्छ, यतै मजाले रतिएका छन्", फुँयाल भन्नुहुन्छ, "दिनभरि खासै देखिँदैनन्, राति सधैँ रुङ्न सकिदैन, यिनको उपद्रोले राम्ररी कुनै बाली लिन पाइएको छैन ।" आफूले पछिल्ला पाँच वर्षयता भर्खर हुर्केकादेखि वयस्कसम्मका बँदेल बस्ती वरपर देखेको उहाँको भनाइ छ । भङ्गाहा-४ को यो बस्ती वन क्षेत्रबाट करिब २२ किलोमिटर दक्षिणमा छ ।

वनक्षेत्रमा आहारा र पानीको अभावसँगै सिकारीको आखेटले तलतिर झरेका नीलगाई र बँदेलले यी बस्तीमा प्रशस्त हरियो बालीनाली भेट्टाएपछि वन बिर्सँदै गएर यतै रमेका औरही-१ का चन्देश्वर यादवको भनाइ छ । यी वन्यजन्तुलाई लाठी देखाएर लघार्नभन्दा राती खेतबारीमा ठाउँठाउँमा राँको बाल्ने, बिजुलीको प्रबन्ध गर्ने र ठाउँठाउँमा पुतला बनाएर बाली लगाइएको खेतमा जान डराउने बनाउन सकिने उहाँको सुझाव छ । रासस

## घरको छतबाट खसेर दुई मजदुरको मृत्यु



**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको मलंगवामा बुधबार साँझ घरको छतबाट खसेर दुई जना मजदुरको मृत्यु भएको छ ।

मलंगवा नगरपालिका-१० का रञ्जित यादवको चारतले घरको छतमा पानीट्यांकी राख्ने ढलान प्लास्टर गर्ने क्रममा छतसहित भुइँमा खस्दा दुई जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा मलंगवा नगरपालिका-२ का ५० वर्षीय छोटु साह र हरिपूर्वा नगरपालिका-२ का ४० वर्षीय राजकिशोर यादव रहेका छन् ।

बुधबार साँझ पौने ५ बजेतिर छतबाट खसेर अचेत भएका दुवै जनालाई उपचारका लागि तत्काल प्रादेशिक अस्पताल मलंगवा पुऱ्याउँदा चिकित्सकले मृत घोषणा गरेको सर्लाही प्रहरीका प्रवक्ता एवं प्रहरी नायव उपरीक्षक सरोज राईले जानकारी दिए । दुवै मृतकको शव परीक्षण (पोस्टमार्टम) का लागि सोही अस्पतालमा राखिएको छ । घटनाबारे थप अनुसन्धान भइरहेको डीएसपी राईले बताए ।

## एसईईमा मिटको उत्कृष्ट नतिजा

**टुडे समाचारदाता**

जनकपुरधाम, । मिथिला इन्स्टिच्युट अफ टेक्नोलोजी ९मिट० ले यस वर्षको माध्यमिक शिक्षा परीक्षा (एसईई) मा उत्कृष्ट नतिजा हासिल गरेको छ । विद्यालयका ९७ प्रतिशत विद्यार्थी एसईई परीक्षामा उत्तीर्ण भएका छन् । विद्यालयका अनुसार शैक्षिक सत्र २०८२/०८३ को एसईई परीक्षामा सहभागी १२६ जना विद्यार्थीमध्ये करिब सय जना विद्यार्थी उत्तीर्ण भएका हुन् । क्याम्पस प्रमुख मनोज साहका अनुसार उत्तीर्ण विद्यार्थीमध्ये चार जनाले फोर जीपीए प्राप्त गरेका छन् भने ५७ जनाले ए प्लस, ३९ जनाले ए र २३ जनाले बी प्लस ग्रेड हासिल गरेका छन् ।

आधुनिक शिक्षा प्रणाली, प्रविधिमैत्री अध्यापन र अनुशासित शैक्षिक वातावरणका कारण विद्यालयले हरेक वर्ष उत्कृष्ट नतिजा हासिल गर्दै आएको स्थानीय अभिभावक तथा शिक्षाप्रेमीहरूको भनाइ छ । जनकपुरधाममा शिक्षा क्षेत्रमा आफ्नो छुट्टै पहिचान बनाउँदै आएको मिटले गुणस्तरीय शिक्षा र प्रविधिमैत्री सिकाइमार्फत विद्यार्थीको भविष्य निर्माणमा महत्वपूर्ण योगदान पुऱ्याउँदै आएको बताइएको छ ।

राष्ट्रिय परीक्षा बोर्डले सोमबार सार्वजनिक गरेको २०८२ सालको माध्यमिक शिक्षा परीक्षा ९एसईई० नतिजामा मधेश प्रदेशमा ३१ हजारभन्दा बढी विद्यार्थी अवर्गीकृत ९नन-ग्रेडेड० भएका छन् । प्रदेशबाट परीक्षामा सहभागी ७६ हजार ३१७ विद्यार्थी मध्ये ४४ हजार ५९२ विद्यार्थी मात्र ग्रेडेड भएका छन् भने ३१ हजार ७२५ विद्यार्थी नन-ग्रेडेड भएका हुन् ।

# चक्रीय कोषमा बीउपुँजीको व्यवस्थापन गरिँदै




काठमाण्डु । भूमि सहकारी तथा गरिबी निवारण मन्त्रालयले सहकारीपीडितको बचत रकम फिर्ता गर्न चक्रीय कोषमा बीउपुँजीका रूपमा २५ करोड रुपैयाँ व्यवस्थापन गर्न लागिएको छ । यसका लागि मन्त्रालयले रकम उपलब्ध गराउन अर्थ मन्त्रालयसँग आग्रह गरेको छ ।

मन्त्रालयले पीडित नागरिकलाई रकम फिर्ता तथा चक्रीय कोष सञ्चालनका लागि आवश्यक कार्यविधि निर्माण गरेका छ । मन्त्रालयले कोषमा रकम प्राप्त भएपछि पीडितको कागजातका आधारमा रकम फिर्ता गर्ने तयारी गरेको मन्त्रालयका सहसचिव एवं प्रवक्ता गणेशप्रसाद भट्टले जानकारी दिनुभयो ।

सहकारीमा ससाना रकम बचतकर्ताको निक्षेप फिर्ता गर्दै सम्बन्धित सहकारी लिलाम गरी आएको रकम पुनः सोही कोषमा जम्मा गरेर आर्थिक स्रोत व्यवस्थापन गरिने जनाइएको छ । पहिलो चरणमा समस्याग्रस्त घोषणा गरिएका सहकारीका बचतकर्तालाई छिट्टै रकम फिर्ता गरिनेछ ।

पीडितपरिवारलाई राज्यको प्रत्याभूति दिलाउन यस्तो गृहकार्य गरिरहेको उहाँले जानकारी दिनुभयो । उहाँका अनुसार कोषमा स्रोत व्यवस्थापन हुँदै जाँदा क्रमिक रूपमा ठूलो रकम निक्षेप गरेका बचतकर्ताको समेत रकम फिर्ता गर्ने योजना छ । समुदायमा सहकारीको आदर्श तथा सिद्धान्तमा आधारित भएर सहकारी सदस्यको हितमा क्रियाशील सहकारी संस्थाहरूले राम्रो प्रगति गरेका छन् भने सिद्धान्तविपरीत बचत सङ्कलन गरी कर्जा प्रवाह गर्ने अधिकांश सहकारी समस्यामा छन् ।

सहकारीमा निक्षेप सङ्कलन गरी रकम फिर्ता नपाएका पीडित बचतकर्ताले आफ्नो रकम फिर्ताका लागि विभिन्न समिति गठन गरी राष्ट्रिय अभियान सञ्चालन गर्दै आएका छन् । पीडितले आफ्नो रकम फिर्ता पाउन तथा ठगी गर्ने सञ्चालकलाई कारबाहीको माग गर्दै आएका थिए ।

सरकारले सहकारी समस्या समाधान गर्ने विषयलाई प्राथमिकतामा राखेको छ । बचत तथा ऋणलाई मुख्य कारोबारका रूपमा सञ्चालन गर्ने ११ हजार ६०० सहकारी राष्ट्रिय सहकारी नियमन प्राधिकरणमा दर्ताको प्रक्रियामा छन् । प्राधिकरणले सहकारी क्षेत्रलाई व्यवस्थित, पारदर्शी र विश्वसनीय बनाउने उद्देश्यले देशभर रहेका सहकारी संस्थालाई दर्ता गरेर सञ्चालनको इजाजतपत्र प्रदान गर्ने गरेको छ । सहकारी तीन तहका सरकारमातहत अलगअलग दर्ता रहेकाले नियमनमा समस्या छ । रासस

# घरमै स्वास्थ्य सेवा दिन ज्येष्ठ नागरिकको विवरण सङ्कलन



काठमाण्डु । काठमाण्डु महानगरपालिकाले ७० वर्षमाथिका ज्येष्ठ नागरिकलाई घरमै स्वास्थ्य सेवा दिन दुई हजार ७५ नागरिकको विवरण सङ्कलन गरेको छ ।

काठमाण्डु महानगरपालिकाले ज्येष्ठ नागरिक स्वास्थ्य सर्वेक्षणमा दुई हजार ७५ जनाको विवरण सङ्कलन गर्दा १०८ जनालाई तत्काल अस्पताल लगेर उपचार गर्ने अवस्था भेटिएका महानगरपालिकाका स्वास्थ्य विभाग प्रमुख दिपककुमार केसीले जानकारी दिनुभयो ।

यही वैशाख २३ गतेसम्ममा सङ्कलित विवरण हेर्दा एक हजार ३७० महिला र ७०५ पुरुषको विवरण सङ्कलन भएको छ । उनीहरुमध्ये एक हजार ९४६ जना हाल परिवारसँगै हुनुहुन्छ । एक सय ८ जना सहयोगीबाट साथ लिएर एक्लो जीवन बिताइरहनुभएको छ । आफन्त र नातेदारको आश्रयमा २१ ज्येष्ठ नागरिक हुनुहुन्छ ।

सत्तरीवर्षउमेरपूराभएकाज्येष्ठ नागरिकको स्वास्थ्य सर्वेक्षणका लागि महानगरपालिकाले २०८२ माघ १८ गतेदेखि सबै वडामा स्वास्थ्यकर्मीको टोली खटाएको छ । टोलीले ८४ वटा प्रश्नावलीको जवाफ, ज्येष्ठ नागरिकलेबिताइरहेकोजीवनस्तरको भौतिक र शारीरिक अवस्थाका आधारमा स्वास्थ्य सर्वेक्षण भइरहेको महानगरपालिकाका स्वास्थ्य विभाग प्रमुख दिपककुमार केसीले जानकारी दिनुभयो । नागरिकलाई आधारभूत र आकस्मिक स्वास्थ्य सेवाको पहूँच वृद्धि गर्ने कार्यक्रमअन्तर्गत आगामी वर्षको स्वास्थ्य नीति, बजेट तथा कार्यक्रममा पृष्ठपोषण प्रदान गर्ने उद्देश्यले सर्वेक्षण गरिएको उहाँले बताउनुभयो ।

सर्वेक्षणमा समेटिएका ज्येष्ठ नागरिकलाई हरियो, पहेँलो र रातो जोनमा वर्गीकरण गरिएको छ । हरियो जोन भनेको सुरक्षित अवस्था हो । यो जोनमा भएका ज्येष्ठ नागरिकलाई धेरै निगरानी र हेरचाह आवश्यक पर्दैन । यो जोनमा ९९५ जना हुनुहुन्छ ।

पहेँलो जोनमा रहेका बिरामीलाई चिकित्सक, स्वास्थ्यकर्मी र परिवारको निगरानी तथा हेरचाह आवश्यक पर्छ । यो जोनमा ९७२ ज्येष्ठ नागरिक हुनुहुन्छ। उपचारका लागि तत्काल अस्पताल पठाउनु पर्ने अवस्थाका ज्येष्ठ नागरिकलाई रातो जोनमा राखिएको छ । यस्ता ज्येष्ठ नागरिकलाई तत्काल नजिकको स्वास्थ्य संस्थामा रेफर गर्ने गरिएको छ । रातो जोनमा १०८ ज्येष्ठ नागरिक हुनुहुन्छ ।

फिल्डमा स्वास्थ्यकर्मीले ज्येष्ठ नागरिकको रक्तचाप, ग्लुकोज, ज्वरो, श्वाशप्रश्वाश, रगतमा अक्सिजनको मात्रा, पिसाबमा एल्बुमिन र सुगरलगायत जाँच गर्नुहुन्छ । विगतमा गरिएका उपचार, प्रयोग गर्दै गरेका औषधि, प्रयोग गरेर छोडेका औषधिका बारेमा समेत उहाँहरुले जानकारी लिनुहुन्छ । रासस

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | आजको दिन केही चुनौतीपूर्ण हुन सक्छ। |
| वृष : | आर्थिक रुपमा आजको दिन निकै सफल रहनेछ । |
| मिथुन : | कार्यक्षेत्रमा तपाईको प्रभाव बढ्नेछ । नयाँ रोजगारीको अवसर मिल्न सक्छ । |
| कर्कट : | आज भाग्यले साथ दिनेछ । रोकिएका धार्मिक कार्यहरु सम्पन्न हुनेछन् । |
| सिंह : | स्वास्थ्यमा अचानक समस्या आउन सक्छ । |
| कन्या : | व्यापार र व्यवसायमा आज नयाँ सम्झौता हुन सक्छ । |
| तुला : | पुराना ऋणहरु चुक्ता गर्ने अवसर मिल्नेछ। शत्रुहरु परास्त हुनेछन् । |
| वृश्चिक : | विद्यार्थीहरुका लागि आजको दिन निकै राम्रो छ । |
| धनु : | पारिवारिक वातावरण केही अशान्त रहन सक्छ । |
| मकर : | तपाईको सामाजिक दायरा बढ्नेछ । |
| कुम्भ: | आर्थिक पक्ष सुदृढ रहनेछ । परिवारमा मांगलिक कार्यको चर्चा हुनेछ । |
| मीन: | चन्द्रमा आज तपाईको राशिमा प्रवेश गर्ने हुनाले आत्मविश्वास बढ्नेछ । |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

महत्वपूर्ण टेलिफोन नम्बरहरु
जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

नेपाल रेल्वको समय तालिका

जनकपुरधाम - जयनगर
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

जयनगर - जनकपुरधाम
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# राजस्व हिनामिना गरेको अभियोगमा मुद्दा दायर




काठमाण्डु । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले सुर्खेत उपत्यका नगर विकास समिति वीरेन्द्रनगरका तत्कालीन सदस्य सचिवहरुसहित पाँच जनाविरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको छ।

सटर कवल भाडाबापतको आम्दानी बुझिलिई बैंक दाखिला नगरी आम्दानी रकममा अनियमितता गरेको अभियोगमा तत्कालीन सदस्य सचिव टिकाराम ढकालविरुद्ध रु ६४ लाख २८ हजार चार सय ३७ बराबरको बिगो मागदावी गर्दै मुद्दा दायर गरेको हो।

यस्तै, तत्कालीन सदस्य सचिव नरहरि तिवारीविरुद्ध रु एक करोड चार लाख ७१ हजार ९४२ बराबरको बिगो माग दाबी गरिएको छ।

तत्कालीन सदस्यसचिव गेहेन्द्रबहादुर डाँगीविरुद्ध रु ७२ लाख ७८ हजार ११०, तत्कालीन लेखा अधिकृत हरिबहादुर क्षत्रीको श्रीमती सीमाकुमारी चन्द क्षत्रीविरुद्ध रु दुई करोड ९० लाख ९६ हजार ४४१ बराबरको बिगो मागदाबी गरिएको छ।

तत्कालीन सहलेखापाल खड्गबहादुर रानाविरुद्ध रु दुई करोड ९४ लाख ७८ हजार ६८१ बराबरको बिगो मागदाबी गरिएको आयोगका प्रवक्ता सुरेश न्यौपानेले जानकारी दिनुभयो।

आर्थिक वर्ष २०७६/७७ देखि आव २०८०/८१ सम्मको भाडा असुली गरेको रसिदबाट रु चार करोड १८ लाख चार हजार ३०३ बराबरको आम्दानी भएको देखिन्छ। सोमध्ये रु एक करोड २३ लाख २५ हजार ६२२ मात्रै बैंक दाखिला भएको देखिएको आयोगको अध्ययनबाट खुलेको छ।

यस्तै, रु दुई करोड ९४ लाख ७८ हजार ६८१ बराबरको रकम भने बैंक दाखिला नगरी राजस्व हिनामिना गरेको पाइएको छ। सोही आधारमा आयोगले अनुसन्धान गरेको थियो। अनुसन्धानको क्रममा गैरकानुनी क्रियाकलाप भएको पाइएकाले आरोपीविरुद्ध मुद्दा दायर गरिएको आयोगले स्पष्ट पारेको छ। रासस

# अनुशासन र आचरणसम्बन्धी व्यवस्था पूर्ण रूपमा पालना गर्न कर्मचारीलाई निर्देशन

काठमाण्डु । सरकारले निजामती कर्मचारीलाई राजनीतिमा संलग्न भए सेवाबाट हटाउनसक्ने चेतावनी दिएको छ।

सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आज सूचना जारी गर्दै निजामती कर्मचारीलाई अनुशासन र आचरणसम्बन्धी व्यवस्था पूर्ण रूपमा पालना गर्न निर्देशन दिएको हो।

सूचनामा नेपालको संविधान र निजामती सेवा ऐनअनुसार निजामती सेवा राजनीतिक रूपमा तटस्थ, निष्पक्ष र उत्तरदायी हुनुपर्ने उल्लेख गरिएको छ। मन्त्रालयले निजामती सेवा ऐन, २०४९ को दफा ६१ उपदफा (१) को खण्ड (ङ) अनुसार निजामती कर्मचारीले राजनीतिमा भाग लिएमा भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य नठहरिने गरी सेवाबाट हटाउन सकिने व्यवस्था रहेको सम्झाउँदै मन्त्रालयले कर्मचारी राजनीतिक दल, भ्रातृ सङ्गठनमा आबद्ध हुन नपाइने जनाएको छ।

सूचनामा राजनीतिक गतिविधिमा संलग्न हुने, सङ्गठनको सदस्यता लिने वा निर्वाचनमा उम्मेदवार बन्ने कर्मचारीलाई सेवाबाट हटाउन सकिने व्यवस्था रहेको मन्त्रालयले उल्लेख गरेको छ। निजामती कर्मचारी कुनै राजनीतिक दल, राजनीतिक दलको भ्रातृ सङ्गठन, राजनीतिक दलको जन वर्गीय सङ्गठन वा राजनीतिक दलसँग आबद्ध भई सङ्गठनको सदस्यता लिएको वा, राजनीतिक क्रियाकलापमा संलग्न भएमा वा राजनीतिक पदका लागि हुने निर्वाचनमा उम्मेदवार बनेमा कानुनबमोजिम कारबाही हुने मन्त्रालयले जनाएको छ। रासस



# इन्भेष्टमेन्ट मेगा बैंकका सिइओ पाण्डे पक्राउ



काठमाण्डु । केन्द्रीय अनुसन्धान ब्युरोको प्रहरी टोलीले सरकारी सम्पत्ति कानुनविपरीत लिलामी गरेको अभियोगमा नेपाल इन्भेष्टमेन्ट मेगा बैंकका प्रमुख कार्यकारी अधिकृत ज्योतिप्रकाश पाण्डेलाई सिन्धुलीबाट पक्राउ गरेको छ।

निजी क्षेत्रको स्मार्ट टेलिकमको सम्पूर्ण सम्पत्ति, दूरसञ्चार पूर्वाधार, दूरसञ्चार प्रणाली र दूरसञ्चार सञ्जाल नेपाल दूरसञ्चार प्राकिरणले नियन्त्रणमा लिएको अवस्थामा उक्त सम्पत्तिमा सरकारी हक टुटाएर लिलामी प्रक्रियामा संलग्न भएको आरोपमा निजलाई पक्राउ गरिएको हो।

ब्युरोका प्रवक्ता शिवकुमार श्रेष्ठका अनुसार प्रमुख कार्यकारी अधिकृत पाण्डे 'लोन रिकभरी कमिटी'को अध्यक्षको हैसियातमा उक्त लिलामी प्रक्रियामा सहभागी भएको अनुसन्धानबाट खुलेको छ।

मोबाइल फोन स्वीचअफ गरी भाग्दै गरेको अवस्थामा पाण्डेलाई जिल्ला प्रहरी कार्यालय सिन्धुलीबाट खटिइएको प्रहरी टोलीको सहयोगमा कमलामाई नगरपालिका-६ बाट सवारी जाँचका क्रममा पक्राउ गरिएको हो।

स्मार्ट टेलिकमले अनुमतिपत्र नवीकरण नगरेका कारण २०८० वैशाख ३ गते अनुमति स्वतः रद्द भएको थियो। दूरसञ्चार सेवा प्रदायकको सम्पत्ति व्यवस्थापन नियमावली, २०७९ अनुसार प्राधिकरणले उक्त सम्पत्ति नियन्त्रणमा लिएको थियो। रासस

# मङ्गलाघाटमा म्याग्दी नदी नियन्त्रण आयोजना

म्याग्दी। बेनी नगरपालिका-७ मङ्गलाघाटमा म्याग्दी नदीको कटान नियन्त्रणका लागि पक्की संरचना निर्माण थालिएको छ।

जलस्रोत तथा सिँचाइ व्यवस्थापन आयोजना कास्कीले मङ्गलाघाटस्थित म्याग्दी नदीको किनारमा 'कम्पोजित' प्रविधिको पर्खाल निर्माण सुरु गरेको हो। परियोजनाका ईञ्जिनियर नरजङ गुरुङले मङ्गलाघाटस्थित म्याग्दी नदीको किनारमा ५५ मिटर लामो कम्पोजित प्रविधिको पर्खाल बनाउन लागिएको जानकारी दिनुभयो।

उक्त आयोजना निर्माणका लागि भैरवी इन्जिनियरिङ प्रालीसँग २०८२ फागुन १० गते रु ९९ लाख १९ हजार २९५ मा ठेक्का सम्झौता भएको थियो। यही असार १९ गतेसम्म ठेक्का सम्झौताको म्याद रहेको छ। निर्धारित समयभित्र नै आयोजना सम्पन्न गर्ने लक्ष्यसहित ठेकेदारले उपकरण र मजदुर परिचालन गरेको छ। नदी किनारको तल्लो भागमा चार मिटर अग्लो आर सिसी र माथिल्लो भागमा तीन मिटर अग्लो ग्यावीयन पर्खाल बनाइने भएको हो।

यसअघि मङ्गलाघाटमा आयोजनामार्फत विभिन्न चरणमा ५०० मिटरभन्दा बढी लामो पर्खाल निर्माण भइसकेको छ। बेनी बजारको पश्चिमी भागमा रहेको मङ्गलाघाटमा २०० भन्दाबढी घर, सरकारी कार्यालय र कर्मचारी आवास भवन छन्। आयोजनाले बेनी बजारमा कटान र बाढी नियन्त्रण गर्न विगतदेखिनै सञ्चालन गरेको छ। बेनीलाई सरकारले नदी कटानका हिसाबले जोखिमयुक्त जिल्ला सदरमुकामको सूचिमा राखेको छ।

आयोजनाका प्रमुख विदुर श्रेष्ठले नदी कटान र पहिरोको जोखिममा रहेका म्याग्दी, मुस्ताङ र पर्वतका १७ स्थानमा सालबसाली योजना निर्माणाधिन रहेका बताउनुभयो। रासस

# अवैध गतिविधि नियन्त्रणमा प्रहरीको 'स्विप अप्रेसन' प्रभावकारी

गण्डकी । समाजमा अवैध गतिविधि, गुण्डागर्दी गर्ने र शान्तिसुरक्षामा खलल पुर्‍याउनेविरुद्ध जिल्ला प्रहरी कार्यालय, कास्कीले सञ्चालन गरेको 'स्वीप अप्रेसन' प्रभावकारी देखिएको छ।

उक्त अप्रेसका क्रममा हालसम्म २०६ जनालाई नियन्त्रणमा लिई कारबाही गरिएको कार्यालयले जनाएको छ। यही असोज ९ गते पोखराका पाँच स्थानमा 'स्विप अप्रेसन' चलाई एकै रातमा १२३ जनालाई नियन्यत्रणमा लिएको प्रहरीले त्यसयता दुईपटक उक्त अप्रेसन सञ्चालन गरेको हो।

असार १० गते राति पोखरामा विभिन्न स्थानमा 'स्वीप अप्रेसन' गर्दा थप ६१ जनालाई प्रहरीले पक्राउ गरेका थियो। यस्तै गत सोमबार राति बगर, टुँडिखेल, तेस्रापट्टि, बागलुङ बसपार्क, हरिचोक, बाटुलेचौर, लामाचौरलगायतक्षेत्रमाचलाइएको



उक्त अप्रेसनका क्रममा २३ जनालाई नियन्त्रणमा लिइएको कार्यालयका प्रहरी नायब उपरीक्षक हरिबहादुर बस्नेतले जानकारी दिनुभयो।

सोमबार पक्राउ परेकामध्ये सात जनालाई अभद्र व्यवहार मुद्दामा अदालतबाट १० दिन म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको उहाँको भनाइ छ। सात जनालाई रु एक हजार जरीवाला तिराएर छोडिएको छ भने छ जनालाई आफन्तको जिम्मा लगाई तारेखमा लगाइएको हो। यस्तै तीन जनालाई जुवा मुद्दामा सात दिनको म्याद थप गरी अनुसन्धान अगाडि बढाइएको प्रहरीले जनाएको छ।

रातको समयमा होहल्ला गर्ने, सार्वजनिक शान्ति सुरक्षामा खलल पुर्‍याउने, गाँजालगायत अवैध लागुऔषध सेवन गर्ने, जुवा खेलाउनेजस्ता अवैध गतिविधिमा संलग्नहरूलाई नियन्त्रणमा लिइएको प्रनाउ बस्नेतले बताउनुभयो।

जिल्ला प्रहरी कार्यालय र मातहतका प्रहरी युनिटबाट खटिएको टोलीले 'स्विप अप्रेसन' सञ्चालन गर्ने गरेको उहाँको भनाइ छ। लेकसाइडलगायत क्षेत्रमा गाँजाजन्य पदार्थ र मदिरा सेवन गरी रातिको समयमा होहल्ला गर्ने गरेको जनगुनासो बढेपछि प्रहरी विशेष अप्रेसन चलाएको हो।

मदिरा र गाँजाजन्य पदार्थ सेवन गरेकालाई सम्झाइबुझाइ अभिभावकलाई जिम्मा लगाउने गरिएको प्रहरीले जनाएको छ। आपराधिक पृष्ठभूमि भएका, पटके रूपमा यस्ता क्रियाकलापमा संलग्न र चेकजाँचका क्रममा प्रहरीलाई उल्टै दुर्व्यवहार गर्ने व्यक्तिलाई अदालतमा मुद्दा दर्ता गरी कानुनी कारबाहीको प्रक्रिया अगाडि बढाइएको प्रनाउ बस्नेतले बताउनुभयो।

आपराधिक गतिविधि नियन्त्रण र शान्तिसुरक्षा कायम गर्न 'स्वीप अप्रेसन' प्रभावकारी देखिएको उहाँको भनाइ छ। यस अभियानले निरन्तरता पाउने प्रनाउ बस्नेतले बताउनुभयो। रासस

# विभिन्न हिमालमा पाँच जनाको मृत्यु



काठमाण्डु । सन् २०२६ को वसन्तऋतुमा हालसम्म विभिन्न हिमाल आरोहणका क्रममा पाँच जनाको मृत्यु भएको छ।

नेपाल पर्यटन बोर्डका सूचना अधिकारी हिमाल गौतमले आज विज्ञप्ति जारी गरी सन् २०२६ को वसन्त ऋतुमा सगरमाथा र मकालु हिमालमा पाँच आरोही तथा गाइडको मृत्यु भएको जानकारी दिनुभएको छ।

विभागका अनुसार यही वैशाख २० गतेदेखि हालसम्म पाँच जनाको मृत्यु भएको हो। मृत्यु हुनेमा तीन नेपाली र दुई विदेशी छन्। सगरमाथा क्षेत्रमा निधन हुनेमा सोलुखुम्बुका लाक्पा डेन्डी शेर्पा, विजय घिमिरे र फुर गेल्जेन शेर्पा रहनुभएको छ। लाक्पा सेभेन समिट, घिमिरे ट्र्याग नेपाल, फुर गेल्जेन काइटु एक्सपिडिसनमा आबद्ध हुनुहुन्थ्यो।

यस्तै, चेक रिपब्लिकका आरोही डेभिड रुभिनेक र अमेरिकी नागरिक जोहानेसेन शेलीको पनि मृत्यु भएको छ। आइएएम ट्रेकिङ कम्पनीमार्फत गएका डेभिडको मकालु दुई र सेभेन समिटमार्फत गएका जोहानेसेनको मकालुमा निधन भएको विभागले जनाएको छ। रासस

# घरघरमा पुर्‍याउन थालियो राहदानी



चितवन । सरकारको नीतिअनुरूप नागरिकको राहदानी हुलाकमार्फत घरघरमा पुर्‍याउन थालिएको छ। जिल्ला प्रशासन कार्यालय चितवनमा वनेर आएका राहदानी हुलाक कार्यालयमार्फत मङ्गलबारदेखि सेवाग्राहीको घरमा पुर्‍याउन थालिएको हो।

जिल्ला हुलाक कार्यालय चितवनका प्रमुख शालिकराम बस्यालका अनुसार इच्छाकामना गाउँपालिका-७ सृजना टोलका रामबाबु प्रजालाई घरमा नै राहदानी दिएर सेवाको शुभारम्भ गरिएको हो। आज १९ वटा र मङ्गलबार ४४ वटा राहदानी विभिन्न पालिकाहरूमा पठाइएको छ। मङ्गलबार १२ वटा राहदानी घरमा पुर्‍याएर दिइएको छ। जिल्ला हुलाक कार्यालयले छवटा पालिका हुलाक, भरतपुर महानगरपालिकाका तीन वटा हुलाक काउन्टरमध्ये दुई वटामा राहदानी पठाएको छ।

यस्तै जिल्लाका विभिन्न पालिकामा रहेका १२ वटा अतिरिक्त हुलाक कार्यालयमा राहदानी पठाइएको छ।

भरतपुर महानगरपालिकाभित्र पाँच वटा, राप्ती नगरपालिकामा चार वटा, खैरहनी र रत्ननगर नगरपालिकामा एक-एक वटा अतिरिक्त हुलाक कार्यालय रहेका छन्। जिल्लाप्रशासन कार्यालयबाट जिल्ला हुलाक कार्यालयमा राहदानी आएपछि ठेगाना रहेको नजिकको हुलाक कार्यालयमा पठाउने गरिन्छ। त्यहाँका कर्मचारीमार्फत घरघरमा राहदानी पुग्ने गरेको हो।

राहदानी बनाउन फारम भर्ने समयमा कहाँबाट लिने भन्ने निवेदनमा भरेपछि सोहीअनुरूप राहदानी पुग्ने गर्दछ। राहदानी घरमा नै पुर्‍याउने भएमा सोही समयमा रु ५५ भुक्तानी गर्नुपर्ने हुन्छ। राहदानीसँगै रसिद पनि पठाइने उहाँले जानकारी दिनुभयो। हुलाक कार्यालय र मातहतमा स्थायी, अस्थायी र करार गरी ७२ जना कर्मचारी रहेका छन्। रासस

# कक्षा ११ र १२ का लागि छात्रवृत्ति आवेदन माग, १७ गते परीक्षा

काठमाण्डु । काठमाडौं महानगरपालिकाले कक्षा ११ र १२ को छात्रवृत्तिका लागि आगामी जेठ १ देखि १० गतेसम्म महानगरको आवेदन खुला गरिने जनाएको छ।

कामपाका अनुसार इच्छुक विद्यार्थीले जेठ १ गते बिहान १०:०० बजेदेखि जेठ १० गते राति ११:५९ बजेसम्म अनलाइन फाराम भर्न सक्नेछन्। योग्य विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्न छनोटका लागि जेठ १७ गते बिहान ८:०० बजेदेखि १०:०० बजेसम्म परीक्षा सञ्चालन हुने पनि कामपा शिक्षा विभागका प्रमुख नमराज ढकालले जानकारी दिनुभयो। ढकालका अनुसार विद्यार्थीहरूलाई कक्षा १० को पाठ्यक्रम आधारित १०० वस्तुगत बहुवैकल्पिक प्रश्न सोधिने पनि बताउनुभयो।

ढकालका अनुसार कामपाले शिक्षामा गरेको लगानी, निगरानी, शिक्षा ऐन र कानुनको कडाइका साथ कार्यान्वयन गर्दा छात्रवृत्ति पाउने विद्यार्थीको सत्_यामा हरेक वर्ष उल्लेख्य वृद्धि हुँदै आएको छ। गत शैक्षिक सत्रमा मात्रै कामपाले रु दुई अर्ब २५ करोड बराबर छात्रवृत्ति वितरण गरेको थियो।

कानुन कार्यान्वयनको पहिलो वर्ष १३ हजार र दोस्रो वर्ष १९ हजार विद्यार्थीले यो सुविधा पाएकोमा गत वर्ष कक्षा १ देखि १० सम्मका १६ हजार ९८० र कक्षा ११ का ३ हजार ३०२ गरी कूल २० हजार २८२ जना विद्यार्थीले छात्रवृत्ति पाएको कामपाको रहेको भनाइ छ। गत सोमबार एसइईको परीक्षाफल प्रकाशित भएसँगै कामपाले कक्षा ११ र १२ मा छात्रवृत्तिका लागि दश दिनको समयसीमा निर्धारण गरेर फारम भर्न माग गरेको हो। रासस




# चीन सरकारको सहयोगमा रसुवामा आवासीय विद्यालय निर्माण

रसुवा । मित्रराष्ट्र चीन सरकारको सहयोगमा रसुवाको कालिकास्थान-५ स्थित जिबजिबेमा नीलकण्ठ नमुना आवासीय माध्यमिक विद्यालय भवन निर्माणको काम ६५ प्रतिशत पूरा भएको छ।

चिनियाँ प्राविधिक तथा कामकादारको प्रत्यक्ष संलग्नतामा तीव्र गतिमा निर्माण भइरहेको सुविधासम्पन्न एवं भूकम्प प्रतिरोधी सो भवनको शिलान्यास २०८१ साल कात्तिकमा भएको थियो।


विद्यालयका प्रधानाध्यापक नारायणप्रसाद देवकोटाका अनुसार भवन निर्माणका लागि केही सामग्री चीनतर्फबाट झिकाइएको र गिटी-बालुवालगायतका सामग्री स्थानीय खोलानदीबाट ल्याएको, भवन निर्माण प्रक्रियामा केही स्थानीयबाहेक चिनियाँ पक्ष नै खटेको, अहिले पिलार तथा ढलानको काम सम्पन भएको तथा प्लाष्टरलगायतका काम भइरहेको र आगामी कात्तिक महिनभित्र भवन हस्तान्तरण गर्ने तयारीसहित निर्माणकार्य तीव्रगतिमा अघि बढिरहेको छ।



निवनिर्मित विद्यालय भवनमा सानाठूला गरी ६० वटा कक्षाकोठा रहेको र घरबाट हिँडेर विद्यालय आउन नभ्याउने विद्यार्थीलाई लक्षित गरी करिब १५० क्षमताको आवासीय भवन निर्माण भइरहेको प्रधानाध्यापक देवकोटाले जानकारी दिनुभयो।

विद्यालय व्यवस्थापन समिति कार्यवाहक अध्यक्ष लोकनाथ पौडेलले २०७२ सालको गोर्खा भूकम्पका कारण सो विद्यालयमा क्षति पुगेपछि अस्थायी प्रकृतिको भवनमा पठनपाठन हुँदै आएको र विशेषगरी चिसोको समयमा विद्यार्थी बिरामी हुनेगरेको अवस्थामा नवनिर्मित सुविधासम्पन्न सो भवनबाट स्थानीय विद्यार्थीले अपेक्षा गरेभन्दा बढी राहत पाउने भएसँगै आमअभिभावकमा खुसी छाएको स्पष्ट गर्नुभयो।

विसं २०२१ मा स्वर्गीय चुडामणि पौडेल, गोविन्दप्रसाद देवकोटा, डिल्लीराज देवकोटा र देविदत्त पौडेल तथा शिवप्रसाद देवकोटा, झग्रेन्द्रप्रसाद देवकोटासमेतका बुद्धिजीवीको सक्रियतामा स्थापना भएको सो विद्यालय २०३५ सालमा निम्न माध्यमिक र २०५८ सालमा माध्यमिक तहमा स्तरोन्नति भएको ज्येष्ठ नागरिक रुद्रनारायण देवकोटाले जानकारी दिनुभयो। हाल सो विद्यालयमा ३५० विद्यार्थी अध्ययनरत छन्। रासस



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# संसद मर्यादित हुनुपर्छ

प्रतिनिधि सभाको गत फागुन २१ गते सम्पन्न निर्वाचनबाट झण्डै दुई तिहाई बहुमतसहित राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) संसदमा पुगेको छ ।दुई कम दुई तिहाई स्थान जितेको रास्वपाको संसदमा भारी उपस्थिति रहने गरेको छ ।त्यो स्वाभाविक हो ।प्रतिनिधि सभामा बोल्ने विषयमा पनि रास्वपाका अधिक सांसदले मौका पाउने छन् ।विपक्षी दलहरुको उपस्थिति नै कमजोर रहेकोले त्यही आधारमा समय पाउने हो ।संसद अत्यन्त गरिमामय देशको सर्वोच्च व्यवस्थापिका हो ।त्यहाँबाट नै देश सञ्चालन गर्ने कानुन मात्र होइन्, संविधान समेत संशोधन हुने गर्छ ।संविधान संशोधन गर्ने निकाय सर्वाधिक शक्तिशाली पनि हो ।संसदले देशको हरेक निकायको निगरानी गर्ने प्रमुख थलो पनि हो ।कार्यपालिका र न्यायपालिकालाई समेत नियमन गर्ने निकाय संसद हो ।देशको कार्यकारी प्रमुख (प्रधानमन्त्री)सोझै जनताबाट चुनिदैन् ।प्रधानन्यायाधीश पनि जननिर्वाचित हुँदैन् ।तर संसद जननिर्वाचित निकाय हो ।संसद जनताप्रति पूर्ण रुपमा उत्तरदायी हुन्छ ।संसदले जनहितलाई सर्वोपरि ठानेर नै कानुन बनाउने लगायतका कार्यहरु गर्छन् ।प्रधानमन्त्री छान्ने, राष्ट्रपति चयन गर्ने सबै काम सांसदहरुले नै गर्छन् ।त्यसकारण पनि संसदको उच्च गरिमा रहेको छ ।संसदमा उठने विषयहरु उपर अदालतमा समेत छलफल हुँदैन् ।पूर्ण स्वतन्त्र संस्था भएकाले हरेक सांसदको विशिष्ट स्थान छ ।संसदले देशको आन्तरिक र बाह्य नीति नियमहरु बनाउने गर्छ ।सार्वभौमसत्ता सम्पन्न नागरिकले मतदानबाट चुनेको प्रतिनिधिबाट अपेक्षा गरेका कार्यहरुको आवाज संसदमा उठाइन्छ ।सबै निकाय मौन भएको बखत सञ्चार बाहेक संसदले नै आवाज उठाउने गर्छ ।सर्वाधिक शक्तिशाली संसदको सर्वाधिक ठूलो जिम्मेवारी छ ।सांसदलाई संसदमा माननीय भनेर सम्बोधन गरिन्छ ।त्यो बाहिर पनि लागु हुन्छ ।संसदको सभामुख सम्माननीय हुन्छन् ।संसदमा रहने सुरक्षाकर्मीहरुको पद मर्यादापालक हुन्छ ।संसदमा हुने हरेक गतिविधि मर्यादित हुनुपर्छ ।कुनै एउटा दल विशेष अथवा कुनै एउटा सांसदको विषय भने हुँदैन् ।संसद भित्र प्रधानमन्त्री पनि सांसद सरहकै मर्यादामा हुन्छन् ।संसदमा बोल्ने हरेक सांसदले मर्यादाको पूर्ण ख्याल गर्नुपर्छ ।असंसदीय शब्दहरु सदनमा प्रयोग गर्न कसैले पनि पाउँदैनन् ।सांसदहरुको अभिव्यक्ति र व्यवहार जति मर्यादित भए संसदको गरिमा त्यति नै बढ्ने छ ।संसदमा अधिकांश नयाँ सांसदहरु छन् ।पुरानाहरु पनि कम्ती छैनन् ।नयाँ सांसदहरुलाई संसदीय अभ्यासबारे जानकारी नभएको हुनसक्छ ।केही दिनको अभ्यासपछि सबै जानकार हुनेछन् ।तर सबै मर्यादित पदमा रहेकाले संसदको मर्यादालाई कायम राख्नु पर्छ ।संसदमा हुने सबै गतिविधिहरु आमनारिकले प्रत्यक्ष हेर्ने व्यवस्था रहेकोले त्यस सम्बन्धमा पनि सबै सांसद जानकार हुनुपर्छ। विगतमा भएका असंसदीय गथिविधिलाई दोहोरिन दिनु हुँदैन् ।

# विश्व फुटबलको महाकुम्भ मेला



● नवीन लुईंटेल

उत्तर अमेरिकी क्षेत्रमा हुने विश्वकप फुटबलको सरगर्मी बढ्दो छ । विश्व फुटबलको महाकुम्भ मेला आउन अब करिब एक महिना मात्र बाँकी छ । अमेरिका, मेक्सिको र क्यानडाले संयुक्त रूपमा आयोजना गर्ने यो विश्वकप आगामी जेठ २८ गतेदेखि साउन ३ गतेसम्म सञ्चालन हुनेछ । तेइसौँ संस्करणको विश्वकप फुटबलका खेलहरू अमेरिकाका ११ सहर, मेक्सिकोका तीन सहर र क्यानडाका दुई सहरमा हुनेछन् ।

सन् २००२ पछि पहिलोपटक दुईभन्दा बढी देशको संयुक्त आयोजनामा विश्वकप फुटबल हुन लागेको हो ।

सन् २०२६ को विश्वकपमा रहेका तीन आयोजक राष्ट्रमध्ये मेक्सिको विश्वकप तीन पटक आयोजना गर्ने पहिलो मुलुक बनेको छ ।

सन् १९८६ र २०२२ मा सहभागी भइसकेको क्यानडाले पहिलोपटक विश्वकपको सहआयोजना गर्न लागेको हो भने अमेरिकाले यसअघि सन् १९९४ मा विश्वकप आयोजना गरिसकेको छ । विश्वकपको उद्घाटन खेल मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेका (एस्टाडियो बानोर्टे) रङ्गशालामा हुनेछ भने फाइनल खेल अमेरिकाको न्यूयोर्कस्थित मेटलाइफ रङ्गशालामा हुनेछ ।

### ३२ बाट बढाएर ४८ देश

फिफाले पहिलोपटक २३औं विश्वकपलाई थप प्रतिस्पर्धात्मक र रोमाञ्चक बनाउने उद्देश्यसहित सहभागी राष्ट्रको सङ्ख्या बढाएर ४८ पुऱ्याएको छ । अघिल्ला संस्करणसम्म ३२ राष्ट्रले सहभागिता जनाउँदै आएकामा यसपटकदेखि सहभागी सङ्ख्या ४८ पुऱ्याइएको हो ।

सन् १९९८ को फ्रान्स विश्वकपदेखि सन् २०२२ को कतार विश्वकपसम्म ३२ देशले प्रतिस्पर्धा गरे भने यसअघि सन् १९८२ स्पेन विश्वकपदेखि सन् १९९४ अमेरिका विश्वकपसम्म २४ देशबीच प्रतिस्पर्धा हुने गर्दथ्यो । त्यसअघि सन् १९३० मा उरुग्वेको मन्टेभिडियोमा भएको पहिलो विश्वकपदेखि सन् १९७८ मा अर्जेन्टिनामा भएको ११औं विश्वकपसम्म १६-१६ देशले प्रतिस्पर्धा गर्ने व्यवस्था गरिएको थियो ।

पहिलो विश्वकपमै एसियाबाट जापान र थाइल्यान्डले नाम फिर्ता लिएका थिए । अफ्रिकाबाट प्रतिनिधित्व गर्ने इजिप्ट पनि पानीजहाज छुटेका कारण प्रतियोगितामा सहभागी हुन सकेन । यसका कारण पहिलो विश्वकपमा १६ देशमध्ये १३ देश मात्र सहभागी भए । सन् १९३८ को दोस्रो विश्वकपमा अस्ट्रेलियाले हात झिकेपछि १५ देश सहभागी भए । सन् १९५० मा ब्राजिलमा भएको विश्वकपमा भारत छनोट भएर पनि सहभागी भएन । स्कटल्यान्ड र फ्रान्सले पनि प्रतियोगितामा भाग लिएनन् ।

सो विश्वकपमा पनि १६ मध्ये १३ देशबीच प्रतिस्पर्धा भयो । त्यसपछि सन् १९५४ मा स्वीट्जरल्यान्डमा भएको पाँचौं विश्वकपदेखि सन् १९७८ सम्म भने १६ देशले नै फाइनल चरणमा प्रतिस्पर्धा गरे ।

### ताजा विश्वकपमा को सहभागी, को बाहिर ?

विश्वकपको फाइनल चरणमा अफ्रिकी राष्ट्र केप भेर्डे, क्यारेबियन राष्ट्र कुराकाओ तथा एसियाली देश जोर्डन र उज्वेकिस्तानले पहिलोपटक स्थान बनाएका छन् । तर बलियो तथा चारपटकको विश्वविजेता इटाली लगातार तेस्रोपटक विश्वकपमा पुग्न असफल भयो । युरोपियन छनोटको प्लेअफ फाइनलमा बोस्निया-हर्जगोभिनासँग पराजित हुँदै इटाली विश्वकपबाट बाहिरिएको हो । इटाली मात्र नभई विश्वकपमा बलियो उपस्थिति जनाउँदै आएका पोल्यान्ड, डेनमार्क, चिली, क्यामरुन र नाइजेरियाजस्ता शक्तिशाली राष्ट्र पनि यसपटक सहभागी हुने छैनन् ।

राजनीतिक तथा आर्थिक समस्यासँग जुधिरहेका कङ्गो र हाइटी ५२ वर्षपछि विश्वकप खेल्दै छन् । इराक ४० वर्षपछि विश्वकपमा फर्किएको छ भने बोस्निया-हर्जगोभिना र इरानले पनि विश्वकपमा आफ्नो उपस्थिति जनाउँदैछन् । अस्ट्रिया, नर्वे र स्कटल्यान्डले सन् १९९८ पछि पहिलोपटक विश्वकपको फाइनल चरणमा प्रतिस्पर्धा गर्दैछन् ।


### ४८ देश, १२ समूह

यसपटक कुल ४८ राष्ट्रले विश्वकपमा सहभागिता जनाउँदैछन् । टोलीहरूलाई १२ समूहमा विभाजन गरिएको छ। प्रत्येक समूहमा चार-चार टोली रहेका छन् । समूह 'ए' मा आयोजक मेक्सिकोसँगै दक्षिण अफ्रिका, दक्षिण कोरिया र चेक रिपब्लिक रहेका छन् । समूह 'बी' मा आयोजक क्यानडा, बोस्निया-हर्जगोभिना, कतार र स्वीट्जरल्यान्ड छन् । समूह 'सी' मा ब्राजिल, मोरक्को, हाइटी र स्कटल्यान्ड छन् भने समूह 'डी' मा आयोजक अमेरिका, पाराग्वे, अस्ट्रेलिया र टर्की रहेका छन् ।

समूह 'ई' मा जर्मनी, कुराकाओ, आइभरी कोस्ट र इक्वेडर रहेका छन् । समूह 'एफ' मा नेदरल्यान्ड्स, जापान, स्वीडेन र ट्युनिसिया छन् भने समूह 'जी' मा बेल्जियम, इजिप्ट, इरान र न्युजिल्यान्ड रहेका छन् । समूह 'एच' मा स्पेन, उरुग्वे, साउदी अरेबिया र केप भेर्डे छन् । समूह 'आई' मा साविक उपविजेता फ्रान्स, सेनेगल, इराक र नर्वे छन् । समूह 'जे' मा साविक विजेता अर्जेन्टिना, अल्जेरिया, अस्ट्रिया र जोर्डन रहेका छन् । समूह 'के' मा पोर्चुगल, कंगो, उज्वेकिस्तान र कोलम्बिया छन् भने समूह 'एल' मा इङ्गल्यान्ड, क्रोएसिया, घाना र पानामा रहेका छन् ।

### ३९ दिन, १०४ खेल

फिफाले यसपटक विश्वकपमा सहभागी राष्ट्रको सङ्ख्या ३२ बाट बढाएर ४८ पुऱ्याएको छ । देशको सङ्ख्या बढेसँगै खेलको सङ्ख्या पनि बढेको छ । ३९ दिनसम्म चल्ने प्रतियोगितामा कुल १०४ खेल हुनेछन् ।



समूह चरणका खेलहरू जेठ २८ गतेदेखि असार १३ गतेसम्म सञ्चालन हुनेछन् । प्रत्येक समूहका शीर्ष दुई टोली र उत्कृष्ट आठ तेस्रो स्थान प्राप्त टोली गरी ३२ टोली राउन्ड अफ ३२ मा प्रवेश गर्नेछन् ।

राउन्ड अफ ३२ का खेल असार १४ गतेदेखि असार १९ गतेसम्म हुनेछ । त्यसपछि प्रि-क्वार्टरफाइनल, क्वार्टरफाइनल, सेमिफाइनल हुँदै फाइनल खेलाइनेछ । राउन्ड अफ १६ का खेल असार २० गतेदेखि असार २३ गतेसम्म हुनेछ भने क्वार्टरफाइनल असार २५ देखि २७ गतेसम्म हुनेछ । सेमिफाइनल असार ३० र ३१ गते हुनेछ । तेस्रो स्थानका लागि साउन २ गते प्रतिस्पर्धा हुनेछ भने फाइनल खेल साउन ३ गते हुनेछ । साविक विजेता अर्जेन्टिना हो ।

### खेल कुनकुन सहरमा हुँदैछ ?

तेइसौं संस्करणको विश्वकप अमेरिका, क्यानडा र मेक्सिकोका १६ सहरमा आयोजना हुनेछ । अमेरिकाका ११, मेक्सिकोका तीन र क्यानडाका दुई सहरमा प्रतियोगिता सञ्चालन हुनेछ । विश्वकपको फाइनल अमेरिकाको न्यूयोर्कस्थित मेटलाइफ रङ्गशालामा हुनेछ । ८३ हजार दर्शक क्षमता रहेको यो रङ्गशालालाई न्यू जर्सी रङ्गशाला पनि भनिन्छ ।

अमेरिकाको डलास रङ्गशालामा विश्वकपका नौ खेल हुनेछन् । ९४ हजार दर्शक क्षमता भएको रङ्गशालामा समूह चरणका पाँच, राउन्ड अफ ३२ का दुई, प्रि-क्वार्टरफाइनलको एक र सेमिफाइनलको एक खेल हुनेछ । एटलान्टास्थित मर्सिडिज बेन्ज रङ्गशालामा पनि विभिन्न चरणका खेल हुनेछन् । कान्सास सिटीस्थित गेहा फिल्ड एट एरोहेड रंगशालामा समूह चरण, नकआउट र क्वार्टरफाइनलका खेल हुनेछन् ।

ह्युस्टनको एनआरजी रङ्गशाला, सान फ्रान्सिस्को बे एरियाको लेभाइज रङ्गशाला, लस एन्जल्सको सोफाइ रङ्गशाला, फिलाडेल्फियाको लिङ्कन फाइनान्सियल फिल्ड, सिएटलको लुमेन फिल्ड, मियामीको हार्ड रक रङ्गशाला तथा बोस्टनको जिलेट रङ्गशालामा पनि विभिन्न खेल हुनेछन् । मेक्सिको सिटीस्थित एस्टाडियो एज्टेका रङ्गशालामा उद्घाटन खेल हुनेछ । पहिलो खेल आयोजक मेक्सिको र दक्षिण अफ्रिकाबीच हुनेछ । क्यानडाको टोरन्टोस्थित बीएमओ फिल्ड र भ्यानकुभर स्थित बिसी प्लेस रङ्गशालामा पनि विश्वकपका खेलहरू सञ्चालन हुनेछन् ।

### टिकट मूल्य

फिफाले यसपटकको विश्वकपको टिकट मूल्य अत्यधिक महँगो हुने जनाएको छ । समूह चरणको टिकट मूल्य ३०० डलर तोकिएको छ भने फाइनल खेलको सामान्य टिकट मूल्य १० हजार ९९० डलर तोकिएको छ । यसअघि कतार विश्वकपको फाइनल टिकट मूल्य करिब १२०० डलर मात्र थियो ।

### पहिलोपटक विश्वकप खेल्दै चार राष्ट्र

यसपटक विश्वकपमा केप भेर्डे, कुराकाओ, जोर्डन र उज्वेकिस्तानले पहिलोपटक सहभागिता जनाउँदैछन् । केप भेर्डेले अफ्रिकी छनोटमा क्यामरुनलाई हराउँदै विश्वकपमा स्थान बनाएको हो । कुराकाओले जमैका, बर्मुडा र हाइटीजस्ता टोलीलाई पछि पार्दै विश्वकप यात्रा तय गऱ्यो । जोर्डनले ओमानलाई ३-० ले हराउँदै पहिलोपटक विश्वकपमा छनोट भएको इतिहास रच्यो । उज्वेकिस्तानले पनि लामो प्रयासपछि पहिलोपटक विश्वकपमा स्थान सुरक्षित गरेको हो ।

### चारपटकको विजेता इटालीबिनाको विश्वकप

यसपटकको विश्वकपमा चारपटकको विश्वविजेता इटाली रहने छैन । युरोपियन छनोट चरण पार गर्न नसकेपछि इन्टर मिलानका एलेसान्द्रो बास्तोनी, निकोलो बरेला तथा पिएसजीका गोलरक्षक जियानलुइजी डोनारुम्माजस्ता खेलाडी विश्वकप खेल्नबाट वञ्चित भएका छन् । विश्वकप इतिहासमा ब्राजिलपछि सबैभन्दा सफल टोली मानिने इटालीले १८ संस्करणमा सहभागिता जनाएको छ । सन् २००६ मा चौथोपटक विश्वकप जितेपछि इटाली सन् २०१० र २०१४ मा समूह चरणबाटै बाहिरिएको थियो । त्यसपछि लगातार तीन संस्करणमा विश्वकपमा छनोट हुन नसक्नु इटाली फुटबलका लागि ठूलो धक्का मानिएको छ ।

### कुन क्षेत्रीय छनोटबाट सहभागी कति ?

विश्वकपको २३औं संस्करणमा सबैभन्दा बढी युरोपियन क्षेत्र (युइएफए) बाट १६, अफ्रिकी क्षेत्र ( सिएएफ) बाट १०, एशिया क्षेत्र (एएफसी) बाट नौ, उत्तरमध्ये र क्यारेवियन क्षेत्र (कन्काफ)बाट छ दक्षिण अमेरिकी क्षेत्र (कन्मेबोल)बाट छ र ओसेनिया क्षेत्र (ओएफसी) बाट एक गरी ४८ राष्ट्रले सहभागिता जनाउँदैछन् । एसियाबाट अष्ट्रेलिया, इरान, इराक, जापान, जोर्डन, कतार, साउदी अरेबिया, दक्षिण कोरिया र उज्वेकिस्तानले विश्वकपमा सहभागिता जनाउँदैछन् ।

युरोपबाट अष्ट्रिया, बेल्जियम, बोस्नीया हर्जगोविना, क्रोयसिया, चेक रिपब्लिक, इङ्गल्याण्ड, फ्रान्स, जर्मनी, नेदरल्याण्ड्स, नर्वे, पोर्चुगल, स्कटल्याण्ड, स्पेन, स्वीडेन, स्वीजरल्याण्ड र टर्कीले भाग लिँदैछन् । अफ्रिकाबाट अल्जेरिया, केप भेर्डे, डिआर कङ्गो, इजिप्ट, घाना, आइभरी कोष्ट, मोरक्को, सेनेगल, दक्षिण अफ्रिका र ट्यूनेसिया गरी १० देशले विश्वकपमा सहभागिता जनाउँदैछन् । दक्षिण अमेरिकी क्षेत्रबाट साविक विजेता अर्जेन्टिना, ब्राजिल, कोलम्बिया, इक्वेडर, पाराग्वे र उरुग्वे गरी छ देशले विश्वकपमा खेल्दैछन् । उत्तरी, मध्यअमेरिका तथा क्यारेवियन (कन्काफ) क्षेत्रबाट क्यानडा, मेक्सिको, अमेरिका, पानामा, कुराकाओ र हाइटीले प्रतिस्पर्धा गर्दैछन् । जसमा क्यानडा, मेक्सिको र अमेरिका आयोजक हुन् भने पानामा, कुराकाओ र हाइटीले छनोटको तेस्रो राउण्डको समूह विजेताका रुपमा विश्वकपमा छनोट भएका हुन् । यस्तै ओसेनिया क्षेत्रबाट न्युजिल्याण्डले विश्वकपमा सहभागिता जनाउँदैछ ।

### एशियाली क्षेत्रको छनोट

एशियाली छनौटको तेस्रो चरणमा रहेका तीन वटा समूहका विजेता र उपविजेता गरी छ देश इरान, उज्वेकिस्तान, दक्षिण कोरिया, जोर्डन, जापान र अष्ट्रेलिया सोझै विश्वकपमा छनोट भएका हुन् । बाँकी दुई देश कतार र साउदी अरेबिया तीन समूहका उत्कृष्ट तेस्रो र चौथो हुने देशबीच दुई समूह विभाजन गर्दै भएको प्रतिस्पर्धाबाट समूह विजेता विश्वकपमा छनोट भएका हुन् । यसैगरी सो दुई समूहका दोस्रो हुने टोलीबीच प्रतिस्पर्धा गर्दै इराकलाई अन्तरमहादेशीय छनोट खेल्ने अवसर मिल्यो । युएईलाई हराउँदै अन्तर महादेशीय प्लेअफ खेलेको इराकले कन्काफ र दक्षिण अमेरिकी क्षेत्रबाट प्लेअफमा आएका बोलेभिया र सुरीनामलाई पन्छाउँदै विश्वकपमा स्थान पक्का गरेको थियो ।

विश्वकप फुटबलको प्रारम्भिक छनोटमा लाओस्लाई समग्रमा २-१ ले हराउँदै नेपालले अर्को चरणमा प्रवेश पाएको थियो । सो चरणमा युएई, बहराइन र यमनसँग २-२ पटक प्रतिस्पर्धा गरेको नेपालले यमनसँग एउटा खेलमा २-२ को बराबरी गर्नबाहेक अन्य सबै खेलमा नेपाल पराजित भएको थियो ।

### एशियाबाट छनोट भएका देशहरू यसअघि कुनकुन विश्वकपमा सहभागी थिए ?

एशियाली क्षेत्रबाट विश्वकपमा छनोट भएर प्रतिस्पर्धा गर्ने सबैभन्दा पहिलो देश इण्डोनेसिया रहेको छ । सन् १९३८ मा फ्रान्समा भएको विश्वकपका दौरान तत्कालीन डच इष्ट इन्डिजको नामले परिचित इण्डोनेसियाली फुटबल टिमले प्रतिस्पर्धा गरेको थियो । पहिलो राउण्डको खेलमै हङ्गेरीसँग इण्डोनेसिया पराजित हुन पुग्यो । सन् १९५० को विश्वकपमा भारत छनोट भएर पनि पूर्वाधार र आर्थिक कारण देखाउँदै प्रतिस्पर्धा गर्न असफल रह्यो । यसपछि दक्षिण कोरियाले सन् १९५४ मा विश्वकप खेलेको थियो । सो विश्वकपमा दक्षिण कोरिया हङ्गेरीसँग ९-० ले तथा टर्कीसँग ७-० ले पराजित भएको थियो ।

सन् १९७४ मा अष्ट्रेलिया र लगत्तै चार वर्षपछि इरान सहभागी भयो । सन् १९८६ र १९९० मा दक्षिण कोरियाले प्रतिस्पर्धा गऱ्यो । १९९४ को अमेरिका विश्वकपमा साउदी अरब पहिलोपल्ट सहभागी हुँदा दक्षिण कोरियाले निरन्तरता पायो । सन् १९९८ देखि प्रत्येक विश्वकपमा कम्तिमा चार टिम पुग्नेनियम बनाइसक्यो । दक्षिण कोरियालले १३औं पटक विश्वकपमा सहभागिता जनाउँदै गर्दा जापान र साउदी अरेबियाले सातौं पटक प्रतिस्पर्धा गर्दैछ । अष्ट्रेलिया र इरानले ६-६ पटक विश्वकपमा भिड्दा कतार र इराकले अहिलेसम्म १-१ विश्वकपमा भिडन्त गरेका छन् । जोर्डन र उज्वेकिस्तान पहिलोपल्ट विश्वकपमा प्रतिस्पर्धा गर्दैछन् ।

### कसले कतिपल्ट विश्वकपको ताज पहिरिए ?

विश्वकप फुटबलको झण्डै एकसय वर्ष पुरानो इतिहास भइसक्दा २२औं संस्करणसम्म विश्वकप सम्पन्न भइसक्यो । यसमा सबैभन्दा बढी ब्राजिलले पाँच पटक विश्वकप जितेको छ ।

दुई पटक उपविजेता बनेको ब्राजिलले सन् १९५८, १९६२, १९७०, १९९४ र २००२ मा विश्वकप जितेको छ । ब्राजिलपछि सबैभन्दा बढी चार-चार पटक जर्मनी र इटालीले विश्वकपको ट्रफी उचालेका छन् । जर्मनीले सन् १९५४, १९७४, १९९० र २०१४ मा विश्वकप जित्दा चारपटक नै उपविजेता बनेको छ । इटालीले सन् १९३४, १९३८, १९८२ र २००६ मा विश्वकप जित्दा दुई पटक उपविजेता बनेको छ ।

यसैगरी, अर्जेन्टिनाले सन् १९७८, १९८६ र २०२२ मा गरी तीनपटक विश्वकप जित्दा तीनपटक नै उपविजेता बनिसकेको छ । विश्वकप फुटबलको इतिहासमा फ्रान्स र उरुग्वेले दुई-दुई पटक विश्वकप जितेका छन् । उरुग्वेले पहिलो विश्वकप सन् १९३० र १९५० मा विश्वकप जित्दा फ्रान्सले सन् १९९८ र २०१८ मा विश्वकप जित्दा दुई पटक नै फाइनलमा पराजित भयो ।

यसैगरी स्पेन र इङ्गल्याण्डले एक-एक पटक विश्वकप जितेका छन् । नेदरल्याण्ड्स तीन पटक उपविजेता बन्दै गर्दा हङ्गेरी र चेकोस्लाभियाले दुई-दुई पटक उपविजेता बनेका छन् ।

# नर्सिङ पेशाको सम्मान मात्र होइन नेतृत्व पनि आवश्यक



● बेली पौडेल

हरेक वर्ष मे १२ मा 'आधुनिक नर्सिङ सेवाकी जननी' फ्लोरेन्स नाइटिङ्गेलको जन्मजयन्तीको अवसरमा विश्वभर अन्तर्राष्ट्रिय नर्सिङ दिवस मनाइन्छ ।

सन् १९६५ देखि शुरु भएको यो यात्रा 'हाम्रा नर्स हाम्रो भविष्य, नर्सलाई सशक्त बनाऔं जीवन बचाऔं' भन्ने मूल मर्मसम्म आइपुग्दा नर्सहरू स्वास्थ्य सेवाका निर्विकल्प मेरुदण्ड हुन् भन्ने सन्देश विश्वव्यापी बनेको छ ।

यो दिवस नर्सहरूको समर्पणको सम्मान गर्ने पर्व मात्र नभई स्वास्थ्य प्रणालीमा उनीहरूको भूमिका, अधिकार र नेतृत्वबारे गम्भीर विमर्श र आत्ममूल्याङ्कन गर्ने महत्वपूर्ण अवसर पनि हो ।

सन् १९६५ मा क्ष्लतभचलबतष्यलर्बा ऋयगलअर्ष या ल्गचकभक ले शुरु गरेको यो दिवस आज विश्वव्यापी स्वास्थ्य नीतिको महत्वपूर्ण विमर्शको हिस्सा बनेको छ ।

बि.सं. २०१८ (सन् १९६२) सालमा स्थापना भएको नेपाल नर्सिङ संघ र यसका अग्रजहरुको महत्वपूर्ण भूमिकाले नेपाल नर्सिङ संघ अन्तर्राष्ट्रिय नर्सिङ परिषदमा आवध्द भई नेपाली नर्सलाई अन्तर्राष्ट्रिय स्तरमा चिनाउन सफल भएको छ ।

"क्बाभ ःयतजभचजययम देखि "इगच ल्गचकभक। इगच"गतगचभ। सम्मका अन्तर्राष्ट्रिय नाराहरूले नर्सहरू स्वास्थ्य सेवाको मेरुदण्ड मात्र होइन, प्रणाली परिवर्तनका आधारस्तम्भ पनि हुन् भन्ने सन्देश दिँदै आएको छ ।

नेपालको जटिल भूगोल, सीमित स्रोत-साधन तथा असुरक्षित कार्यस्थलका बीच पनि नर्सहरूले पुऱ्याएको योगदान स्वास्थ्य सेवामा निकै गहिरो, बलिदानी र निर्णायक छ । दुर्गमका स्वास्थ्य संस्थादेखि सहरका अत्याधुनिक अस्पताल तथा समुदायसम्म नर्सहरूले निरन्तर सेवा दिँदै आएका छन् ।

प्रसूति सेवा, बालस्वास्थ्य, खोप अभियान, दीर्घरोग व्यवस्थापनदेखि आपत्कालीन उपचारसम्म नर्सहरूले निभाएको भूमिकाले स्वास्थ्य सेवालाई जीवित राखेको छ । उदाहरणको रुपमा कोभिड-१९ महामारीका बेला नेपाली नर्सहरूले ज्यानको जोखिम मोलेर "हामिले नगरे कसले गर्छ" भन्ने भाव सहित देखाएको साहस, धैर्यता र सेवा भावले नर्सिङ पेशाको वास्तविक मूल्य र पेसागत प्रतिबद्धताको ऐतिहासिक उदाहरण समाजलाई प्रस्तुत गरेका थिए ।

यति महत्वपूर्ण योगदान हुँदाहुँदै पनि नर्सिङ क्षेत्रले आज पनि गम्भीर संरचनागत त्रुटी, परम्परागत पितृसत्तात्मक सोच तथा अवैज्ञानिक निति नियमका कारण वृत्ति विकास तथा नेतृत्वमा अकल्पनिय चुनौतीहरू भोगिरहेको छ ।

नर्सको वृत्ति विकासमा ९अबचभभच मभखभयिऊभलत० प्राथमिकता नदिनु तथा यो पेशामा भविष्य उज्ज्वल छ भन्ने संस्थागत विश्वास दिलाउन नसक्नुले आज धेरै दक्ष नर्सहरू पलायन भैरहेका छन् र अझै बढी पलायन हुने अवस्था सिर्जना भएको छ। यहि अवस्था रहदै गएमा विदेशबाट नर्सहरु ल्याउनु पर्ने अवस्था हुन सक्छ ।

तलब-भत्ता र सेवा सुविधामा नकारात्मक असमानता, साथै सेवाग्राही र नर्सको न्यूनतम अनुपात ९ल्गचकभ(एबतष्भलत च्बतष्य० को वैज्ञानिक निर्धारण नहुँदा नर्सहरू चरम तनाव र कार्यदबाबमा काम गर्न बाध्य भएका छन् भने आत्मबल पनि घटाएको छ ।

सबैभन्दा महत्त्वपूर्ण कुरा, स्वास्थ्य सेवाको ठूलो हिस्सा ओगटेर पनि नीति निर्माण र नेतृत्व तहमा नर्सहरूलाई पुग्न सहज अवसर नदिइनु, निर्णय प्रक्रियामा उनीहरूको सहभागिता सुनिश्चित गर्न नीतिगत तहमा हिच्किचाउने प्रवृत्तिले स्वास्थ्य प्रणालीको समग्र प्रभावकारितामा नै प्रश्न उठाएको छ । यी समस्याहरू केवल पेशागत असन्तुष्टिका विषय मात्र होइनन्, समग्र स्वास्थ्य सेवाको गुणस्तर र सुरक्षा सँग प्रत्यक्ष जोडिएका विषय हुन् ।

यी समस्या तथा चुनौतीका बीच पछिल्ला समय केही सकारात्मक परिवर्तनका संकेत पनि देखिन थालेका छन् । जसले सम्पूर्ण नर्सिङ समुदायमा आशा जगाएको छ ।

संघीय संरचनामा नर्सिङ तथा सामाजिक सुरक्षा महाशाखा तथा स्वास्थ्य बिमा बोर्ड मा नर्सिङ सेवाबाट नेतृत्वमा पुग्नु महत्वपूर्ण उपलब्धि हो। त्यसैगरी लुम्बिनी प्रदेश स्वास्थ्य मन्त्रालय मा नर्सिङ पृष्ठभूमिबाट नेतृत्व स्थापित हुनु र वर्तमान स्वास्थ्य मन्त्रालयको राजनीतिक नेतृत्व नै नर्सिङ पृष्ठभूमिबाट हुनु सम्पूर्ण नर्सिङ समुदायका लागि गर्व र आशाको विषय बनेको छ ।

यसले नर्सिङ पेसाको क्षमता र नेतृत्व दक्षताप्रति नयाँ विश्वास स्थापित गर्दै नीति निर्माण र स्वास्थ्य प्रणाली रूपान्तरण गर्न सक्षम छ भन्ने विश्वासलाई थप बलियो बनाएको छ ।

बिरामीसँग प्रत्यक्ष जोडिएर चौबीसै घण्टा सेवा दिने हुनाले नर्सहरूसँग स्वास्थ्य सेवाका व्यावहारिक समस्या र कार्यक्षेत्रको यथार्थता ९न्चयगलम च्भबष्तिथ० प्रति सूक्ष्म अनुभव रहेको हुन्छ । त्यसैले स्वास्थ्य नीतिलाई व्यावहारिक जनमुखी बनाउन र गुणस्तरिय सेवा प्रदान गर्न नर्सहरूको यो अनुभवलाई नेतृत्व तहमा उपयोग गर्नु अपरिहार्य छ । तेसैले अबको बाटो भनेको यी सकारात्मक अभ्यासलाई संस्थागत गर्दै समस्या समाधानतर्फ स्पष्ट नीति अघि बढाउनु हो ।

वर्षौ देखि पिडित भएका नर्सलाई न्याय दिने, नर्सिङ वृत्ति विकासलाई व्यवस्थित गर्ने, कार्यस्थल सुरक्षित र सम्मानजनक बनाउने, उचित तलब-सुविधा सुनिश्चित गर्ने, नर्स-सेवाग्राही अनुपात वैज्ञानिक रूपमा निर्धारण गर्ने तथा नेतृत्व तहमा नर्सहरूको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्ने विषय अब विकल्प होइन, आवश्यकताको विषय बन्नु पर्दछ । नर्सिङ केवल सेवा मात्र होइन, ज्ञान, संवेदना र नेतृत्वको संयोजन हो। सशक्त नर्स बिना सशक्त स्वास्थ्य प्रणाली सम्भव छैन ।

त्यसैले नर्सहरूको सम्मान शब्दमा मात्र होइन, अवसर, संरचना र निर्णय प्रक्रियामा समान सहभागिता व्यवहारमा देखिनुपर्छ ।

अन्तमा अन्तर्राष्ट्रिय नर्सिङ दिवसको अवसरमा स्वास्थ्य सेवा सुधारका लागि नर्सहरूको योगदानको कदर गर्नुको साथै उनीहरूको अधिकार, अवसर र नेतृत्वको पनि समान रूपमा सम्मान गरिनुपर्छ भन्ने संकल्प गर्दै अघि बढौं ।

(पौडेल नेपाल नर्सिङ संघकी सचिव हुन् ।)

# राष्ट्र र जनताको हितलाई केन्द्रमा राखेर संविधान संशोधन गर्नुपर्ने

गण्डकी । संविधान गतिशील राजनीतिक दस्तावेज रहेको भन्दै राष्ट्र र जनताको हितलाई केन्द्रमा केन्द्रमा राखेर संविधान संशोधन गर्नुपर्नेमा जोड दिइएको छ ।

राष्ट्रिय जनमोर्चा, जिल्ला समिति कास्कीद्वारा आज पोखरामा आयोजित 'संविधान संशोधनको सन्दर्भमा गणतन्त्र र राष्ट्रियता' विषयक अन्तरक्रियाका वक्ताहरूले आवश्यकता र औचित्यका




आधारमा संविधानलाई परिमार्जन गर्दै लैजानुपर्नेमा जोड दिइएको हो ।

उक्त विषयमा अवधारणापत्र प्रस्तुत गर्दै राष्ट्रिय जनमोर्चाका उपाध्यक्ष दुर्गा पौडेलले राजनीतिक र जनस्तरमा बहृत् छलफल गरेर मात्र संविधान संशोधनका विषयलाई अगाडि बढाउनुपर्ने बताउनुभयो ।

"संविधान संशोधन जटिल तथा जोखिमपूर्ण तर मुलुकका लागि अत्यावश्यक प्रक्रिया हो", उहाँले भन्नुभयो, "संविधान संशोधनको उठान र अवतरण सही ढङ्गबाट हुन जरुरी छ ।" मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता र अखण्डताको रक्षाको प्रश्न तथा गणतन्त्रको सुदृढीकरणको विषयलाई केन्द्रमा राखेर संविधान संशोधनको विषयलाई अगाडि बढाउनुपर्ने उहाँले बताउनुभयो ।

नेपाली कांग्रेस गण्डकी प्रदेश समितिका सभापति शुक्रराज शर्माले गणतन्त्र, सङ्घीयताजस्ता राजनीतिक उपलब्धीलाई थप बलियो र सुदृढ बनाउने गरी संविधान संशोधन गर्नुपर्ने बताउनुभयो । संविधान संशोधन गर्दा आवश्यकता र औचित्य पुष्टि हुनुपर्ने उहाँको भनाइ छ । "राष्ट्रिय एकता र सहमतिका आधारमा संविधान संशोधन गर्नुपर्छ, राष्ट्र र जनताको बृहत्तर हितलाई केन्द्रमा राख्नुपर्छ", सभापति शर्माले भन्नुभयो ।

नागरिक समाजका प्रतिनिधि विष्णु बरालले जडता र यथास्थितिवादी ढङ्गबाट मुलुक र जनताको आकङ्क्षा पूरा नहुने भन्दै समयसोपक्ष रूपमा संविधानलाई परिमार्जन गर्नुपर्ने धारणा राख्नुभयो ।

संविधान कार्यान्वयनका क्रममा विगतमा राजनीतिक दलहरूबाट देखिएको अक्षमता र कमजोरीलाई स्वीकार गर्दै त्यसलाई सुधार्नुपर्ने उहाँको भनाइ छ । कार्यक्रममा नेकपा (एमाले)का नेता राजीव पहारी, नेपाली कम्युनिष्ट पार्टीका नेता श्रीनाथ बराल, नेपाल कम्युनिष्ट पार्टीका नेतृ सावित्री बुढालगायतले भनाइ राखेका थिए । रासस

# निर्वाचनसम्बन्धी कानुनको मस्यौदामा दलहरूसँग परामर्श, विदेशबाट मतदान र 'नो भोट'बारे मतान्तर

काठमाण्डु । सरकारले निर्वाचन आयोगमै फिर्ता पठाएको निर्वाचनसम्बन्धी कानुन संशोधन र एकीकरण गर्न बनेको विधेयकमाथि राजनीतिक दलसँग परामर्श सुरु भएको छ ।

प्रतिनिधिसभाको निर्वाचनकपछि गठित सरकारले थप छलफलसहित पुनः पेस गर्न उक्त मस्यौदा विधेयक गत महिना आयोगमा फिर्ता पठाएको थियो । आयोगले २०८० असार १८ गते गृह मन्त्रालयसमक्ष सो विधेयक पेस गरेको थियो । विधेयक तयार पार्न नेपाल सरकार, मन्त्रिपरिषद्को २०७८ पुस १४ गतेको निर्णयबाट सैद्धान्तिक सहमति समेत प्राप्त भएको थियो ।

आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले विधेयकको मस्यौदाका विषयमा सङ्घीय र प्रदेश संसद्मा प्रतिनिधित्व गर्ने १४ राजनीतिक दलका प्रतिनिधिसँग मङ्गलबार छलफल गरिएको जानकारी दिनुभयो । छलफलमा राष्ट्रिय स्वतन्त्र पार्टीका केन्द्रीय सदस्य डा रामनारायण ढुङ्गाना, नेपाली कांग्रेसका सहमहामन्त्री योगेन्द्र चौधरी, नेकपा (एमाले)का केन्द्रीय सदस्य नीरज आचार्य, नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का केन्द्रीय सदस्य डा मुक्ति प्रधान, श्रम संस्कृति पार्टीका सहमहामन्त्री समीर तामाङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका सहमहामन्त्री श्यामबहादुर शाही, जनता समाजवादी पार्टी नेपालका महासचिव डा सुरेन्द्रकुमार झा, नेपाल मजदुर किसान पार्टी सचिव प्रेम सुवाल, राष्ट्रिय जनमार्चाका महासचिव मनोज भट्ट, प्रगतिशील लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्य रामप्रकाश पुरीलगायत सहभागी थिए ।

रास्वपाका नेता ढुङ्गानाले विदेशमा रहेका नेपालीको मताधिकार सुनिश्चित गरिनुपर्नेमा जोड दिँदै अन्तरजिल्ला मतदाताको प्रबन्ध गर्न आग्रह गर्नुभयो । एमालेका नेता आचार्यले विदेशमा रहेका नेपालीको मताधिकारबारे सैद्धान्तिक रूपमा विरोध नरहे पनि यसबारे विस्तृत अध्ययन गर्नुपर्ने बताउनुभयो । उहाँले 'नो भोट'को प्रबन्ध गर्दा ५० प्रतिशतभन्दा कम मतदाताले अस्वीकार नगरेमा पुनः मतदान



या के गर्ने तथा अग्रिम मताधिकारजस्ता विषयमा पार्टीको शीर्ष नेतृत्वसँग राय लिएर आयोगलाई सुझाव दिइने जनाउनुभयो ।

नेकपाका नेता प्रधानले श्रम स्वीकृति लिएर विदेशमा रहेका नेपालीको मात्रै मताधिकार कायम गर्न सकिने राय दिनुभयो । नेमकिपाका सुवालले भने विदेशमा रहेका नेपालीको मताधिकार कायम गर्न नहुने तर्क प्रस्तुत गर्नुभयो । जनमोर्चाका महासचिव भट्टले समानुपातिक निर्वाचन प्रणालीमा मतसीमा (थ्रेसहोल्ड) हटाउन माग गर्नुभयो ।

छलफलमा दलका प्रतिनिधिले केही दिन थप अध्ययनका लागि समय दिन र त्यसपछि आफूहरूले लिखित सुझाव दिने जनाएका छन् । दलहरू र अन्य पक्षबाट आउने सुझावलाई मनन् गरेर थप परिमार्जनसहित छिट्टै सरकारसमक्ष विधेयक पेस गरिने प्रवक्ता भट्टराईले जानकारी दिनुभयो ।

निर्वाचन व्यवस्थापनलाई अझ बढी स्वच्छ, निष्पक्ष, सहज र प्रभावकारी बनाउन साबिकको निर्वाचनसम्बन्धी कानुन परिमार्जन गरी निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण बनेको सो प्रस्तावित विधेयक सर्वोच्च अदालतबाट भएका निर्देशनात्मक आदेश तथा अन्तरराष्ट्रिय अभ्यास, विगतका अनुभव तथा सरोकारवालाको पृष्ठपोषणसमेतका आधारमा तयार गरिएको हो । आयोगका अनुसार प्रस्तावित विधेयकमा निर्वाचनसम्बन्धी कानुनको अन्तरराष्ट्रिय मान्यताअनुसार मतदानको विश्वव्यापी अधिकार, मतदानमा समान अधिकार, मतदानमा प्रत्यक्ष संलग्नता, गोप्य मतदान तथा निर्वाचनमा समान सहभागिताजस्ता विषय समावेश छन् ।

प्रस्तावित विधेयकमा थुप्रै नयाँ व्यवस्था गरिएका छन् । मतदाता नामावली सङ्कलन तथा अद्यावधिक गर्ने कार्य निर्वाचन कार्यालय वा सम्बन्धित स्थानीय तहमार्फत विद्युतीय माध्यमबाट नियमित रूपमा गर्ने प्रस्ताव गरिएको छ । कुनै पनि नेपाली नागरिकले आफू स्थायी बसोबास गरेको वडाको मतदाता नामावलीमा नाम दर्ता हुनेगरी कुनै पनि निर्वाचन कार्यालयबाट नाम दर्ता गर्न सक्ने, मतदाता नामावली तयार गर्ने प्रयोजनका लागि विदेशमा रहेका नेपाली नागरिकको विवरण सङ्कलन गर्ने व्यवस्था गरिएको छ ।

यस्तै निर्वाचन हुने दिन र निर्वाचन प्रचारप्रसारको अवधि कानुनमै किटान गर्नुपर्ने, प्रस्तावित विधेयकमा उम्मेदवारको योग्यता र अयोग्यतासम्बन्धी विस्तृत व्यवस्था थप गरी स्पष्ट गरिएको छ । सङ्घीय संसद्, प्रदेशसभा वा स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचनबाहेक त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नसक्ने, प्रतिनिधिसभा सदस्य वा प्रदेशसभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुईपटक निर्वाचित भइसकेको व्यक्ति सोही निर्वाचन प्रणालीबमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने तथा कुनै एक राजनीतिक दलको सदस्य रहेको व्यक्ति त्यस्तो दलको सदस्य पद त्याग नगरी अर्को राजनीतिक दलको तर्फबाट उम्मेदवार हुन नसक्ने प्रस्ताव गरिएको छ ।

राष्ट्रपति वा उपराष्ट्रपति, सङ्घीय संसद्, प्रदेशसभा सदस्य र स्थानीय तहको सदस्य पदको निर्वाचनमा निर्वाचित कुनै व्यक्तिको अयोग्यता सम्बन्धमा उजुरी परेमा सम्बन्धित अदालतले त्यस्तो मुद्दा छ महिनाभित्र कारबाही र किनारा गर्नुपर्ने, प्रतिनिधिसभा वा प्रदेशसभा सदस्यका लागि पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीतर्फ उम्मेदवारी दिँदा कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवार दिनुपर्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी, स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुखमध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने, एउटा पदमा मात्र उम्मेदवारी दिँदा महिला उम्मेदवार दिनुपर्ने एवं वडाध्यक्षको पदमा उम्मेदवारी दिँदा सम्बन्धित स्थानीय तहका सम्पूर्ण वडाध्यक्षमध्ये कम्तीमा ३३ प्रतिशत महिला उम्मेदवारी दिनुपर्ने व्यवस्था गरिएको छ ।


आयोगले विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई नेपाली कूटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै प्रतिनिधिसभाको समानुपातिकतर्फको निर्वाचन प्रणालीअनुसार हुने निर्वाचनमा मतदान गर्न पाउने व्यवस्था मिलाउने, निर्वाचनमा सम्भव भएसम्म स्वदेशी निर्वाचन सामग्री प्रयोग गर्ने व्यवस्था प्रस्ताव गरिएको छ । कुनै मतदाताले कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको भनी मतदान गर्न चाहेमा आयोगले त्यस्तो उम्मेदवारलाई समर्थन नरहने गरी मतपत्रमा मतदानको व्यवस्था गर्ने, मतपत्र गणना गर्दा कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको मतसङ्ख्या त्यस्तो निर्वाचनमा मतदान भएको कुल सदर मतको ५० प्रतिशतभन्दा बढी भएमा त्यस्तो निर्वाचन रद्द हुने प्रस्ताव विधेयकमा गरिएको छ । रासस

## राष्ट्रियसभामा नीति तथा कार्यक्रममाथि छलफल जारी रहने

काठमाण्डु । राष्ट्रियसभामा आगामी आर्थिक वर्ष २०८३/८४ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रममाथिको छलफल जारी रहने भएको छ ।

सभाको बुधबारको बैठकमा अध्यक्ष नारायणप्रसाद दाहालले नीति तथा कार्यक्रममाथि सांसदहरूले धारणा राख्ने क्रम नसकिएकाले आगामी बैठकमा समेत छलफल जारी रहने जानकारी गराउनुभयो ।

राष्ट्रियसभामा आजदेखि नीति तथा कार्यक्रममाथिको



छलफल प्रारम्भ भएको हो । बैठकमा सांसदहरू किरणबाबु श्रेष्ठ, झक्कुप्रसाद सुवेदी, प्रेमप्रसाद दङ्गाल, मोहम्मद खालिद, तुलप्रसाद विश्वकर्मा, नारायणदत्त मिश्र, घनश्याम रिजाल, सम्झना देवकोटा, दुर्गा गुरुङ, सुरेश आलेमगर र सोमनाथ पोर्तेलले आआफ्नो धारणा राख्नुभयो ।

राष्ट्रपति रामचन्द्र पौडेलले यही वैशाख २८ गते सङ्घीय संसद्को दुवै सदनको संयुक्त बैठकमा सम्बोधन गर्दै आर्थिक वर्ष २०८३/०८४ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । राष्ट्रियसभाको अर्को बैठक यही वैशाख ३१ गते बिहीबार बिहान ११:१५ बजे बस्नेछ । रासस

# समयमै रासायनिक मलको व्यवस्था गर्न सांसदहरुको माग

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकको शून्य समयमा सांसदहरुले किसानलाई तत्काल रासायनिक मल उपलब्ध गराउन माग गर्नुभएको छ ।

खेतीको मौसम सुरु हुन लागेकाले तत्काल रासायनिक मल उपलब्ध गराउन, कृषिलाई थप जिम्मेवार र व्यावसायिक बन्ने वातावरण बनाउन उहाँहरुले माग गर्नुभएको हो ।

सांसद विक्रम खनालले खेतीको मौसम सुरु भए पनि रासायनिक मल प्राप्त हुन नसकेको र मल खरिदका लागि साहुसँग ब्याजमा ऋण लिनुपरेको बताउनुभयो । उहाँले किसानलाई तत्काल रासायनिक मल उपलब्ध गराउन सरकारले विशेष ध्यान दिनुपर्नेमा जोड दिनुभयो ।

सांसद सुनिल केसीले समयमै आवश्यक मात्रामा किसानलाई रासायनिक मल उपलब्ध गराउन माग गर्नुभयो । सांसद शम्भुप्रसाद ढकालले गरिब नेपाली किसानले लगाएको केरा बिक्रीका लागि वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो । उहाँले सीमापारिबाट सामान ल्याउनेभन्दा पनि नेपाली उत्पादन नै उपभोग गर्नुपर्ने बताउनुभयो ।

सांसद लक्ष्मीप्रसाद पोखरेलले कर्णाली राजमार्गको सुर्खेतको बाङ्गेसिमलदेखि जुम्ला खलङ्गासम्मको यात्रालाई सुरक्षित बनाउन माग गर्नुभयो । यो सडकमा बढ्दो सवारी दुर्घटनामा भएको मानवीय क्षति घटाउनुपर्ने उहाँको सुझाव थियो ।

सांसद लिमा अधिकारी आचार्यले ग्रामीण क्षेत्रहरु क्रमशः रित्तिदै गएकाले नेपालको सौन्दर्यलाई उपयोग गर्दै पर्यटकलाई भित्र्याएर काम गर्ने वातावरण बनाउन आग्रह गर्नुभ्यो ।

सांसद लेखजङ्ग थापाले गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थल निर्माण भए पनि हालसम्म प्रभावकारी रुपमा सञ्चालनमा आउन नसक्दा लगानी खेर गएको दुखेसो



गर्नुभयो ।

सांसद विष्णुमाया विकले अन्तरजातीय विवाहका कारण सिन्धुलीका एक दलित युवकको निधन भएको घटनाप्रति सदनको ध्यानाकर्षण गराउनुभयो ।

सांसद शिवशङ्कर यादवले छोटी भन्सार बन्द हुँदा तराई मधेसका जिल्लामा समस्या भएको बताउनुभयो ।

सांसद श्रद्धा कुँवर क्षेत्रीले डिजिटल प्लेटफर्मलाई सरकारले विशेष प्राथमिकतामा राखेर नीति तथा कार्यक्रममा समावेश गरेकामा धन्यवाद दिनुभयो ।

सांसद श्रीधर पोखरेलले बर्दियामा वन्यजन्तुको आक्रमणका कारण नागरिकले अकालमा ज्यान गुमाउनुपरेको पीडा सुनाउनुभयो । सांसद सन्दीप रानाले वर्षायाम सुरु भएकाले पाल्पाको सडक पूर्वाधारमा समस्या हुने भएकाले तत्काल पूर्वतयारीको काम थाल्न आग्रह गर्नुभयो ।

सांसद समीना मियाँले स्वास्थ्य क्षेत्रको प्रमुख जनशक्तिका रुपमा रहेका नर्सलाई न्यूनतम पारिश्रमिक व्यवस्था गर्न र सुरक्षाको प्रबन्ध गर्न माग गर्नुभयो ।

सांसद समीक्षा बाँस्कोटाले काठमाडौँ उपत्यकाभित्रका विश्व सम्पदा सूचीको जगर्नो गर्न माग गर्नुभयो ।

सांसद सरस्वती लामाले धादिङ-सोम्ताङ सडक निर्माण सुरु भएको लामो समय भए पनि हालसम्म प्रभावकारी निर्माण हुन नसकेकामा गुनासो गर्नुभयो ।

सांसद सरिता महतोले अटिजम भएका बालबालिकालाई देशभित्रै सहज रुपमा परीक्षणको प्रबन्ध गर्न माग गर्नुभयो ।

सांसद साजिता खातुन सिद्धिकीले २४ घण्टाको सूचना दिएर सुकुमवासी बस्ती खाली गर्दा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक समस्यामा परेका बताउनुभयो ।

सांसद सीताराम साहले तराई मधेसमा खानेपानीको समस्या समाधान गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सिर्जना श्रेष्ठले राज्यलाई कर तिर्ने र रोजगारी उपलब्ध गराउने निजी क्षेत्र क्रमशः हतोत्साही बन्दै गएकाले तत्काल लगानीमैत्री वातावरण बनाउन माग गर्नुभयो ।

सांसद सीता थपलियाले शिक्षा विधेयकलाई तत्काल अगाडि बढाउन माग गर्नुभयो । सांसद सुनिताकुमारी चौधरीले निषाद समुदाय राजनीतिक, सामाजिक, आर्थिक अवस्था कमजोर अवस्थामा रहेकाले उनीहरुलाई जनजाति समुदायमा सूचीकृत गर्न माग गर्नुभयो ।

सांसद सुरेशकुमार चौधरीले बाँके जिल्ला सुगम मानिए पनि विभिन्न स्थानमा विकासका कुनै पनि पूर्वाधार छैन भन्नुभयो ।

सांसद सुशान्त बैदिकले सुशासन र समृद्धिका लागि जेनजीले दिएको बलिदानको स्मरण गर्नुभयो । उहाँले प्राकृतिक र मानव सिर्जित विपद्को रोकथामका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

सांसद सुशीलकुमार कानुले वीरगञ्जमा व्यापार व्यवसाय प्रभावकारी हुन नसकेको र जनताको गुनासो सम्बोधन हुन नसकेको बताउनुभयो ।

सांसद सुशील खड्काले नेपालमा शालिग्राम पाइने एकमात्र नदी कालगण्डकीको अत्यधिक दोहन भइरहेकाले तत्काल त्यो नियन्त्रणको माग गर्नुभयो ।

सांसद सुशीला ढकाल आचार्यले सुकुमवासी बस्तीमा डोजर चल्दा सयौँका सपना चकनाचुर भएका गुनासो गर्नुभयो ।

सांसद सुहाङ नेम्बाङले नेपालमा चियाखेतीको इतिहास लामो भए पनि चिया निर्यात पछिल्ला दिनमा ठप्प भएकाले तत्काल समस्या समाधानका लागि आग्रह गर्नुभयो ।

सांसद सृष्टि भट्टराईले जेनजी आन्दोलमा सहभागी भएकै आधारमा अझैसम्म पनि गलत तरिकाले पक्राउ गरी दुःख दिने काम भइरहेको बताउनुभयो ।

सांसद स्मृति सेञ्चुरीले लामो समयदेखि म्याग्नेसाइट उद्योग अलपत्र परेको गुनासो गर्नुभयो ।

यसैगरी, सांसदहरु सुम्निमा उदास, हरिमोहन भण्डारी, हरिप्रसाद भुसाल, ज्ञानु पौडेल, ज्ञानेन्द्रसिंह मेहता, क्षितिज थेवेले स्थानीय तथा राष्ट्रिय समस्या समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो । रासस

# लुम्बिनी प्रदेश सरकार मन्त्रालय संख्या घटाउने तयारीमा



लुम्बिनी । लुम्बिनी प्रदेशका मुख्यमन्त्री चेतनारायण आचार्यले आगामी साउन १ गतेदेखि कार्यान्वयन हुनेगरी मन्त्रालय संख्या घटाउने तयारी सुरु गरिएको बताउनुभएको छ ।

प्रदेश विकास समस्या समाधान समितिको आजको बैठकमा मुख्यमन्त्री आचार्यले नीति तथा कार्यक्रममा समावेश गरेर मन्त्रालय सङ्ख्या घटाउने प्रक्रिया अघि बढाइने जानकारी दिनुभएको हो ।

उहाँले असार १५ देखि २० गतेभित्र मन्त्रालय मातहतका निर्देशनालय तथा कार्यालयको समायोजन प्रक्रिया टुङ्ग्याएर साउन १ गतेदेखि नयाँ संरचनाअनुसार काम अघि बढाइने बताउनुभयो ।

प्रदेशमा अहिले मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयसहित १२ वटा मन्त्रालय छन् । चालु खर्च घटाउने, प्रशासनिक संरचना चुस्त बनाउने र कार्यसम्पादन प्रभावकारी बनाउने उद्देश्यले सरकारले उक्त कदम अघि बढाएको मुख्यमन्त्री आचार्यको भनाइ छ ।

यसैगरी यातायात क्षेत्रको सेवा प्रवाहलाई सहज, चुस्त र सबैको पहुँचमा पुऱ्याउन जिल्लामा रहेका घरेलु कार्यालयबाट सेवा प्रवाहको प्रक्रिया अघि बढाउनेगरी प्रस्ताव तयार पार्न निर्देशन दिनुभएको छ ।

सहरी विकास तथा खानेपानी मन्त्रालयका सचिव वासुदेव पौडेलले सङ्घीय सरकारबाट हस्तान्तरण भएका खानेपानी आयोजनामा शुन्य बजेट हुँदा समस्या उत्पन्न भएको बताउनुभयो । उहाँका अनुसार करिब ४०० खानेपानी आयोजनाले समस्या भोगिरहेका छन् । सम्पन्न उन्मुख र प्रतिफल देखिने आयोजनालाई प्राथमिकतामा राख्नुपर्ने उहाँको सुझाव थियो ।

ऊर्जा, जलस्रोत तथा सिँचाइ मन्त्रालयका सचिव चुर्णबहादुर ओलीले आयोजनाको वर्गीकरण मापदण्ड परिवर्तन गर्न आवश्यक रहेको बताउनुभयो । जलस्रोतव्यवस्थापनलाईप्राथमिकता दिनुपर्ने उल्लेख गर्दै उहाँले पानी सङ्कट समाधानका लागि चुरे संरक्षणसँग जोडिएर रिचार्ज जोन विकास गर्नुपर्ने धारणा राख्नुभयो ।

वन तथा वातावरण मन्त्रालयले मानव-वन्यजन्तु द्वन्द्व बढ्दै गएकाले यसको न्यूनीकरणका लागि विशेष योजना बनाएर कार्यान्वयन गर्नुपर्ने आवश्यकता औँल्याएको थियो । उद्योग, पर्यटन तथा यातायात मन्त्रालयका सचिव नारद गौतमले घरेलु कार्यालयबाटै यातायात सेवा दिने तयारी गर्नुपर्ने तथा उत्पादनमा आधारित अनुदानलाई प्राथमिकतामा राख्नुपर्ने सुझाव दिनुभयो ।

बैठकमा भौतिक पूर्वाधार विकासमन्त्री भूमिश्वर ढकाल, सहरी विकास तथा खानेपानीमन्त्री सरोज थापा, कृषि, भूमि व्यवस्था तथा सहकारीमन्त्री दिनेश पन्थी, आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्की, स्वास्थ्यमन्त्री खेमबहादुर सारु, सामाजिक विकासमन्त्री जन्मजय तिमिल्सिना, ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री सीता शर्मा चौधरी, युवा तथा खेलकुदमन्त्री सन्तोषकुमार पाण्डे, आन्तरिक मामिला तथा कानुनमन्त्री आदेशकुमार अग्रवाललगायतले प्राथमिकताका विषयमा धारणा राखेका थिए ।

बैठकमा प्रमुख सचिव कृष्णप्रसाद काप्री, प्रदेश योजना आयोगका उपाध्यक्ष डा डिल्लीराज अर्याल तथा आर्थिक मामिला तथा योजना मन्त्रालयका सचिव बन्धुप्रसाद बास्तोलाले प्रदेशको आर्थिक तथा योजनागत अवस्थाबारे प्रकाश पार्नुभएको थियो । रासस

# सदनको कारबाही नियमित सञ्चालन हुनुपर्छ : बुर्लाकोटी

काठमाण्डु । प्रतिनिधिसभाको बैठक १५ मिनेटका लागि स्थगित भएको छ । प्रतिनिधिसभाको दोस्रो बैठक सुरु भएलगत्तै विपक्षी दलका सांसदहरूले प्रधानमन्त्रीको उपस्थितिको माग गर्दै लगातार विरोध जनाएपछि सभामुख डोलप्रसाद अर्यालले बैठक स्थगित गर्नुभएको छ ।

त्यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीका मुख्य सचेतक कविन्द्र बुर्लाकोटीले प्रतिनिधिसभा नियमावलीअनुसार नै सदनलाई सञ्चालन हुन दिनुपर्ने बताउनुभएको थियो ।

प्रतिनिधिसभाको आजको दोस्रो बैठकमा विपक्षी दलका सांसदहरूले



सदनमा प्रधानमन्त्रीको उपस्थिति खोज्दै विरोध जनाउनुभएपछि बुर्लाकोटीले सदनको कारबाही नियमित रूपमा सञ्चालन हुनुपर्ने बताउनुभयो । उहाँले कुनै पनि बहानामा सदनको कारबाही रोकिन नहुने धारणा राख्नुभयो ।

विपक्षी दलका सांसदहरूले प्रधानमन्त्रीको उपस्थिति खोज्दै अवरोध जनाएपछि सभामुख डोलप्रसाद अर्यालले सदनको कारबाही अगाडि बढाउनका लागि सहयोग गर्न आग्रह गर्नुभयो । उहाँले प्रधानमन्त्रीको तर्फबाट मन्त्रीलाई जिम्मेवारी तोकेर पठाइसकेको जानकारी गराउँदै आशन ग्रहण गरेर सहयोग गर्न अनुरोध गर्नुभयो ।

नेपाली कांग्रेसका संसदीय दलका नेता भीष्मराज आङ्दम्बेलेप्रतिनिधिसभामा आएर जवाफ दिन प्रधानमन्त्रीलाई रुलिङ गर्न माग गर्नुभयो ।

नेकपा(एमाले)का सांसद गुरु बरालले 'असंसदीय शब्द'को छानबिनका लागि समिति बनाउन माग गर्नुभयो ।रासस

# सरमत मिसाइल परीक्षणमा पुटिनको प्रशंसा



रासस/एएफपी । रुसले आफ्नो रणनीतिक क्षमतामा ठूलो उपलब्धि हासिल गरेको दाबी गर्दै राष्ट्रपति भ्लादिमिर पुटिनले सरमत अन्तरमहादेशीय ब्यालेस्टिक मिसाइल प्रणालीको सफल परीक्षणको प्रशंसा गर्नुभएको छ । उहाँले यसलाई 'विश्वको सबैभन्दा शक्तिशाली मिसाइल प्रणाली' भन्दै रूसको दीर्घकालीन सुरक्षा रणनीतिको प्रमुख आधारका रूपमा प्रस्तुत गर्नुभयो ।

रुसी रणनीतिक मिसाइल बलका कमान्डर सर्गेई कराकायेभसँग भिडियो कन्फरेन्समार्फत रिपोर्ट प्राप्त गरेपछि राष्ट्रपति पुटिनले परियोजनामा संलग्न सैनिक, वैज्ञानिक, इन्जिनियर तथा रक्षा उद्योगका कर्मचारीहरूलाई बधाई दिनुभयो।

पुटिनका अनुसार रुसले सन् २००० को दशकको सुरुआतदेखि नै आफ्नो प्रतिरोध क्षमता मजबुत बनाउने कार्यक्रम पुनः सुरु गरेको थियो र सन् २००२ मा संयुक्त राज्य अमेरिकाले एन्टी-ब्यालेस्टिक मिसाइल सन्धिबाट बाहिरिएपछि यो प्रक्रिया अझ तीव्र बनेको थियो । उहाँले त्यसपछि रुसले विश्वमै अद्वितीय मानिने उन्नत हतियार प्रणाली विकास गर्न थालेको बताउनुभयो ।

सरमत प्रणालीलाई पूर्व सोभियत सङ्घको भोयेभोडा मिसाइलसँग तुलना गर्दै पुटिनले यो प्रणाली अझ उन्नत र शक्तिशाली भएको दाबी गर्नुभयो। उहाँका अनुसार यसको पेलोड क्षमता पश्चिमी समकक्षहरूभन्दा करिब चार गुणा बढी छ।

पुटिनले सरमत मिसाइलले ब्यालेस्टिक मात्र नभई सब-अर्बिटल मार्ग प्रयोग गर्न सक्ने भएकाले यसको सञ्चालन दायरा ३५ हजार किलोमिटरभन्दा बढी पुग्ने बताउनुभयो । उहाँले यस क्षमताले मिसाइललाई कुनै पनि वर्तमान वा भविष्यका मिसाइल प्रतिरक्षा प्रणालीलाई पार गर्न सक्षम बनाउने दाबी गर्नुभयो ।

राष्ट्रपति पुटिनले यस वर्षको अन्त्यसम्ममा सरमत मिसाइल प्रणालीलाई पूर्ण रूपमा युद्ध कर्तव्यमा राखिने घोषणा गर्नुभयो ।

उहाँले रुसले पछिल्ला वर्षहरूमा विकास गरेका अन्य रणनीतिक हतियार प्रणालीहरूको पनि उल्लेख गर्नुभयो, जसमा एभानगार्ड हाइपरसोनिक मिसाइल प्रणाली, किन्झाल हाइपरसोनिक मिसाइल, ओरेस्निक मध्यम दूरीको मिसाइल प्रणाली तथा पोसाइडन मानवरहित समुद्री प्रणाली समावेश छन् ।

साथै, सानो आणविक शक्ति प्रणालीद्वारा सञ्चालित ब्युरेभेस्टनिक ग्लोबल-रेन्ज क्रुज मिसाइलको विकास अन्तिम चरणमा पुगेको पनि उहाँले जानकारी दिनुभयो ।

पुटिनले रक्षा मन्त्रालय, सैनिक संरचना, वैज्ञानिक तथा इन्जिनियर समुदाय र रक्षा उद्योगसँग सम्बन्धित सबै पक्षलाई यो उपलब्धिका लागि धन्यवाद व्यक्त गर्नुभयो । सरमत मिसाइल कार्यक्रम पहिलो पटक सन् २०१८ मा रूसले आफ्नो नयाँ पुस्ताको रणनीतिक हतियार योजनाअन्तर्गत सार्वजनिक गरेको थियो । त्यसयता यो प्रणालीलाई रूसको दीर्घकालीन सैन्य क्षमता विस्तारको महत्त्वपूर्ण हिस्सा मानिँदै आएको छ ।

> सरमत प्रणालीलाई पूर्व सोभियत संघको भोयेभोडा मिसाइलसँग तुलना गर्दै पुटिनले यो प्रणाली अझ उन्नत र शक्तिशाली भएको दाबी गर्नुभयो ।

## ट्रम्पको चीन भ्रमण :

# व्यापार, करवृद्धि र मध्यपूर्वजस्ता महत्वपूर्ण विषयमा छलफल

रासस/एएफपी । अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्प अमेरिकी समयअनुसार मङ्गलबार राति चीन भ्रमणका लागि प्रस्थान गर्नुभएको छ । उहाँ अबको केहीघण्टाभित्र बेइजिङ अवतरण गर्नुहुनेछ ।


राष्ट्रपति ट्रम्पको चीन भ्रमण यस्तो समयमा भएको छ जतिवेला इरानविरूद्ध अमेरिका-इजरायलको संयुक्त आक्रमणपछि बदलामा इरानले चालेको कदमले मध्यपूर्वमा तनाबको अवस्था सिर्जना भएको छ ।

विश्वका प्रमुख दुई विशाल अर्थतन्त्रबीच व्यापार, करवृद्धि र मध्यपूर्वजस्ता महत्वपूर्ण विषयमा छलफल गर्ने कार्यक्रम रहेको चिनियाँ अधिकारीले जनाएका छन् ।

चीनले यो भ्रमणलाई अमेरिकासँगको व्यापारिक सम्बन्ध सुधारको अवसरका रूपमा हेरेको छ । इरान सङ्कट र खाडी क्षेत्रको अवस्थाबारे भ्रमण केन्द्रित रहने अन्तराष्ट्रिय सञ्चारमाध्याहरूले जनाएका छन् ।

अमेरिकी राष्ट्रपति ट्रम्पको बुधबार हुने चीनको राजकीय भ्रमणका क्रममा हुने यो भेटवार्तासँगै दुई मुलुकका नेताबीचको यो सातौँ प्रत्यक्ष भेट हुनेछ । यसअघि उहाँहरुबीच सन् २०२५ को अक्टोबरमा दक्षिण कोरियाको बुसानमा भेटवार्ता भएको थियो ।

चीनले यो भ्रमणलाई व्यापार सम्झौतालाई अगाडि बढाउने र अमेरिकासँगको करवृद्धि विवाद अन्त्य गर्ने अवसरका रूपमा हेरेको छ । यो करवृद्धिले ५२५ अर्ब डलरभन्दा बढीको चिनियाँ निर्यातमा असर गरेको तथ्याङ्कहरू सार्वजनिक भएका छन् ।



राष्ट्रपति ट्रम्पले यसअघि सन् २०१७ मा आफ्नो पहिलो कार्यकालमा चीनको भ्रमण गर्नुभएको थियो यसपटक उहाँ अमेरिकाका कैयौँ ठूला कम्पनीका कार्यकारी प्रमुखसहित बेइजिङ आइपुग्नुहुनेछ ।

ह्वाइट हाउसले ट्रम्पको कार्यतालिका कस्तो हुने भन्ने खुलाएको छ ।

ह्वाइट हाउसका अनुसार राष्ट्रपति ट्रम्प बुधबार साँझ बेइजिङ पुग्नुहुनेछ भने बिहीबार उहाँलाई चिनियाँ राष्ट्रपति सी चिनफिङले औपचारिकरूपमा स्वागत गर्नुहुनेछ र त्यसपछि द्विपक्षीय भेटवार्ता हुनेछ । दुई नेताबीच शुक्रबार पनि अनौपचारिक कुराकानी हुनेछ र सोही दिन उहाँलाई चिनियाँ राष्ट्रपतिका तर्फबाट दिवा भोजको आयोजना हुनेछ । अमेरिकाले चिनियाँ राष्ट्रपति सीलाई वासिङ्टन भ्रमणको निम्तो दिने योजना पनि बनाएको छ ।

अमेरिकी अर्थमन्त्री स्कट बेसेन्टसँग व्यापार वार्ताका लागि उपप्रधानमन्त्री हे लिफेङ मे १२ र १३ मा दक्षिण कोरिया जानुभएको छ । ट्रम्पको भ्रमणअघि यो वार्ता अन्तिम चरणको वार्ता हुनेछ । वार्तामा व्यापार, कर, कृत्रिम बुद्धिमत्ता र प्रविधि, ताइवान र अमेरिकाले ताइपेईलाई हतियार बिक्री गर्ने, इरान र मध्यपूर्वको सुरक्षा, दुर्लभ खनिज र आपूर्ति शृङ्खलाजस्ता विषयमा छलफल हुने बताइएको छ ।

ट्रम्पको तालिकामा बेइजिङमा रहेको 'टेम्पल अफ हेवन' (स्वर्गको मन्दिर) को भ्रमण पनि समावेश छ। यो मन्दिरहरूको एक परिसर हो, जहाँ पुरानो समयमा चिनियाँ सम्राटहरूले राम्रो फसलको लागि पूजा गर्थे।

**व्यापार वार्ता**

बेइजिङ प्रस्थान गर्नुअघि राष्ट्रपति ट्रम्पले सीसँगको सबैभन्दा महत्वपूर्ण वार्ता व्यापारसम्बन्धी हुने बताउनुभएको थियो । उहाँले चीनसँग थप सम्झौतामा हस्ताक्षर गर्ने योजना बनाउनुभएको छ, जसअन्तर्गत चीनले अमेरिकाबाट थप खाद्य पदार्थ र विमान खरिद गर्नेछ। दुई देशले आफ्ना मतभेदहरू समाधान गर्न व्यापार बोर्ड गठन गर्ने योजना पनि बनाएका छन्।

**चीनको अपेक्षा**

व्यापारका दृष्टिले ट्रम्पसँगै अमेरिकाका प्रमुख बहुराष्ट्रिय कम्पनीका उच्च अधिकारीहरु पनि सहभागी हुने भएकाले यो भ्रमणबाट चीनले ठूलो फाइदा लिने अपेक्षा गरिएको छ। यसमा टेस्लाका प्रमुख एलन मस्क र एप्पलका कार्यकारी प्रमुख टिम कुक पनि सामेल हुनुहुन्छ, उहाँहरूको चीनमा राम्रो व्यवसाय छ । सन् २०२६ को सुरुवातमा एप्पलले चीनको प्रतिस्पर्धी स्मार्टफोन बजारमा पहिलो स्थान हासिल गरेको छ। यसको कारण आइफोनको बिक्रीमा २८ प्रतिशतले वृद्धि भएको थियो । चीनमा बनेका टेस्ला गाडीहरूको बिक्री (निर्यात सहित) अप्रिलमा ७९,४७८ पुगेको छ, जुन अघिल्लो वर्षको तुलनामा ३६ प्रतिशतले बढी हो। यसले उत्पादन पुनः बढ्ने सङ्केत गरेको छ।

**विश्व नजर**

खाडी क्षेत्रको सङ्कट र इरान युद्धको समाधान हुने अपेक्षा गरिएकाले विश्वको यो भ्रमणमा विशेष नजर रहनेछ । इरानका विदेशमन्त्री अब्बास अरागचीले हालै बेइजिङको भ्रमण गर्नुभएको थियो, जसलाई अमेरिकाले पनि नजिकबाट नियालेको थियो। चीन इरानबाट तेल किन्ने सबैभन्दा ठूलो देश हो।

चीनले इरानलाई स्ट्रेट अफ हर्मुज खोल्न अपिल गरेको छ । अमेरिकी विदेशमन्त्रीले भने इरानको नीतिले उसलाई विश्वस्तरमै एक्ल्याउने बताउनुभएको छ। विश्लेषकहरूका अनुसार चीनले साउदी अरब, युएई र कुवेतजस्ता धेरै देशसँग गहिरो सम्बन्ध राखेकाले खाडी क्षेत्रमा स्थिरता चाहन्छ।

चीनको सरकारी पत्रिका ग्लोबल टाइम्सले दुई नेताबीचको वार्ताले सम्बन्धमा स्थायित्व ल्याउने र भविष्यमा सहकार्यलाई अझ मजबुत बनाउनुपर्ने जनाएको छ। चीनले यो बैठकमा ताइवान मुद्दा पनि महत्वपूर्ण हुने बताएको छ भने अमेरिकाले चीनलाई ताइवानमाथि 'सही निर्णय' लिन भनेको छ।

# गर्भनिरोधक अभावले बङ्गलादेश चिन्तित

रासस/एएफपी । एक समय परिवार नियोजन कार्यक्रमका कारण अन्तर्राष्ट्रिय रूपमा प्रशंसा कमाएको बङ्गलादेश अहिले गम्भीर गर्भनिरोधक अभावको सङ्कटसँग जुधिरहेको छ । सरकारी स्तरको कमजोर योजना, खरिद प्रक्रियामा ढिलाइ र प्रशासनिक अव्यवस्थाका कारण देशका धेरै जिल्लामा आधारभूत गर्भनिरोधक सामग्री सकिन थालेपछि अनियोजित गर्भधारण बढ्ने चिन्ता तीव्र बनेको छ ।



दशकौँदेखि बङ्गलादेशलाई दक्षिण एसियामा सफल परिवार नियोजन कार्यक्रम सञ्चालन गर्ने राष्ट्रका रूपमा हेरिँदै आएको थियो । सरकारले हजारौँ स्वास्थ्यकर्मीलाई गाउँ-गाउँ र घर-घर पठाएर गर्भनिरोधक चक्की, कन्डम तथा जन्म अन्तरसम्बन्धी परामर्श उपलब्ध गराउने व्यवस्था गरेको थियो । यही कार्यक्रमका कारण तीव्र जनसङ्ख्या वृद्धिदर नियन्त्रणमा आएको मानिन्थ्यो ।

तर अहिले त्यही प्रणाली कमजोर बन्दै गएको छ । खरिद प्रक्रियामा विफलता, प्रशासनिक जटिलता र आपूर्ति व्यवस्थापनमा भएको ढिलाइका कारण देशका ६४ जिल्लामध्ये करिब एक तिहाइ जिल्लामा गर्भनिरोधक सामग्री सकिएको सरकारी तथ्याङ्कले देखाएको छ ।

ढाकास्थित सावर उपजिला स्वास्थ्य कम्प्लेक्सका परिवार नियोजन अधिकारी अहमद बिन सुल्तानले पछिल्ला चारदेखि पाँच महिनादेखि कन्डम आपूर्ति रोकिएको जानकारी दिनुभयो । "हामी सेवा लिन आउनेहरूलाई निजी औषधि पसलबाट किन्न आग्रह गरिरहेका छौँ", उहाँले भन्नुभयो ।

सावर क्षेत्रमा करिब एक लाख जनसङ्ख्याको जिम्मेवारी सम्हाल्दै आउनुभएका सुल्तानका अनुसार अधिकांश सेवा लिनेहरू गार्मेन्ट उद्योगमा कार्यरत श्रमिक परिवारका छन्, जसका लागि निजी बजारबाट नियमित रूपमा गर्भनिरोधक सामग्री खरिद गर्नु आर्थिक रूपमा सहज छैन ।

मे महिनाको सरकारी विवरणअनुसार कन्डम, मौखिक गर्भनिरोधक चक्की, आपतकालीन गर्भनिरोधक, इन्ट्रायुटेरिन उपकरण (आइयुडी) तथा इन्जेक्सनमार्फत प्रयोग हुने गर्भनिरोधक सामग्री धेरै जिल्लामा उपलब्ध छैनन् । अन्य क्षेत्रमा समेत मौज्दात तीव्र रूपमा घट्दै गएको छ ।

दुई सन्तानकी आमा २२ वर्षीया तमन्ना प्रत्येक महिना सावर स्वास्थ्य केन्द्र पुग्ने गर्नुहुन्छ । पहिले केन्द्रले एकैपटक तीनदेखि चार प्याकेट गर्भनिरोधक चक्की दिने गरे पनि अहिले सीमित मात्रामा उपलब्ध गराइने गरेको उहाँले बताउनुभयो । "हरेक महिना केन्द्र धाउनुपर्छ । काम गर्ने दिनमा समय निकाल्न पनि निकै कठिन हुन्छ", घरेलु कामदार रहेकी तमन्नाले भन्नुभयो ।

जनस्वास्थ्य विज्ञ बे-नाजिर अहमदले गर्भनिरोधक सङ्कट मात्र नभई खोप अभावजस्ता अन्य स्वास्थ्य समस्यासमेत बढ्दै गएको उल्लेख गर्दै यसलाई राज्यको खराब व्यवस्थापनको परिणाम बताउनुभयो।

उहाँका अनुसार हाल फैलिएको दादुरा प्रकोपका कारण मार्चको मध्यदेखि करिब ४०० बालबालिकाको मृत्यु भइसकेको छ।

"दादुरा प्रकोप, रेबिज खोप अभाव र अहिलेको परिवार नियोजन सामग्री सङ्कट सबै व्यवस्थापन कमजोर भएको परिणाम हुन्", अहमदले भन्नुभयो ।

विशेषज्ञहरूले यो सङ्कटले बङ्गलादेशले दशकौँमा हासिल गरेको जनसंख्या नियन्त्रणको उपलब्धि उल्टाउन सक्ने चेतावनी दिएका छन् ।

कुनै समय मुस्लिम बहुल समाजमा परिवार नियोजनलाई असहज विषयका रूपमा हेरिन्थ्यो । तर सन् १९७० को दशकदेखि सरकारी स्वास्थ्यकर्मीहरूले घर-घर पुगेर वैवाहिक स्वास्थ्य, जन्म अन्तर र गर्भनिरोधकका विकल्पबारे सचेतना फैलाउन थालेपछि ठूलो परिवर्तन आएको थियो ।

परिवार कल्याण अधिकारी तहमिनाले बङ्गलादेशमा परिवार नियोजन कुनै समय सामाजिक अभियानकै रूपमा अघि बढाइएको स्मरण गर्नुभयो । "मैले सन् १९९२ मा काम सुरु गर्दा मानिसहरू लुकिछिपी चक्की र कन्डम लिन आउने गर्थे", उहाँले भन्नुभयो ।

सन् १९७५ मा बङ्गलादेशमा प्रतिमहिला औसत ६.३ सन्तान जन्मिने दर रहेको थियो । ३० वर्षभित्र त्यो घटेर ३ मा झरेको थियो भने सन् २०२२ सम्म आइपुग्दा २.३ मा सीमित भएको थियो। तर संयुक्त राष्ट्रसङ्घको पछिल्लो तथ्याङ्कअनुसार अहिले यो दर फेरि बढेर २.४ पुगेको छ।

अधिकारीहरूले सन् २०२४ को राजनीतिक उथलपुथलपछि प्रशासनिक संरचना कमजोर बनेको र त्यसकै असर खरिद प्रक्रियामा परेको स्वीकार गरेका छन्।

नाम नखुलाउने सर्तमा एक वरिष्ठ अधिकारीले सन् २०२४ मा गर्भनिरोधक सामग्री खरिद गर्न नसकिएको बताए । "हामीले सरकारलाई अभाव गम्भीर बन्दै गएको कुरा समयमै विश्वास दिलाउन सकेनौँ", उनले भने ।

कोभिड-१९ महामारीका बेला परिवार नियोजन कार्यक्रम प्रभावित हुनु पनि अहिलेको सङ्कटको अर्को कारण मानिएको छ।

ढाका विश्वविद्यालयका जनसङ्ख्या विज्ञान प्राध्यापक मोहम्मद बेलाल हुसेनले पूर्वप्रधानमन्त्री शेख हसिनाको शासनकालमा जनसङ्ख्या नीतिप्रति राजनीतिक चासो घट्दै गएको टिप्पणी गर्नुभयो ।

"१७ वर्षको अवधिमा शेख हसिना एकपटक मात्र जनसङ्ख्या परिषद्को बैठकमा सहभागी हुनुभयो । त्यसपछि यो कार्यक्रमले आफ्नो गति गुमाएको महसुस हुन थाल्यो", उहाँले भन्नुभयो । फेब्रुअरीमा नयाँ सरकार निर्वाचित भए पनि अभाव अझै हट्न सकेको छैन । धेरै स्वास्थ्य केन्द्र अहिले उपलब्ध भएका सीमित साधन प्रयोग गर्न दम्पतीलाई आग्रह गर्न बाध्य छन् ।

यसबीच गर्भपतनसम्बन्धी चक्कीहरू बिना चिकित्सकीय सल्लाह सहजै बिक्री हुन थालेपछि स्वास्थ्य जोखिमसमेत बढेको बताइएको छ ।

मेरी स्टोप्स बङ्गलादेशकी कन्ट्री डाइरेक्टर किश्वर इमदादले असुरक्षित रूपमा औषधि प्रयोग गर्दा गर्भपतनपछिका जटिल समस्या भएका बिरामी अस्पतालमा आउने क्रम बढेको बताउनुभयो ।

उहाँका अनुसार दुर्गम क्षेत्रमा सञ्चालित परिवार नियोजन कार्यक्रम सन् २०२४ मा सामग्री अभावकै कारण रोकिएको थियो र आपूर्ति प्रणाली अझै पूर्ण रूपमा पुनःस्थापित हुन सकेको छैन ।

बङ्गलादेश स्वास्थ्य मन्त्रालयका परिवार नियोजन निर्देशक मोहम्मद अब्दुल कलामले भने स्थिति सुधारतर्फ उन्मुख रहेको दाबी गर्नुभयो । "हामीले मौखिक चक्की र कन्डमको नयाँ आपूर्ति सुनिश्चित गरिसकेका छौँ । ती सामग्री जुन महिनाभित्र स्वास्थ्य केन्द्रहरूमा पुग्न थाल्नेछन्", उहाँले भन्नुभयो ।

यद्यपि आपूर्ति प्रणाली पूर्ण रूपमा सामान्य अवस्थामा फर्किन अझ केही समय लाग्ने उहाँले स्वीकार गर्नुभयो । उहाँका अनुसार अगस्टसम्ममा अभाव अन्त्य गर्ने लक्ष्य राखिएको छ ।

# राजा चार्ल्सको सम्बोधनमा स्टार्मरको परीक्षा

रासस/एएफपी । बेलायतका राजा चार्ल्स तृतीयले आगामी वर्षका लागि सरकारको कानूनी तथा नीतिगत कार्यक्रम संसद्मा प्रस्तुत गर्ने तयारीसँगै प्रधानमन्त्री कीर स्टार्मरको राजनीतिक भविष्यबारे पनि चासो बढेको छ। परम्परा, धुमधाम र ऐतिहासिक विधि-विधानसँगै हुने संसद्को औपचारिक उद्घाटन यसपटक सरकारको स्थायित्व र नेतृत्व क्षमताको परीक्षणका रूपमा समेत हेरिएको छ।



राजा चार्ल्स तृतीयले आगामी संसदीय सत्रका लागि सरकारको नीति तथा कानून बनाउने कार्यक्रम औपचारिक रूपमा सांसदहरूलाई प्रस्तुत गर्नुहुनेछ । यो प्रक्रिया बेलायती लोकतन्त्रको ऐतिहासिक परम्परा अनुसार हुने भए पनि यसपटकको राजनीतिक वातावरण निकै संवेदनशील बनेको छ।

प्रधानमन्त्री स्टार्मरले उक्त कार्यक्रम कार्यान्वयन गर्न संसद्मा पर्याप्त समर्थन जुटाउन सक्ने कि नसक्ने भन्ने प्रश्न अहिले प्रमुख बनेको छ। यदि उहाँले हालै देखिएको राजनीतिक अस्थिरता पार गर्न नसकेमा सरकारको दीर्घकालीन योजनामाथि नै प्रश्न उठ्ने अवस्था देखिएको छ।

गत साता सम्पन्न स्थानीय र क्षेत्रीय चुनावमा लेबर पार्टीले ठूलो क्षति बेहोरेपछि प्रधानमन्त्री स्टार्मरमाथि पार्टीभित्रैबाट दबाब बढेको छ। सत्तामा उहाँको नेतृत्व क्षमतामाथि प्रश्न उठ्दै जाँदा पार्टीभित्र केही नेताहरूले नेतृत्व परिवर्तनको मागसमेत अघि सारेका छन्।

हालै पार्टी समर्थकहरूलाई सम्बोधन गर्दै उहाँले दिएको भाषणलाई 'लडाइँको सुरुआत' का रूपमा प्रस्तुत गरिएको थियो । तर उक्त भाषणलाई आलोचकहरूले अपेक्षित स्पष्टता र निर्णायक नीतिको अभाव भएको भन्दै कमजोर ठानेका छन्। पूर्व सुरक्षामन्त्री जेस फिलिप्सले समेत सरकारबाट राजीनामा दिँदै वर्तमान नेतृत्वले विवाद समाधान गर्नुभन्दा पनि आन्तरिक असन्तोष व्यवस्थापनमै केन्द्रित रहेको टिप्पणी गर्नुभएको छ।

राजाको भाषण हुने यो अवसर बेलायतको संवैधानिक परम्पराको महत्त्वपूर्ण हिस्सा हो, जहाँ राजतन्त्रको औपचारिकता र आधुनिक संसदीय लोकतन्त्र एउटै मञ्चमा प्रस्तुत हुन्छन् । वास्तविक राजनीतिक शक्ति भने निर्वाचित हाउस अफ कमन्समा केन्द्रित रहन्छ।

प्रधानमन्त्री स्टार्मरको राजनीतिक स्थिति अझै अनिश्चित रहेकाले यस वर्षको कार्यक्रमलाई विशेष रूपमा नजिकबाट हेरिएको छ।

सरकारले प्रस्तुत गर्न सक्ने कानूनसँग सम्बन्धित प्रस्तावहरूमा जीवनयापन लागत सङ्कट समाधान, सार्वजनिक पूर्वाधारमा निजी लगानी आकर्षित गर्न राष्ट्रिय सम्पत्ति कोष गठन र शरणार्थी नीतिमा कडाइ गर्ने योजना समावेश हुन सक्ने अनुमान गरिएको छ। त्यस्तै, केही कानूनी प्रक्रियामा जूरी ट्रायल हटाउने, मतदानको उमेर १६ वर्षमा झार्ने र सार्वजनिक अधिकारीहरूलाई सत्यनिष्ठा र जवाफदेहिताबारे कडा मापदण्ड लागू गर्ने विवादास्पद प्रस्ताव पनि अघि सारिन सक्ने चर्चा छ।

तर आलोचकहरूको भनाइमा सम्बोधनमा आउने अधिकांश प्रस्तावहरू पहिले नै सार्वजनिक भइसकेका छन्, जसले सरकारको नयाँ दृष्टिकोणबारे प्रश्न उठाएको छ।

राजाको सम्बोधनपछि संसद्का दुवै सदनमा यसका विषयमा बहस सुरु हुने परम्परा रहँदै आएको छ, जुन कार्यक्रम सन् १८५२ देखि निरन्तर चल्दै आएको भए पनि यसको ऐतिहासिक जरा १६ औँ शताब्दीसम्म पुग्छ।

राजा चार्ल्स तृतीय बकिङ्घम दरबारबाट संसद् भवनसम्म घोडागाडीमा पुग्नुहुन्छ। त्यसपछि उहाँ इम्पेरियल स्टेट क्राउन र राज्य पोशाकसहित हाउस अफ लड्र्समा प्रवेश गर्नुहुन्छ।

त्यहाँबाट 'ब्ल्याक रड' नामक अधिकारी हाउस अफ कमन्समा सांसदहरूलाई बोलाउन जान्छन्। परम्पराअनुसार कमन्सका ढोका राजतन्त्रबाट संसदीय स्वतन्त्रताको प्रतीकस्वरूप केही क्षणका लागि बन्द गरिन्छ र ब्ल्याक रडले ढोका ढकढक्याएपछि मात्र खोलिन्छ।

त्यसपछि कमन्सका सदस्यहरू लड्र्स च्याम्बरमा उपस्थित हुन्छन्, जहाँ राजाले सरकारद्वारा लेखिएको भाषण पढ्दै आगामी संसदीय सत्रको कानुन बनाउने कार्यक्रम प्रस्तुत गर्नुहुन्छ।

सम्बोधनपछि राजा प्रस्थान गरेसँगै संसद्का दुवै सदनले उक्त नीतिमाथि बहस सुरु गर्छन्, जसले आगामी राजनीतिक दिशाबारे महत्त्वपूर्ण सङ्केत दिने अपेक्षा गरिएको छ।

## भकारीदेखि फर्निचरसम्म : हिमाली डगौराको बेतबाँस यात्रा

कञ्चनपुर । शुक्लाफाँटा नगरपालिका-७ झण्डाबोझका ६० वर्षीय हिमाली डगौराले तीन दशकदेखि बेतबाँसका सामग्री निर्माणलाई नै जीविकोपार्जनको आधार बनाउँदै आउनुभएको छ । परम्परागत सीपलाई व्यावसायिक रूपमा अगाडि बढाउँदै उहाँले स्थानीयस्तरमै स्वरोजगारको उदाहरण प्रस्तुत गर्नुभएको हो ।

डगौराले हातैले बुनेर कुर्सी, टेबल, कलमदानी, मुढा, ह्याङ्गर, र्याक, भकारी, डोको, नाङ्लो, डाला र छापरीजस्ता घरायसी तथा कृषि प्रयोजनका सामग्री निर्माण गर्नुहुन्छ । सामग्री बनाउन आवश्यक बाँस स्थानीय सामुदायिक वनबाट खरिद गर्ने र बेत भने कैलालीबाट मगाउने गरेको उहाँ बताउनुहुन्छ ।

उहाँले तयार गर्ने बाँसको भकारी कैलाली र कञ्चनपुरका किसानमाझ लोकप्रिय छ । "सबैभन्दा बढी बिक्री हुने सामग्री भकारी नै हो", उहाँले भन्नुभयो, "भकारी सात सयदेखि तीन हजार रुपैयाँसम्ममा बिक्री हुन्छ ।"

डगौराका अनुसार बेतबाँस बुन्ने परम्परागत सीप उहाँले घरका बूढापाकाबाट सिक्नुभएको हो । "बाबुबाजेले पनि बेतबाँसका सामग्री बनाउनुहुन्थ्यो, तर त्यो घरायसी प्रयोगका लागि मात्रै हुन्थ्यो", उहाँले भन्नुभयो, "परम्परागत सीपलाई निखारेर व्यवसाय बनाउनुपर्छ भन्ने सोच थियो ।" उहाँले गाउँकै सामुदायिक वनमा सञ्चालन भएको तालिममा सहभागी भएर सीपलाई थप निखार्नुभएको हो । त्यसपछि थप तीनवटा तालिम लिएर बेतबाँसका सामग्री निर्माणमा दक्ष बनेको उहाँ बताउनुहुन्छ ।

डगौराको आफ्नै चार कट्ठा र ससुरालीबाट प्राप्त १२ कट्ठा जग्गा



छ । तर खेतीपातीबाट मात्र परिवार पाल्न कठिन भएपछि उहाँले यही पेसालाई मुख्य आयस्रोत बनाउनुभएको हो । बेतबाँसकै कमाइबाट उहाँले सात सन्तानमध्ये छ जनाको विवाह खर्चसमेत व्यवस्थापन गर्नुभएको छ ।

उहाँले भन्नुभयो, "जति धेरै माग आउँछ, त्यति धेरै आम्दानी हुन्छ, "कहिलेकाहीँ कम माग आउँदा आम्दानी पनि घट्छ ।" उहाँका अनुसार बेतबाँसका सामग्री बिक्रीबाट वार्षिक रु दुईदेखि तीन लाखसम्म आम्दानी हुने गरेको छ । रासस

## घोडाघोडी सिमसारः
# सम्भावना ठूलो, संरक्षण कमजोर



घोडाघोडी । कैलाली जिल्लाको पूर्वपश्चिम राजमार्गको उत्तरतर्फ अवस्थित घोडाघोडी सिमसार क्षेत्र प्राकृतिक सौन्दर्य, सांस्कृतिक महत्व र पर्यटकीय आकर्षणको अद्वितीय सङ्गमका रूपमा चिनिँदै आएको छ । यो क्षेत्र केबल तालहरूको शृङ्खलामात्र होइन, अन्तरराष्ट्रिय महत्व बोकेको एक समृद्ध पारिस्थितिक प्रणालीसमेत हो, जहाँ थुप्रै दुर्लभ वनस्पति र जीवजन्तु पाइन्छन् ।

घोडाघोडी सिमसारमा पाइने विभिन्न जलचर, पन्छी, वन्यजन्तु र वनस्पतिहरूका कारण यस क्षेत्रलाई जैविक विविधताका दृष्टिले अति नै महत्त्वपूर्ण मानिन्छ । सांस्कृतिक आस्था र धार्मिक विश्वासले समेत समेटिएको यो क्षेत्र सन् २००३ को अगस्टमा विश्व रामसार सूचीमा सूचीकृत गरिएको थियो । चुरे र तराई भूभागको सङ्गमस्थलमा फैलिएको यो सिमसारले धार्मिक, प्राकृतिक तथा पर्यटकीय पक्षलाई एकैसाथ समेटेको छ । दुई हजार ५६३ हेक्टर क्षेत्रफलमा फैलिएको सिमसारभित्र घोडाघोडी, नकरोडलगायत २४ वटा तालले १४७ हेक्टर भूभाग ओगटेका छन् । एक तालको समाप्ति नहुँदै अर्को ताल सुरु हुने भएकाले यो सिमसार क्षेत्र तालहरूको मालाजस्तै देखिन्छ । उष्णप्रदेशीय पतझर वनभित्र फैलिएको यो क्षेत्र जैविक सम्पदाले भरिपूर्ण छ र तराई-चुरेबीचको जैविक मार्गका रूपमा पनि महत्त्वपूर्ण मानिन्छ । प्राकृतिक र जैविक सम्पदाको यो धरोहर अहिले पर्यटकीय आकर्षणको केन्द्रसमेत बन्दै गएको छ ।

### जैविक विविधताको खानी घोडाघोडी

पूर्वपश्चिम राजमार्गको उत्तरतर्फ जोडिएको घोडाघोडी क्षेत्र जलीय तथा स्थलीय जैविक विविधताले भरिपूर्ण छ । यहाँ धेरै प्रजातिका वनस्पति र जीवजन्तु तथा चराहरूका लागि निकै नै महत्त्वपूर्ण छ । दुर्लभ चराचुरुङ्गीले विचरण गर्ने शान्त र सुरक्षित बासस्थानका रूपमा पनि घोडाघोडी रहेको छ । यहाँ विश्वव्यापी रूपमा खतरामा रहेका राजलाहाँचे, राजधनेस, माछाकुल, सेतो गिद्ध, डँगर गिद्ध, सानो खैरो गिद्ध र भुडिफोर गरुड पाइन्छन् । तीन प्रजातिका चरा नाँदुन हाँस, हरिहाँस, बगाले सिमकुखुराले घोडाघोडी क्षेत्रमा मात्रै प्रजनन गर्ने गर्दछन् । साथै, अजिङ्गर, सालक, ओत, कछुवा, चितुवा, लोखर्के, खरायो, मुसा, न्याउरीमुसा, स्याल, मलसाँप्रो, बाँदर, लङ्गुर, बँदेल, रतुवा, चित्तल, निलगाई, गोही, सुनगोहोरो र छेपारालगायतका विभिन्न प्रजातिको महत्त्वपूर्ण बासस्थानका रूपमा यो क्षेत्र रहेको छ ।

यहाँ ६४७ प्रजातिका वनस्पति, ३२ प्रजातिका पुतली, ३४ प्रजातिका स्तनधारी, ११ प्रजातिका सर्‍ कीरा, सात प्रजातिका घस्रिने जनावर पाइने गरेको घोडाघोडी ताल क्षेत्रको विस्तृत गुरुयोजना २०७७ मा उल्लेख गरिएको छ । सन् २०२३ मा गरिएको एक अध्ययनअनुसार यहाँ ३९ प्रजातिका माछा पाइन्छन् । घोडाघोडीमा हाल ३८१ प्रजातिका चरा पाइने गरेको चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष दयाराम चौधरी बताउनुहुन्छ ।

विश्वभरका एक हजार ३१४ रामसार क्षेत्रमध्ये केही विशेष स्थानीय प्रजातिका माछा र पुतली यस ताल क्षेत्रमा मात्र पाइन्छन् । यहाँका जङ्गलमा बहुमूल्य र औषधिका रूपमा प्रयोगमा आउने सतिसाल, साज, खयरलगायत वनस्पति पाइन्छ । रामसारको प्रावधानअनुसार विश्वका आठमध्ये दुई महत्त्वपूर्ण अन्तरराष्ट्रिय चराहरूको सूचक यस तालमा उपलब्ध छन् । यहाँ हरिहाँस, मगर गोही र वनधान सूचक प्रजातिको रूपमा छन् । चराहरूको महत्त्वपूर्ण बासस्थल भएकाले २७ फागुन २०७८ मा घोडाघोडी क्षेत्रलाई नेपालको पहिलो 'वर्ड सेन्चुरी (चरा अभय आरक्षण) क्षेत्र' घोषणा गरिएको थियो ।

### आस्था, संस्कृति र पहिचानको त्रिवेणी

घोडाघोडीको महत्व केबल सिमसार र जैविक विविधतामा मात्रै सीमित छैन । यो पश्चिम नेपालका थारू समुदायको लागि सबैभन्दा ठूलो र पवित्र देवस्थल हो । उनीहरू यसलाई 'घोरीघोरा' देवस्थानका रूपमा हरेक वर्ष विधिपूर्वक 'लवाङ्गी पूजा' गरिन्छ । यस पूजामा नयाँ अन्नबाली देवतालाई चढाउने गरिन्छ । घोडाघोडी नगर भल्मल्सा कार्यसमितिका अध्यक्ष बुधराम चौधरीका अनुसार कैलाली, कञ्चनपुरदेखि दाङसम्मका थारू समुदायको आस्था यस स्थानसँग जोडिएको छ ।

यसबाहेक, माघेसङ्क्रान्ति, शिवरात्रि र मोहन्याल पर्वमा यहाँ ठूला धार्मिक मेला लाग्छन्, जहाँ हजारौँ भक्तजनको घुइँचो लाग्छ । तालको किनारमा रहेको शिव मन्दिरले यस क्षेत्रलाई अन्य समुदायका लागि पनि आस्थाको केन्द्र बनाएको छ । यति धेरै प्राकृतिक, जैविक र सांस्कृतिक महत्व बोकेको यो क्षेत्र पछिल्ला वर्षहरूमा विभिन्न चुनौतीको सामना गरिरहेको छ । बढ्दो मानव चाप, अव्यवस्थित संरचना विकास र संरक्षणतर्फ न्यून प्राथमिकताका कारण यो सिमसार क्षेत्र सङ्कटमा पर्न थालेको छ । एकातिर यसको पर्यटकीय चर्चा चुलिँदैछ भने अर्कातिर यसको जैविक विविधता खस्किरहेको छ ।

### बढ्दो मानव चाप र अव्यवस्थित संरचनाले बढ्यो चुनौती

प्राकृतिक, जैविक र सांस्कृतिक दृष्टिले अत्यन्त महत्त्वपूर्ण मानिएको घोडाघोडी सिमसार पछिल्ला वर्षहरूमा विभिन्न चुनौतीको सामना गरिरहेको छ । बढ्दो मानव चाप, सजावटका लागि प्रयोग गरिएका रङ्गीबिरङ्गी कपडा, हाइटेसन लाइन, धार्मिक गतिविधिको विस्तार तथा संरक्षणमा कमजोर व्यवस्थापनका कारण सिमसार क्षेत्र सङ्कटमा पर्दै गएको छ ।

चराविद् तथा संरक्षणकर्मी डा हेमसागर बराल सिमसार क्षेत्रमा बढ्दो भौतिक संरचना र अव्यवस्थित पर्यटन गतिविधिले घोडाघोडीको प्राकृतिक स्वरूप नै बिग्रिँदै गएको बताउनुहुन्छ । अत्यधिक संरचना निर्माणले सिमसार क्षेत्रलाई कङ्क्रिट जङ्गलजस्तै बनाउने खतरा बढेको उल्लेख गर्दै योजनाबिना बनाइएका संरचनाले प्राकृतिक सौन्दर्य र जैविक विविधता दुवैमा नकारात्मक प्रभाव पारेको उहाँको भनाइ छ ।

संरक्षणकर्मी विजयराज श्रेष्ठका अनुसार सिमसार क्षेत्रमा जथाभावी मन्दिर, पर्खाल, तारजाली तथा अन्य भौतिक संरचना निर्माण भइरहेका छन् । "धार्मिक आस्था नराम्रो होइन, तर प्रकृतिमाथि हस्तक्षेप हुनेगरी संरचना विस्तार गर्नु उपयुक्त हुँदैन", उहाँले भन्नुभयो । उहाँका अनुसार रातिको अत्यधिक प्रकाशले चराचुरुङ्गी तथा वन्यजन्तुको प्राकृतिक जीवनचक्रमा असर पारिरहेको छ । धार्मिक गतिविधिसँगै बढ्ने फोहर, कोलाहल र मानव चापले सिमसारको संवेदनशील पारिस्थितिक प्रणाली थप प्रभावित बनेको उहाँको भनाइ छ । "प्राकृतिक सम्पदालाई सम्मान गर्दै धार्मिक गतिविधि सञ्चालन गर्नुपर्छ", उहाँले भन्नुभयो ।

### मिचाहा झारको विस्तारले सङ्कटमा सिमसार

घोडाघोडी तालमा मिचाहा प्रजाति झार विस्तार भएपछि तालको अस्तित्व सङ्कटतर्फ धकेलिँदै गएको छ । घोडाघोडी क्षेत्रको उत्तर र पूर्वी भूभागमा ढाकिँदै गएको छ । यसले तालको प्राकृतिक स्वरूपका साथै सिमसारमा निर्भर जैविक विविधता, जलचर तथा चराचुरुङ्गीको वासस्थानमा समेत असर परेको छ । डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्यालले घोडाघोडी सिमसार क्षेत्रमा फैलिँदै गएको मिचाहा प्रजातिका वनस्पतिले सिमसारको जैविक विविधता र जलचर प्रणालीमा गम्भीर असर पारिरहेको बताउनुभयो ।

पाध्याले मिचाहा झारका कारण सिमसारमा रहेका विभिन्न प्रजातिका चराचुरुङ्गी, जलचर तथा मगरजस्ता जीव प्रभावित भइरहेको बताउनुभयो । उहाँका अनुसार यस्ता झारले पानीको सतह ढाक्दा सूर्यको प्रकाश तलसम्म पुग्न नसक्ने भएकाले पानीमा अक्सिजनको मात्रा घट्ने र जलचर प्रणाली नै प्रभावित हुने अवस्था सिर्जना भइरहेको छ । डिभिजन वन कार्यालय पहलमानपुरका वरिष्ठ वन अधिकृत दीपेन्द्र केसीका अनुसार हाल घोडाघोडी ताल क्षेत्रको करिब पाँच हेक्टर क्षेत्रफल बेसरमले ढाकेको छ ।

सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयको वार्षिक कार्यक्रमअन्तर्गत आवश्यक बजेट विनियोजन गरी बेसरम हटाउने कार्य गरिएको वरिष्ठ वन अधिकृत केसीले उल्लेख गर्नुभयो । उहाँका अनुसार चालु आर्थिक वर्षमा मन्त्रालयले विनियोजन गरेको करिब रु एक लाख बजेटमार्फत बेसरम नियन्त्रण तथा हटाउने लक्ष्य राखिएको छ । ताल क्षेत्रभित्र विशेषगरी करिब दुई हेक्टर क्षेत्र अत्यन्त बाक्लो रूपमा बेसरमले ढाकेको छ ।

सीमित स्रोत र बजेटका कारण यस वर्ष करिब आधा हेक्टर क्षेत्रबाट मात्रै हटाउने योजना बनाइएको वरिष्ठ वन अधिकृत केसीले बताउनुभयो । "अहिले समग्रमा करिब पाँच हेक्टर क्षेत्र ढाकिएको छ", उहाँले भन्नुभयो, "उपलब्ध बजेट र जनशक्तिअनुसार यस पटक आधा हेक्टर क्षेत्र व्यवस्थापन गर्ने लक्ष्य लिएका छौँ तर दीर्घकालीन रूपमा पूर्ण नियन्त्रणका लागि थप लगानी र निरन्तर प्रयास आवश्यक छ ।"

हरेक वर्ष झार फैलिने क्रम जारी रहेकाले समस्या दीर्घकालीन रूपमा समाधान हुन सकेको छैन । वरिष्ठ डिभिजनल वन अधिकृत जनक पाध्याले मिचाहा झार हटाउने काम एकपटकको अभियानले मात्र सम्भव नहुने भन्दै निरन्तर व्यवस्थापन आवश्यक रहेको बताउनुभयो । झार कुहिएर थुप्रिँदै जाँदा ताल पुरिने प्रक्रिया तीव्र हुने र दीर्घकालमा सिमसार क्षेत्र नै सङ्कटमा पर्न सक्ने उहाँको भनाइ छ ।

अहिले उपलब्ध बजेटले सीमित क्षेत्र मात्र सफा गर्न सकिने भन्दै दीर्घकालीन योजना, निरन्तर कार्यक्रम र स्थानीय समुदायको सक्रिय सहभागिता आवश्यक रहेको उहाँको धारणा छ । "मिचाहा प्रजाति नियन्त्रण केबल बजेटले मात्र सम्भव हुँदैन, दीर्घकालीन योजना, निरन्तर व्यवस्थापन र स्थानीय तहसम्मको समन्वय आवश्यक रहेको," डा. बराललले बताउनुहुन्छ । घोडाघोडी सिमसार तथा चराहरूको संरक्षणका लागि विभिन्न नीतिगत तथा संस्थागत पहलहरू पनि गरिएका छन् । तर, घोषणा अनुसारका कार्यक्रमहरू प्रभावकारी रूपमा कार्यान्वयन हुन नसक्दा अपेक्षित उपलब्धि हासिल हुन सकेको छैन ।

### घोषणामै सीमित चरा अभय आरण्य

रैथाने तथा आगन्तुक चराहरूको प्रमुख वासस्थानका रूपमा परिचित यस क्षेत्रलाई प्रदेश सरकारले २०७८ फागुन २७ गते नेपालकै पहिलो 'चरा अभय आरण्य'का रूपमा घोषणा गरेको थियो । चराहरूको संरक्षण, प्रजनन् र वासस्थान सुरक्षित गर्ने उद्देश्यसहित गरिएको यो घोषणा सुरुमा निकै महत्वाकांक्षी र उदाहरणीय कदमका रूपमा हेरिएको थियो । घोषणा भएको लामो समय बितिसक्दा पनि आवश्यक बजेट, पूर्वाधार विकास र प्रभावकारी व्यवस्थापनको अभावमा यसको उद्देश्य अपेक्षित रूपमा कार्यान्वयन हुन सकेको छैन ।

अभय आरण्य क्षेत्र घोषणापछि प्रदेश सरकारमार्फत यस क्षेत्रका लागि झार हटाउनु बाहेक अन्य व्यवस्थापनका कार्य हुन सकेको छैन । "घोडाघोडी क्षेत्र चराहरूको लागि मात्र नभई सम्पूर्ण पारिस्थितिक सन्तुलनका लागि महत्वपूर्ण क्षेत्र रहेको संरक्षणकर्मी डा बराल बताउनुहुन्छ । उहाँ भन्नुहुन्छ, ''घोषणा मात्रै गरेर घोडाघोडीको संरक्षण सम्भव हुँदैन, त्यसका लागि दीर्घकालीन योजना, पर्याप्त लगानी र निरन्तर अनुगमन आवश्यक हुन्छ ।" घोषणापछि अपेक्षित रूपमा संरक्षणका कार्यक्रम सञ्चालन हुन नसक्नुको मुख्य कारण बजेट अभाव देखिएको छ । वन अधिकृत पाध्याका अनुसार उद्योग पर्यटन वन तथा वातावरण मन्त्रालयमार्फत चरा अभय आरण्य क्षेत्रमा सीमित बजेट मात्रै विनियोजन गरिएको छ ।


यता सुदूरपश्चिम प्रदेश उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयका सचिव दीर्घनारायण कोइरालाले आगामी आर्थिक वर्षमा घोडाघोडी सिमसार क्षेत्रका लागि रु एक करोड बजेट विनियोजन गरिने बताउनुहुन्छ । उहाँका अनुसार सिमसारको संरक्षण, व्यवस्थापन तथा जैविक विविधता जोगाउन आवश्यक कार्यक्रमलाई प्राथमिकतामा राखी बजेट बिनियोजन गरिनेछ । उहाँले घोडाघोडी क्षेत्रको दीर्घकालीन संरक्षणका लागि सरोकारवाला निकायसँग समन्वय गर्दै प्रभावकारी योजना कार्यान्वयन गरिने पनि बताउनुभयो ।

### पर्यटन विकास योजना अलपत्र

सिमसारको संरक्षणसँगै यसको पर्यटन सम्भावनालाई उपयोग गर्ने उद्देश्यले स्थानीय तहले पनि विभिन्न पहलहरू अघि सारेको थियो । पर्यटनमार्फत आर्थिक समृद्धि हासिल गर्ने उद्देश्यसहित घोडाघोडी नगरपालिकाले २०७४ पुस २६ गते 'बृहत् घोडाघोडी ताल तथा पर्यटन विकास बोर्ड' गठन गरेको थियो । तत्कालीन नगरप्रमुख ममताप्रसाद चौधरीको पहलमा बनेको उक्त बोर्डले १० वर्षीय गुरुयोजना तयार गर्दै ताल तथा सिमसार संरक्षण, मिचाहा प्रजाति नियन्त्रण, जैविक विविधता जोगाउने, व्यवस्थित बोटिङ, पदमार्ग निर्माण तथा पर्यटकीय पूर्वाधार विकासका योजना अघि सारेको थियो । साथै, आन्तरिक तथा बाह्य पर्यटक लक्षित चरा अवलोकन र प्राकृतिक भ्रमण प्रवर्द्धन गर्ने लक्ष्य पनि राखिएको थियो ।

विसं २०७९ को निर्वाचनपछि बोर्डले निरन्तरता पाउन सकेन भने हालसम्म नयाँ समिति गठन गरिएको छैन ।रासस

## दूरसञ्चार क्षेत्र सुधारमा सरकार गम्भीर, 'फोरजी' सुदृढीकरणसँगै 'फाइभजी' सेवा सुरु गर्ने तयारीमा छौँ: सञ्चारमन्त्री डा तिमिल्सिना



काठमाण्डु । सञ्चार तथा सूचना प्रविधिमन्त्री डा विक्रम तिमिल्सिनाले सरकारले दूरसञ्चार क्षेत्र, 'मिडिया' नीति तथा सञ्चार क्षेत्र सुधारलाई प्राथमिकतामा राखेर यी क्षेत्रमा आवश्यक अध्ययनसहित सुधारका प्रयास अघि बढाएको बताउनुभएको छ ।

मन्त्रालयमा आज आयोजित पत्रकार भेटघाट कार्यक्रममा मन्त्री डा तिमिल्सिनाले छोटो अवधिमा सबै क्षेत्रलाई एकैपटक व्यवस्थित गर्न चुनौतीपूर्ण भए पनि सरकारले प्राथमिकताका आधारमा काम गरिरहेको बताउनुभयो । उहाँले दूरसञ्चार सेवाको गुणस्तर सुधार, प्रतिस्पर्धा विस्तार तथा सञ्चार क्षेत्रलाई व्यवस्थित बनाउने दिशामा सरकार केन्द्रित रहेको उल्लेख गर्नुभयो ।

हाल तत्काल फोरजी सेवा बन्द गरेर फाइभजीमा जाने अवस्था नरहेको उल्लेख गर्दै उहाँले अहिलेलाई फोरजी सेवालाई अधिकतम प्रभावकारी बनाउने र त्यसपछि क्रमिक रूपमा फाइभजी कार्यान्वयन गरिने तयारी भइरहेको जानकारी दिनुभयो। फाइभजी सेवा सुरु गर्ने विषय सरकारको प्राथमिकतामा रहेको उल्लेख गर्दै आवश्यक ' फ्रिक्वेन्सी' निर्धारण र वितरणसम्बन्धी तयारीसमेत अगाडि बढाइएको उहाँको भनाइ थियो ।

दूरसञ्चार क्षेत्रमा प्रतिस्पर्धा बढाउन थप मोबाइल 'अपरेटर' आवश्यक रहेको विषयमा पनि सरकारले अध्ययन गरिरहेको मन्त्री तिमिल्सिनाले बताउनुभयो । हाल दुई कम्पनीले मोबाइल सेवा प्रदान गरिरहेको अवस्थामा तेस्रो मोबाइल अपरेटरको आवश्यकता पहिचान तथा निर्धारणका सन्दर्भमा आवश्यक प्रक्रिया अगाडि बढाइएको जानकारी दिँदै उहाँले यसले दूरसञ्चार क्षेत्रलाई थप प्रभावकारी र प्रतिस्पर्धी बनाउने विश्वास व्यक्त गर्नुभयो ।

सरकारले नेपाल टेलिकमलाई थप सुदृढ बनाउने, दूरसञ्चार पूर्वाधारलाई जनताको हितमा उपयोग गर्ने तथा समग्र दूरसञ्चार प्रणालीलाई मजबुत बनाउने नीति लिएको पनि उहाँले बताउनुभयो । यी विषयमा मन्त्रालयले नेपाल टेलिकम तथा नियामक नेपाल दूरसञ्चार प्राधिकरण सँग नियमित छलफलमा रहेको र आवश्यक सहयोग गर्न तयार रहेको सञ्चारमन्त्री तिमिल्सिनाले बताउनुभयो ।

दूरसञ्चार क्षेत्रका विद्यमान समस्या समाधानका लागि कानुन कार्यान्वयन गर्दै सुधार प्रक्रिया अघि बढाइएको उहाँको भनाइ छ । विशेषगरी नेपाल टेलिकमसँग सम्बन्धित बिलिङ बिलिङ प्रणाली तथा सेवा व्यवस्थापनका विषयमा सरकार गम्भीर रहेको उल्लेख गर्दै सञ्चारमन्त्रीले यी कार्यमा विद्यमान विधि विधानभित्र रहेर पारदर्शितालाई केन्द्रमा राखी कुनै विवाद सिर्जना नहुने गरी समाधान खोजिने बताउनुभयो ।

नेपाल टेलिकममा जनताको लगानी र सरकारी दायित्व दुवै जोडिएको उल्लेख गर्दै उहाँले कानुन र नियमअनुसार आवश्यक भूमिका निर्वाह गनुपर्नेमा जोड दिनुभयो ।

नेपालमा 'डेटा सेन्टर' तथा डिजिटल पूर्वाधार विकासका विषयमा पनि सरकारले अध्ययन गरिरहेको सञ्चारमन्त्री डा तिमिल्सिनाले बताउनुभयो ।रासस

## नेप्से परिसूचकमा सामान्य अङ्कको गिरावट

काठमाण्डु । धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज सामान्य अंकले ओरालो लागेको छ ।

नेपाल स्टक एक्सचेञ्जका अनुसार, नेप्से परिसूचक चार दशमलव १५ अङ्कले ओरालो लागेर दुई हजार ७४० दशमलव २५ मा सीमित भएको छ ।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक शून्य दशमलव ७० अङ्कले ओरालो लागेर ४६७ दशमलव ५५ मा सीमित भएको छ ।

कूल ३३९ कम्पनीको ५६ लाख ४३ हजार २८८ कित्ता शेयर दुई अर्ब ८० करोड ७४ लाख ४६ हजार ३६१ रुपैयाँमा खरिद बिक्री भएको छ ।

कारोबारका आधारमा एसवाई प्यानल नेपाल, रिडी पावर कम्पनी, साहस ऊर्जा, सोलु हाइड्रोपावर, रिलायन्स स्पिनिङ मिल्स शीर्ष स्थानमा छ ।रासस


**भूमिसुधार तथा मालपोत कार्यालय जनकपुरधाम, धनुषा**

**म्याद तामेली सम्बन्धी 30 तिस दिने सार्वजनिक सूचना**

जि.धनुषा खुजरी चन्हा गा.वि.स. वार्ड नं.६ मा बस्ने स्व.श्रीचन साह तेलीको बुहारी स्व. सूर्य नारायण साहको श्रीमती तेतरी देवी साह वादी र जिल्ला धनुषा जनकपुर उपमहानगरपालिका वार्ड नं.९ मा बस्ने असर्फि साहको छोरा शिव चन्द्र साह तेली भई कार्वाहीयुक्त अवस्थामा रहेको मि. नं.२१ डायर मिति २०६९/८/२६ गतेको मोही नामसारी तथा मि.नं.४५६ डायर मिति २०६९/१२/३१ गतेको बाँडफाँड मुद्दामा हाल जग्गा धनीहरुको म्याद जारी हुँदा हाल जग्गा धनी हरु मध्ये दिलिप कुमार साह नाउँको म्याद तामेली हुन नसकि प्रतिवेदन सहित फिर्ता अएको हुँदा प्रतिवादी दिलिप कुमार साह नाउँको म्याद तामेली हुन नसकी प्रतिवेदन सहित म्याद फिर्ता भएको हुँदा म्याद सरहको सूचना जारी गर्नु अनि मिति २०८२/१२/१७ गतेमा भएको आदेशानुसार यो म्याद सरहको ३० तिस दिने म्याद सरहको सार्वजनिक सूचना प्रकाशित गर्ने कार्य भएको छ। अतः विपक्षी जग्गा धनीको ज.ध. श्रेस्ता पूर्जामा उल्लेखित वतनमा जिल्ला धनुषा जनकपुर उपमहानगरपालका वार्ड नं.९ मा बस्ने असर्फि साहको नाति शिवचन्द्र साहको छोरा दिलिपि कुमार राउत नाउँमा जारी भएको १५ पन्ध्र दिने म्याद फिर्ता आएको सो मुदामा कारवाहीको सिलसिलमा भएको आदेशानुसार विपक्षी जग्गा धनी नाउँमा यो ३०तिस दिने सार्वजनिक सूचना प्रकाशित हुने कार्य भएको छ । अतः विपक्षी जग्गा धनीहरु मध्ये दिलिप कुमार साह समेत जना-३तिनका संयुक्त नाउँमा दर्ता कायम रहेको तपसिल बमोजिमको कित्ता जग्गा मोही नामसारी तथा बाँडफाँड समेत गरी पाउँ भनि दावी वेहोराको छुट्टा छुट्टै नालिश दिएको हुँदा निज जग्गा धनी भए निज स्वयम् वा निजको एका संगोल परिवारका नजिकका हकदारहरु कोही रहे भएको भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३० तिस दिन भित्र आफ्नो लिखित जवाफ प्रतिउत्तर लिई आफै वा वारेश मुकरर गरी पठाई कानून बमोजिम हाजिर हुन आउनु होला म्याद मित्र नजाएमा वा म्याद गुजारी बसेमा कानून बमोजिम जग्गा मोही नामसारी भई बाँडफाँड हुनेछ पछि कुनै उजुर बाजुर लाग्ने छैन भनि जानकारीका लागि ३० तिस दिने म्याद सरहको यो सार्वजनिक सूचना प्रकाशित गरिएको व्यहोरा सादर अनुरोध छ ।

**तपसिल**

| सि. नं. | जिल्ला | गा.वि.स. | वडा नं. | कित्ता नं. | क्षेत्रफल | ज.ध. |
|---|---|---|---|---|---|---|
| १ | धनुषा | खजुरी चन्हा | ६क | ६६४ | ०-३-१५-० | सन्तोष कुमार साह, मनोज कुमार साह, दिलिप कुमार साह |
| २. | धनुषा | खजुरी चन्हा | ६क | ६६२ | ०-४-१७-० | सन्तोष कुमार साह, मनोज कुमार साह, दिलिप कुमार साह |



**भूमिप्रशासन कार्यालय मौलापुर, रौतहट ।**

**३५ दिने सार्वजनिक सुचना**

जि.रौ. साविक गा. वि. स. महमदपुर वडा नं. ६हाल गरुडा न.पा. वडा नं. ५मा बस्ने लछुमन साह तेलीको पत्नीवतही देवीले जि. रौ. साविक गा. वि. स. पिपरिया वडा नं. ६ हाल बौधीमाई न.पा. वडा नं. ५मा बस्ने आफनो आमा नाताको किसमतीया तेलीनको नाम दर्ताको तपसिलमा उल्लेखित जग्गा आफनो नाममा नामसारी गरी पाउं भनी द.नं. ३७६४ मिती २०८२।१०।२० गतेको माग निवेदन ।

**तपसिल**

| गा.वि.स. | वडा न. | कि.न. | क्षेत्रफल | जग्गाधनी |
|---|---|---|---|---|
| पिपरिया | ७ ख | ६९ | ०-४-० | किसमतीया तेलीन |
| पिपरिया | ७ ख | ७६० | ०-२-० | किसमतीया तेलीन |
| पिपरिया | ७ ख | ७७० | ०-०-१२ | किसमतीया तेलीन |
| पिपरिया | ७ ख | १९५ | ०-२-१० | किसमतीया तेलीन |
| पिपरिया | १ | ११७९ | ०-१-० | किसमतीया तेलीन |

माग जग्गाको मोठ भिडान हुँदा उक्त जग्गाको मोठ श्रेस्तामा ज.ध. को नाम किसमतीया तेलीन, वतन पिपरिया ६, बाबु धरखन साह मात्र उल्लेख रही जग्गाको विवरणमा गा.वि.स. पिपरिया वडा नं ७ख कि.नं. ६९क्षेत्रफल ०-४-०, ७६० को ०-२-०,७७० को ०-०-१२ ,वार्ड नं. ७क कि.नं. १९५ को ०-२-१० र वार्ड नं. १ कि.नं. ११७९ को ०-१-०मात्र उल्लेख रही मोठ कायम रोक्का देखिदैन भनी उल्लेख भएको देखिन्छ ।

बौधीमाई न. पा. वडा नं. ५को च.नं. ५१७ मिति २०८२- १० - १५गतेको पत्रबाट ज.ध. किसमतीया तेलीन आफनो कालगतिबाट मिति २०५५।०१।२० गते र निजको शेषपछि हकखाने निजको श्रीमान् ठागा साह तेली मिति २०३० सालमा परलोक भई यी मरुवाहरुको जायजन्मबाट कुनै छोराको जन्म नभई एकमात्र छोरी बतही देवीको जन्म भएकोमा मरुवा ज.ध. किसमतीया तेलीनको शेषपछिको हकखाने छोरी बतही देवी बाहेक अरु कोही नजिकको हकदार नरहेकोले मरुवाको नाममा दर्ता कायम रहेको माथि उल्लेखित जग्गा निवेदिका बतही देवीको नाममा नामसारी गरि दिन सिफारिस भई आएको हुँदा उक्त जग्गा माग गर्नेको सो जग्गामा निज निवेदीकाको हक पुग्छ कि पुग्दैन?कि सो बाहेक अरु कोही पनि हकदार छ वा छैन ? उक्त जग्गा हाल कस-कसको हकभोगमा रहेको छ ?निवेदीका र मृत्कविच के नाता सम्बन्ध रहेको छ ? सो जग्गा कुनै किसिमले बिक्रीवितरण तथा हक हस्तान्तरण गरेको छ वा छैन ?ज.ध. को कतिजना छोरा-छोरी छन?मागअनुसार नामसारी गरी दिएमा कुनै किसिमले कसैलाई फरक पर्छ वा पर्दैनन? फरक पर्ने भए यस कार्यालयवाट प्रकाशित सुचनाको ३५ दिनभित्र बाटो को म्यादवाहेक स- प्रमाण सहित यस कार्यालयमा उपस्थित हुन आउनुहोला अन्यथा कानुन बमोजिम भई जानेछ ।

भुमि प्रशासन अधिकृत

# अवैध रुपमा असुली गर्ने प्रधानाध्यापकलाई कारबाही गर्न माग

**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषामा एक सामुदायिक विद्यालयले अवैधानिक रुपमा विद्यार्थीहरुसंग स्थानान्तरणको नाममा शुल्क असुल्ने गरेको भन्दै प्रधानाध्यापकलाई कारबाही गर्न माग गरेको छ।

धनुषाको सबैला नगरपालिका वडा नम्बर १३ स्थित श्री माध्यमिक विद्यालय



ढोलबजा किरतपुरमा कक्षा ८ को परीक्षा दिइ उत्तीर्ण भएका विद्यार्थीहरुसंग स्थानान्तरण शुल्कको नाममा अवैधानिक रुपमा प्रधानाध्यापक रामशंकर यादवले विद्यार्थीहरुसंग पाँच सय रुपैयाँ शुल्क उठाउने गरेको भन्दै जिल्ला प्रशासन कार्यालय धनुषामा निवदेन दिएको थियो।

अवैधानिक रुपमा विना रसिद शुल्क असुल्ने गरेको बारे प्रधानाध्यापक यादवसंग गुनासो गर्दा धाकधम्की दिने गरेको र कुटपिटसमेत गर्ने गरेको स्थानीय विद्यार्थी राहुल यादवले बताए।

कक्षा ८ का परीक्षार्थीहरुले स्थानान्तरणको नाममा अवैधानिक रुपमा शुल्क असुल्ने गरेको भन्दै राहुल यादवको पहलकदमीमा जिल्ला प्रशासन कार्यालय धनुषामा अवैधानिक शुल्क असुल्ने गरेको भन्दै निवेदन पठाएका थिए।

सो निवेदन प्राप्त हुनासाथ जिल्ला प्रशासन कार्यालयले उक्त घटनाबारे बुझ्न र कारबाही प्रक्रिया अघि बढाउनका लागि सबैला नगरपालिकालाई पत्र समेत पठाएको छ।

विद्यार्थीहरुसंग अवैध रुपमा जनही पाँच सय रुपैयाँ असुल गरे पनि रकम लिएको वापतको रसिद माग गर्दा विद्यार्थीलाई प्रधानाध्यापक रामशंकर यादवले बल प्रयोग गरी कुटपिटसहित हप्काउने गरेको भन्दै अवैध असुली बन्द गराउन र अवैध कार्यमा लागेकालाई कारबाहीको दायरमा ल्याउनका लागि जिल्ला प्रशासन कार्यालयले भनेको छ।

# सदनमा नदेखिएका प्रधानमन्त्री साह

**टुडे समाचारदाता**

काठमाण्डु । बुधबार बसेको प्रतिनिधिसभाको बैठक प्रधानमन्त्री बालेन्द्र साहको कारण तीनपटक स्थगित भयो। बैठकमा सरकारले आगामी आर्थिक वर्षका लागि ल्याएको नीति तथा कार्यक्रममाथि छलफल हुने र पारित हुने कार्यसूची लिएर बसेको थियो। तर नियमित कार्यसूचीमा प्रवेश गर्नेबित्तिक्कै विपक्षी दलका सांसदहरूले उठेर गरेको विरोध संसद अवरोधसम्म पुग्यो। संसद बैठक तीनपटकसम्म स्थगित गर्न सभामुख डीपी अर्याल बाध्य भए।



प्रधानमन्त्रीको संसदमा उपस्थितिलाई प्रमुख प्रतिपक्षी दल कांग्रेसले बटम लाइन नै बनायो। त्यसमा अर्को विपक्षी दल एमालेले समर्थन गर्‍यो। संसदमा पहिलोपटक प्रतिनिधित्व गरेको दल श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले बैठक नै बहिष्कार गरे। उनले प्रधानमन्त्रीको राजीनामा नै मागे।

विपक्षी दललाई रुष्ट बनाउन प्रधानमन्त्री बालेनले मंगलबारबाटै सुरु गरेका थिए। सरकारको तर्फबाट राष्ट्रपति रामचन्द्र पौडेललाई संघीय संसदको संयुक्त बैठकमा हस्तान्तरण गरेको नीति तथा कार्यक्रम पूरा समय नसुनी बैठकबाट बाहिरिएका थिए प्रधानमन्त्री बालेन, जसको आलोचना सुरु भइसकेको थियो।

प्रधानमन्त्री साहले टेबुल गर्ने भनिए पनि उनले अर्थमन्त्री स्वर्णिम वाग्लेलाई टेबुल गर्न तोकेका थिए। सो विषयमा विवाद हुँदा बुधबार पहिलोपटक प्रतिनिधिसभा बैठक स्थगित भएको थियो। सभामुख अर्यालले बैठक स्थगित १५ मिनेटका लागि गरेको भए पनि राजनीतिक दलका संसदीय दलका नेता, प्रमुख सचेतक र सचेतकसँग कुरा गर्दा १ घण्टा लगाए। झण्डै दुई घण्टापछि संसद बैठक पुनः बसेको थियो। सभामुखसँगको छलफलमा विपक्षी दलहरू नीति तथा कार्यक्रम टेबुल गर्न दिन सहमत भए। तर, टेबुल भइसकेपछि कांग्रेसले प्रधानमन्त्रीको उपस्थिति अनिवार्य भन्दै उभिएर विरोधमा उत्रिएको थियो।

यसमा अन्य विपक्षी दलले पनि साथ दिए। त्यसअघि पहिलोपटक स्थगित हुनुअघि कांग्रेसले प्रतिनिधिसभा नियमावली २०७९ को नियम ३८ बमोजिम प्रधानमन्त्रीले तोकेको मन्त्रीबाट टेबुल हुन सक्ने तर छलफल र जवाफमा प्रधानमन्त्री उपस्थित नभए बैठक बहिष्कार गर्ने भनेको थियो। तर, विपक्षी दलहरू एमाले र राप्रपाले भने प्रधानमन्त्रीको उपस्थिति अनिवार्य भनेको थियो।

विपक्षी दलहरूले सभामुख अर्यालसँग सभामुखको तर्फबाट प्रधानमन्त्रीलाई उपस्थित हुन रुलिङको माग गरेका थिए। तर, सभामुख अर्यालले रुलिङ गर्न आँट गरेनन्।

सभामुख अर्यालले आफू प्रधानमन्त्री बालेनलाई संसदको बैठकमा उपस्थितिका लागि मिति तोक्ने कुनै अधिकार नभएको बताए। सभामुख अर्यालले कुनै पनि सांसदहरूलाई सभामा उपस्थितिका लागि कार्य तालिका तोक्ने अधिकार र आधार आफूसँग नभएको स्पष्ट पारे।

सभामुख अर्यालले आफूले आजको बैठक सुचारु गराउन विपक्ष दलका सांसदहरूलाई आग्रह गर्दै सभामा उपस्थितिका लागि आजै बेलुका प्रधानमन्त्री बालेनसँग आफूले छलफल गर्ने प्रतिबद्धता जनाएका थिए। तर, त्यसमा विपक्षी दलका सांसदले चित्त बुझाएनन्। सभामुख अर्यालले प्रधानमन्त्री बालेनले बुधबारको संसद बैठकमा उपस्थित हुन नसक्ने लिखित जानकारी दिएको र बिहीबारको बैठकमा उपस्थित हुनका लागि छलफल गर्ने बताए। त्यसमा विपक्षी दलका सांसदहरूले मान्दै मानेनन्।

संसदमा उपस्थितिका लागि रडाको मच्चिरहँदा प्रधानमन्त्री बालेन भने हिंडेर १० मिनेटको दूरीमा पर्ने प्रधानमन्त्री कार्यालयमा थिए। उनले संसद र मन्त्रिपरिषद बैठकको समय जुधाएका थिए। संसदले बनाएको प्रधानमन्त्री भएकाले संसदप्रति अनुत्तरदायी भएको भन्दै विपक्षी दलका सांसदहरू रुष्ट भएका छन्।

नेपालको संविधानको धारा ७६ मा मन्त्रिपरिषद् गठनसम्बन्धी व्यवस्था छ। उक्त धाराको उपधारा १० मा प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संघीय संसदप्रति उत्तरदायी हुनेछन् भनिएको छ।

'प्रधानमन्त्री र मन्त्री सामूहिक रूपमा संघीय संसदप्रति उत्तरदायी हुनेछन् र मन्त्री आफ्नो मन्त्रालयको कामका लागि व्यक्तिगत रूपमा प्रधानमन्त्री र संघीय संसदप्रति उत्तरदायी हुनेछन्,' संविधानमा उल्लेख छ।

संविधानमा प्रस्ट लेखिएको विषयमा पनि प्रधानमन्त्री बालेन उत्तरदायी बन्न अनिच्छुक देखिएका छन्। प्रधानमन्त्रीको उपस्थिति अब प्रतिष्ठाको विषयमा प्रवेश गरेको छ। विपक्षीलाई प्रधानमन्त्रीको संसदमा उपस्थिति चाहिएको छ र बलियो सरकारलाई संविधान र विधिअनुसार लाइनमा ल्यायौँ भन्ने देखाउने चाहना छ भने प्रधानमन्त्रीलाई हिजो नमान्ने आज विपक्षीले विरोध गर्नेबितिक्कै खुरुखुरु मानेको देखिने डर छ।

यद्यपि, संसदमा प्रधानमन्त्री बालेन बोले भने पहिलो बोली बन्नेछ। उनले सरकारको तर्फबाट विभिन्न फाइल र कागजात संसदमा टेबुल गर्दा एक शब्द पनि बोलेका छैनन्। पहिलोपटक बोल्दा आफूविरुद्ध लागेका आरोपलाई खण्डित गर्ने भनाइ राख्ने अवसर प्रधानमन्त्री बालेनलाई छ। तर, संसदलाई नटेर्ने अटेरी प्रधानमन्त्रीको ट्याग भने बालेनलाई लागेको छ।

दिनभर संसदमा उपस्थितिका लागि तनाव भइरहँदा प्रधानमन्त्री बालेन कार्यालयको पूर्वनिर्धारित तालिकाअनुसार व्यस्त थिए। मन्त्रालयको संख्या घटाउने निर्णय गरेसँगै कुनकुन मन्त्रालय आपसमा गाभ्ने भन्ने विषयको छलफलमा प्रधानमन्त्री व्यस्त रहेको उनको सचिवालयले जनाएको छ।

# निर्माणाधीन रामजानकी रंगशाला अवलोकन



**टुडे समाचारदाता**

जनकपुरधाम। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्री सस्मित पोखरेलले निर्माणाधिन रामजानकी रंगशालाको स्थलगत अवलोकन गरेका छन्।

जनकपुरधाम उपमहानगरपालिका-१४ मा पर्ने रजौलमा बुधबार रामजानकी रंगशाला परिसर पुगेका मन्त्री पोखरेलले निर्माण कार्यको प्रगति, भौतिक संरचना तथा आवश्यक पूर्वाधारबारे जानकारी लिएका छन्।

अवलोकनका क्रममा उनले खेल क्षेत्रको विकासका लागि आधुनिक र व्यवस्थित पूर्वाधार निर्माण आवश्यक रहेको बताए।

मन्त्री पोखरेलले युवाहरूको प्रतिभा पहिचान र खेलकुद गतिविधिलाई प्रभावकारी बनाउन सरकारले खेल पूर्वाधार विस्तारलाई प्राथमिकतामा राखेको बताए।

उनले रामजानकी रङ्गशालालाई प्रदेशकै महत्वपूर्ण खेल केन्द्रका रूपमा विकास गर्ने लक्ष्य रहेको पनि बताए।

उनले भने, 'खेलकुदले युवालाई अनुशासित, स्वस्थ र सकारात्मक दिशामा अघि बढाउन महत्वपूर्ण भूमिका खेल्छ,' मन्त्री पोखरेलले भने, 'त्यसैले सरकारले खेल मैदान, रंगशाला तथा प्रशिक्षण केन्द्र निर्माणलाई योजनाबद्ध रूपमा अगाडि बढाइरहेको छ।'

# महिला, बालबालिका र ज्येष्ठ नागरिक सेवा केन्द्र भवनको उद्घाटन

वीरगञ्ज । जिल्ला प्रहरी कार्यालय पर्साको परिसरमा महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्र नवनिर्मित भवनको उद्घाटन गरिएको छ। यो भवनबाट लक्षित वर्गलाई सहज र सरल ढङ्गले सेवा प्रवाह गर्ने उद्देश्यले निर्माण गरिएको छ।

प्रहरी महानिरीक्षक दानबहादुर कार्कीले बुधबार एक कार्यक्रमबीच नवनिर्मित भवनको उद्घाटन गर्दै प्रहरीको क्षमता विकासमा पूर्वाधारको महत्त्वपूर्ण भूमिका रहने बताए। "महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रबाट लक्षित समूहलाई सेवा प्रवाह गर्नका लागि छुट्टै भवन हुनु निकै सह्रानीय विषय हो", उनले भन्नुभयो, "यसले सेवाग्राहीलाई सहज र छिटोछरितो सेवा लिन पनि सहयोगी हुने अपेक्षा राखेको छु।"

महानिरीक्षक कार्कीले नेपाल प्रहरीका अझै पनि एक हजार ३५६ वटा अस्थायी चौकीका



भवन अपर्याप्त रहेकाले पनि व्यवस्थित गर्न जरुरी रहेको बताए। "सर्वसाधारणले प्रहरीचौकी चाहियो भनेर निकै माग गर्नुहुन्छ। प्रहरीचौकी निर्माणका लागि सहयोगी हात भने अपेक्षित ढङ्गमा आउन सकिरहनुभएको छैन। जसले गर्दा अधिकांश चौकीमा आधारभूत सेवासुविधा प्रदान गर्न पनि समस्या भइरहेको छ", उनले भने।

पर्साका प्रमुख जिल्ला अधिकारी भोला दाहालले सेवाकेन्द्रले लक्षित वर्गलाई सहज र सरल ढङ्गले सेवा प्रवाह गर्नका लागि अनुरोध गरे। युनाइटेड नेशन्स अफिस फर प्रोजेक्ट सर्भिसअन्तर्गत यो भवन निर्माण गरिएको छ।

युनाइटेड नेशन्स अफिस फर प्रोजेक्ट सर्भिसका पूर्वाधार म्यानेजर शिशिर उपाध्यायले दुई करोड ४८ लाखको लागतमा भवन तयार पारेर जिल्ला प्रहरी कार्यालय पर्सालाई हस्तान्तरण गरेको बताए। "यो भवनबाट पक्कै पनि लक्षित समूहले सेवा प्राप्त गर्नका लागि सहज हुनेछ", उनले भने, "यो भवन, महिला, बालबालिका तथा ज्येष्ठ नागरिकमैत्री भवन भएकाले पनि सेवा प्रवाहमा सहज हुने आशा र अपेक्षा राखेका छौँ।"

भवन भने एक हजार ४०० वर्गफिट क्षेत्रफल रहेको छ। भवन निर्माणको काम भने रोयल कन्स्ट्रक्सन कैलालीले गरेको छ। युनाइटेड नेशन्स अफिस फर प्रोजेक्ट सर्भिस (युएनओपिएस) का अपरेसन कोर्डिनेटर इन्द्र न्यौपानेले युएनओपिएसले १५ जिल्लामा १५ वटा भवन निर्माण गरेको बताउनुभयो। अहिलेसम्म आठ वटा यस्ता भवनको उद्घाटन भइसकेको छ भने अन्य सात स्थानमा अन्तिम चरणमा पुगेको छ।

सो कार्यालयले कोशी प्रदेशमा तालिम सेन्टरसमेत निर्माण गरेको जनाएको छ। नेपाल प्रहरी मधेश प्रदेश प्रमुख गोविन्द थपलियाले यस्ता प्रकारका भवनले सेवाग्राहीलाई सहज सेवा प्राप्त गर्न सघाउ पुर्‍याउने बताए।

# पूर्ण महासमितिको बैठक बस्न देउवा पक्षको माग



**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसको शेरबहादुर देउवा पक्षले पूर्ण महासमितिको बैठक आयोजना गर्नु आवश्यक रहेको निष्कर्ष निकालेको छ।

काठमाण्डुमा बुधबार आयोजित सो पक्षको बागमती प्रदेशस्तरीय भेलाले पार्टीको बृहत एकता, संगठनात्मक पुनर्जागरण, विधान संशोधन,आन्तरिक लोकतन्त्र र आगामी राजनीतिक दिशाका विषयमा गम्भीर छलफल गर्न शीघ्र पूर्ण महासमितिको बैठक आयोजना गर्नु आवश्यक रहेको निष्कर्ष निकालेको कांग्रेस नेता डा प्रकाशशरण महतले जानकारी दिए।

१५औं महाधिवेशनलाई पारदर्शी निष्पक्ष, स्वतन्त्र र सर्वस्वीकार्य रूपमा सम्पन्न गर्न सबै पक्षको सम्मानजनक सहभागिता सुनिश्चित गर्न सहमतिको साझा संयन्त्र निर्माण गर्नुपर्ने उहाले बताए। राष्ट्रिय सभामा दलको नेता परिवर्तन गरिएको विषयमा उठेका प्रश्नहरूलाई ध्यानमा राख्दै उक्त निर्णयको कारण, प्रक्रिया र औचित्य पारदर्शी रूपमा स्पष्ट गर्न समेत सो समूहले पार्टी नेतृत्वको ध्यानाकर्षण गराएको छ भने प्रतिशोधको भावनाबाट प्रेरित देखिने निर्णयहरूले बृहत एकता, आपसी विश्वास र सहकार्यमा समस्या सिर्जना गर्न सक्ने भएकाले त्यस्ता प्रवृत्तिबाट बच्न समेत नेतृत्वको ध्यानाकर्षण गराइएको नेता महतले बताए। त्यसैगरि भेलाले पार्टीका भ्रातृ तथा शुभेच्छुक संस्थाहरूलाई तदर्थवादमा अल्झाउने र कार्यसमितिहरू विघटन गर्ने प्रवृत्ति अन्त्य गरी नियमित महाधिवेशनमार्फत लोकतान्त्रिक प्रक्रियाबाट वैधानिक नेतृत्व चयन गर्न समेत माग गरेको छ। त्यस्तै निर्वाचनको पराजयको कारण निर्वाचनको मुखमा पार्टीको विशेष महाधिवेशन गरी विभाजित मनस्थिति सिर्जना हुनु प्रमुख कारण भएको समेत भेलाले निष्कर्ष निकालेको नेता महतले बताए।

# महिलाको शव सडेगलेको अवस्थामा फेला शव



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको तिलाठीकोइलाडीगाउँपालिका-५ मा पर्ने वनरझुला गाउँकी एक महिला मृत अवस्थामा फेला परेपछि स्थानीयमा सनसनी फैलिएको छ। स्थानीय छोटु भनिने वीरेन्द्र रायकी पत्नी अनितादेवी राय बुधबार सोही क्षेत्रको 'नौ किलोमिटर' भन्ने स्थान नजिक कोशी नदी किनारमा मृत भेटिएकी छन्। सप्तरी प्रहरीले शव सडेगलेको अवस्थामा फेला परेको जनाएको छ।

जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रवक्ता डीएसपी डम्बरबहादुर पुरीका अनुसार शवको हातखुट्टा बाँधिएको अवस्थामा फेला परेको थियो।

प्रारम्भिक अनुसन्धानका आधारमा ढुंगा प्रहार गरी हत्या गरिएको हुनसक्ने आशंका गरिएको सप्तरी प्रहरीले जनाएको छ।

अनिता गत बुधबार रातिदेखि सम्पर्कविहीन भएकी थिइन्। सो रात गाउँमा छिमेकीको विवाह समारोह भइरहेका कारण अधिकांश स्थानीय जन्तीमा व्यस्त रहेका थिए। परिवारका अनुसार अनिता घरमै एक्लै थिइन्।

उनी हराएको रात घरको आँगनमा रगतसमेत देखिएको प्रहरीले जनाएको छ। घटनापछि प्रहरीले अनुसन्धान तीव्र बनाएको छ।

मृतकका पति वीरेन्द्र राय वैदेशिक रोजगारीका लागि विदेशमा रहेका छन्। अनिताका दुई छोरीमध्ये जेठी छोरीको विवाह भइसकेको छ भने कान्छी छोरी १३ वर्षकी रहेको बताइएको छ।

सो घटनाबारे थप अनुसन्धान भइरहेको र तथ्यहरु अझै पनि खुल्न बाँकी रहेको सप्तरी प्रहरीले जनाएको छ।

# मधेशमा एचआईभी संक्रमणको अवस्था चिन्ताजनक


**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशले वर्षौंदेखि एचआईभी एड्स विरुद्धको अभियान चलाउँदै आएको छ। एचआईभी एड्सको उपचार र जनचेतनाका अनेक प्रयास गर्दै आको मधेश प्रदेश सरकारले दाबी गर्दै आएको छ।

तर एचआईभी एड्सको अवस्था भने मधेश प्रदेशमा चिन्ताजनक रहेको एक तथ्यांकले पुष्टि गरेको छ।

मधेश प्रदेशको ग्रामिण भेगदेखि सहरसम्म संक्रमणको जोखिम कायम रहँदा हजारौं नागरिक नियमित औषधिको भरमा जीवन धानिरहेका छन्। मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका अनुसार आर्थिक वर्ष २०८१/०८२ मा मात्रै प्रदेशभर ४ हजार ६ सय ८० जना संक्रमित एन्टिरेट्रोभाइरल थेरापी (एआरटी) उपचारमा रहेका छन्। एचआईभी एड्सको उपचारको पहुँच विस्तार भए पनि संक्रमण नियन्त्रणको चुनौती भने अझै टरेको छैन।

मधेश प्रदेश स्वास्थ्य निर्देशनालयका




एचआईभी एड्स तथा कुष्ठरोगका फोकलपर्सन राजवीर यादव परीक्षणको दायरा बढे पनि सामाजिक विभेद र लाञ्छनाका कारण धेरै संक्रमित अझै स्वास्थ्य सेवाको पहुँचबाहिर रहेको बताए।

उनले मधेश प्रदेशमा सबैभन्दा बढी संक्रमित पर्सा जिल्लामा रहेका छन्। पर्सामा मात्रै १ हजार ५ सय ४ जना संक्रमित उपचारमा रहेको उनको भनाइ छ।

मधेश प्रदेशको धनुषामा ८ सय ८६, सर्लाही मा ५ सय ५८, सिराहामा ४ सय ५७, रौतहट मा ४ सय २२, महोत्तरी मा ३ सय ७१, बारा मा २ सय ८८ तथा सप्तरी मा १ सय ९४ जना एचआईभी एड्स संक्रमित रहेका छन्। आर्थिक वर्ष २०८१/०८२ को तथ्यांकअनुसार मधेश प्रदेशभरि चार हजार ६ सय ८० जना संक्रमित फेला परेको छ।

उनले जनाए अनुसार आर्थिक वर्ष २०७६/०७७ मा मधेश प्रदेशभर १४ हजार ६ सय २ जनाको एचआईभी परीक्षण गरिएको थियो। यो संख्या बढेर आर्थिक वर्ष २०८१/०८२ मा ७६ हजार ७ सय ९२ पुगेको छ।

तथ्यांक अनुसार आर्थिक वर्ष २०७६/०७७ मा ४ सय संक्रमित फेला परेका थिए, भने २०७७/०७८ मा ४ सय ७५, २०७८/०७९ मा ६ सय ७५, २०७९/०८० मा ६ सय ६, २०८०/०८१ मा ५ सय १० र २०८१/०८२ मा ४ सय ७९ जनामा संक्रमण पुष्टि भएको छ।

मधेश प्रदेशमा खुला सीमा, वैदेशिक रोजगारी, असुरक्षित यौन सम्पर्क, सुईमार्फत् लागुऔषध प्रयोग तथा यौनजन्य रोग संक्रमण फैलिने प्रमुख कारणका रूपमा रहेको उनको भनाइ छ।

प्रदेश स्वास्थ्य निर्देशनालयले जनाए अनुसार मधेश प्रदेशमा १० सरकारी र १ गैरसरकारी एआरटी केन्द्र सञ्चालनमा छन्। यस्तै एचआईभी परीक्षण तथा परामर्श सेवा, भाइरल लोड परीक्षण, प्रारम्भिक शिशु परीक्षण लगायत सेवा पनि आठवटै जिल्लामा उपलब्ध छन्।

चालु आर्थिक वर्षमा १६ जना गर्भवती महिलामा एचआईभी संक्रमण पुष्टि भएको निर्देशनालयले जनाएको छ। स्वास्थ्यकर्मीहरूका अनुसार समयमै परीक्षण र उपचार नगरे आमाबाट बच्चामा संक्रमण सर्ने जोखिम उच्च हुन्छ।

त्यस्तै मधेश प्रदेशमा १८ वर्षमुनिका १ सय ७५ बालबालिका एचआईभी संक्रमित रहेको तथ्यांक सार्वजनिक गरिएको छ। तीमध्ये ४७ जना एकल अभिभावकविहीन र २० जना पूर्ण अनाथ रहेका छन्।

संक्रमित बालबालिकालाई शिक्षा, स्वास्थ्य तथा पोषणका लागि मासिक १ हजार नगद सहायता रकम उपलब्ध हुने गरेको छ। स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिव डा. प्रमोदकुमार यादवले न्यून स्रोत साधनका बाबजुत पनि प्रदेश सरकारका निकायहरुले गरि हरहेको नियन्त्रणको प्रयास सह्रानीय रहेको बताए।

खुल्ला सीमा, वैदेशिक रोजगारी, असुरक्षित यौन सम्पर्क र लुकेर सञ्चालन हुने यौन व्यवसायका कारण संक्रमण नियन्त्रण चुनौतीपूर्ण बन्दै गएको देखिन्छ।

महिला हिंसा

हिंसा होइन, अधिकार,
मायाले बनाउछ संसार।
हात नउठाउ साथ देऊ,
प्रेमको सन्देशको
फैलाऊ।

आमसंचार प्राधिकरण
मधेश प्रदेश, जनकपुरधाम

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८